सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१० मंसिर २०८२, बुधबार (26 Nov 2025, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २१६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

भ्रष्टाचारबाट आर्जित खुमबहादुरको जग्गा जोगाउने अघिल्लो सरकारको निर्णय

गलत नजिरले भ्रष्टाचारका सयौँ घरजग्गा जोगिने



काग्रेसका दिवंगत नेता खुमबहादुर खड्काले भ्रष्टाचारबाट आर्जित सम्पत्तिले खरिद गरेको ललितपुर सानेपास्थित डेढ रोपनीभन्दा धेरै जग्गा र त्यसमा बनेको घर

खुमबहादुरको जग्गा जोगाउनकै लागि ओली सरकारले अध्यादेशमार्फत कसुरजन्य सम्पत्ति व्यवस्थापन ऐन संशोधन मात्रै गरेन, रमेश लेखक नेतृत्वको गृह मन्त्रालयले मुद्दा दायर हुँदाको २० वर्षअघिको सरकारी मूल्यबराबरको पैसा लिएर खुमबहादुरको सानेपास्थित जग्गा फिर्ता दिने निर्णय नै गऱ्यो। यही निर्णयलाई 'नजिर'का रूपमा प्रस्तुत गर्दै अन्य कसुरदार पनि अदालत जान थालेका छन्।

खुमबहादुरको जग्गा व्यवसायमा नलगाएको र त्यसबाट सम्पत्ति नबढेको भन्दै २० लाख ९२ हजारमै जग्गा फुकुवा गर्ने प्रयास भयो। जबकि सानेपाको सो जग्गाको बजारमूल्य अहिले करिब १० करोड छ।

'भ्रष्टाचारको जग्गा फुकुवा नगर्दा रजिस्टारमाथि कारबाही'

नवराज मैनाली/नयाँ पत्रिका

दिवंगत काग्रेस नेता खुमबहादुर खड्काले भ्रष्टाचारबाट आर्जन गरेको जग्गा अदालतको आदेशबमोजिम जफत गर्नुको साटो सरकारले जोगाउने निर्णय गरेपछि जफतको फैसला भएका अन्य धेरै घरजग्गा पनि गुम्ने जोखिम बढेको छ। दुई दशकअघिको मूल्यबराबर पैसा लिएर जग्गाधनीलाई नै दिने निर्णय गर्दै अघिल्लो सरकारले गलत नजिर स्थापित गरेको छ। यसलाई नै आधार बनाएर अन्य कसुरदार पनि अदालत जान थालेका छन्।

केपी ओली सरकारको समयमा गृह मन्त्रालयले मुद्दा दायर हुँदाको २० वर्षअघिको सरकारी मूल्यबराबरको पैसा लिएर खुमबहादुरको सानेपास्थित जग्गा फिर्ता दिने निर्णय गरेको थियो। जसका कारण कसुरजन्य सम्पत्ति व्यवस्थापनमा गलत नजिर बनेको छ। खुमबहादुरकै जग्गा जोगाउनकै लागि अघिल्लो सरकारले अध्यादेशमार्फत कसुरजन्य सम्पत्ति व्यवस्थापन ऐन नै संशोधनसमेत गरेको थियो।

गृहको निर्णयलाई विशेष अदालतले कार्यान्वयन गर्न मानेको छैन। सर्वोच्च अदालतले खड्काको जग्गाबाट बढे-बढाएको सम्पत्तिसमेत जफत गर्न भनेकोमा गृह मन्त्रालयले तत्कालीन मूल्य मात्र लिएर जग्गा फुकुवा गर्ने निर्णय गरेको थियो। विशेष अदालतका तत्कालीन रजिस्टार जितेन्द्रबाबु थपलियाले कार्यान्वयन गर्न नमिल्ने निर्णय गरेपछि

» पृष्ठ २ मा क्रमशः

■ फैसला कार्यान्वयन लम्ब्याउँदै, भाडा उठाउँदै

पूर्वउपसचिव मुरारीबहादुर कार्कीको सिनामंगलस्थित १० आना तीन पैसा जग्गा र त्यसमा बनेको घर जफतको फैसला १२ वर्षअघि नै भएको थियो। गत ५ चैतमा गृह मन्त्रालयले उनको घरजग्गा जफतको निर्णय गरी लगतकट्टाको प्रक्रिया अघि बढाएको थियो। त्यसविरुद्ध उनी अदालत गएकोमा अदालतले लगतकट्टाको प्रक्रिया रोकेको छ।

सरकारले गत माघमा संशोधन गरेको कसुरजन्य सम्पत्ति व्यवस्थापन ऐनको प्रावधानअनुसार सो जग्गा आफैंले खरिद गर्न पाउनुपर्ने भन्दै उनले दिएको निवेदनअनुसार जफत रोकिएको हो। खुमबहादुरकै जग्गा जोगाउनका लागि सरकारले अध्यादेशबाट ऐन संशोधन गरेको थियो।

ऐनको सोही संशोधित प्रावधानलाई आधार बनाएर कार्कीले दायर गरेको निषेधाज्ञाको निवेदनमा अन्तरिम आदेश भएको हो। जफत गर्नुपर्ने सो घर विद्यालयलाई भाडामा दिएर कार्कीले आम्दानी गर्दै आएका छन्। जबकि २ असार ०६९ मा सर्वोच्चले उनको घरजग्गा जफतको फैसला गरेको थियो। सरकारको हुने सो घरजग्गा १३ वर्षदेखि भाडामा लगाएर उनले लाखौँ आम्दानी गरिसकेका छन्।

त्यस्तै, जल उत्पन्न प्रकोप नियन्त्रण विभागका पूर्वमहानिर्देशक स्वर्गीय आमोदानन्द मिश्रको पनि लाजिम्पाटस्थित आठ आना दुई पैसा जग्गा र त्यसमा बनेको घर जफत गर्ने फैसला भएको थियो। तर, मिश्रका छोरा अजित मिश्रले सरकारी मूल्यांकनअनुसारको पैसा आफूले अदालतको खातामा जम्मा गरिसकेको भन्दै न्यून मूल्यमा सो घरजग्गा आफैं राख्ने प्रयास गरिरहेका छन्। जबकि ०७० मा आएको कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐनअनुसार कसुरजन्य सम्पत्ति सरकारले आफ्नो नाममा ल्याउने वा लिलाम गरेर बिक्री गर्नुपर्ने हुन्छ। त्यसअघि मात्र सरकारी मूल्यांकनअनुसार कसुरदारले खरिद गर्ने सुविधा थियो। जफत हुने फैसला भएको सो घर पनि भाडामा लगाइएको छ।

दैनिक ६० महिला हिंसाको सिकार

पछिल्ला पाँच वर्षमा एक लाख तीन हजार महिला हिंसाका घटना भएका छन्, ११५१ महिलाको त हत्या नै भएको छ, हरेक वर्ष १६ दिन चल्ने लैंगिक हिंसाविरुद्धको अभियानका लागि अपराधको यो ग्राफ मुख्य प्रश्न हो

महिला आयोगकी अध्यक्ष कमला पराजुली भन्छिन्-

अहिले सहनुहुन्न भन्ने चेतना बढेको छ



तथ्यांकले महिला हिंसाका घटना बढेको देखाउँछ। यसले महिलामा चेतना बढेको पनि संकेत गर्छ। पहिला हिंसालाई सामान्य मान्ने चलन थियो। तर, अहिले सहनुहुन्न भन्ने चेतना बढेको छ। जसले घटना दर्ता गर्ने दर बढाएको छ। प्रहरीप्रति विश्वास बढेर पनि उजुरी गर्ने क्रम बढेको मान्न सकिन्छ।

टेकराज थामी/नयाँ पत्रिका

विगतका २५ नोभेम्बरझैं मंगलबार बिहान पनि देशभर लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु गर्ने तयारी चल्दै थियो। यतिबेलै एक युवतीको हत्या गरेर घरभित्रै गाडेको अवस्थामा शव भेटिएको अप्रिय खबर रौतहटबाट आयो।

वृन्दावन नगरपालिका- ९, मुसाहकी २५ वर्षीया तरिमा खातुन करिब एक सातादेखि बेपत्ता थिइन्। खोजीका लागि उनको माइती पक्षले प्रहरीमा उजुरी दिएको थियो। अनुसन्धानका क्रममा प्रहरी मंगलबार बिहानै उनको घरमा पुग्यो। घर सुनसान थियो। खानतलास गर्दा कोठाको भित्तामा रगतको छिटा देखेपछि प्रहरीले अनुसन्धानलाई थप कसिलो बनायो। प्रहरी अर्को कोठामा छिर्दा भुइँ भिजेकोजस्तो फेला पाऱ्यो। माथिपट्टि फिँजाएर राखिएको धानको भुस हटाएर भुइँ खोतल्यो। करिब चार फिट गहिरो खाल्डो खनेर तरिमाको शव गाडिएको भेटियो। उनको टाउकोमा धारिलो हतियार प्रहार भएको र दाहिने खुट्टामा गहिरो चोट रहेको प्रहरीले बतायो।


'परिवारकै सदस्यबाट हत्या भएजस्तो देखिन्छ, हत्यामा धारिलो हतियार प्रयोग भएको छ,'

» पृष्ठ २ मा क्रमशः

लैंगिक हिंसाविरुद्ध १६ दिने अभियान सुरु



महिलाविरुद्ध कुन वर्ष कति अपराध ?



■ पछिल्ला पाँच वर्षमा महिलाविरुद्ध भएका अपराधको तथ्यांक

	०८१/८२	०८०/८१	०७९/८०	०७८/७९	०७७/७८
जबर्जस्ती करणी	२२५३	२५०७	२३८७	२३८०	२५३२
जबर्जस्ती करणी उद्योग	४५९	४६०	५१८	६५५	७३६
अप्राकृतिक मैथुन	२१	१९	३५	३१	३६
बालयौन दुरुपयोग	३५५	३६३	३४३	३१४	२८१
अपहरण गरी जबर्जस्ती करणी	५३	५४	५९	७२	६७
मानव बेचविखन गरी जबर्जस्ती करणी	१४	६३	१०	२३	१०
सार्वजनिक स्थलमा हुने यौनजन्य दुर्व्यवहार	२३	१९	-	-	-
मानव बेचविखन तथा ओसारपसार	१५१	१६६	१५७	-	-
जबर्जस्ती करणी गरी कर्तव्य ज्यान	४	५	५	९	४
दाइजोका कारण कर्तव्य ज्यान	२	१	-	-	-
घरेलु हिंसाबाट कर्तव्य ज्यान	३८	८०	-	-	-
अवैध गर्भपतन	६	२४	३२	३७	२७
कुटपिट गरी गर्भ तुहाएको	१४	७	-	-	-
एसिड प्रहार	-	१	३	४	-
बहुविवाह	५६८	६५३	७२३	८०९	८५२
बालविवाह	६१	५२	५२	५२	८४
दाइजोका कारण हिंसा	१०	१०	-	-	-
बोक्सीको आरोप	२९	२३	४३	४९	६१
जातीय छुवाछुत	२९	२९	२७	१५	३९
ज्येष्ठ नागरिकविरुद्धको दुर्व्यवहार	४१	४६	-	-	-
बालबालिकाविरुद्धको कसुर	४०	-	-	-	-
घरेलु हिंसा उजुरी	१७४८२	१६४१६	१६५१९	१७०००	१४२३२
घरेलु हिंसा मुद्दा दर्ता	१४	-	-	-	-
साइबर अपराध	-	१	-	-	-
बालविवाह गरी बलात्कार	-	-	-	१	-

प्रहरी तथ्यांकअनुसार यो अवधिमा बलात्कारका १२ हजार ५९ घटना भएका छन्

आज कांग्रेस विशेष महाधिवेशन पक्षधरको भेला

मिति तोक्न केन्द्रीय समितिलाई अल्टिमेटम दिने, सर्वोच्चमा रिट दिनेदेखि निर्वाचन आयोगमा निवेदन दर्ता गराउनेसम्मका विकल्पमा छलफल हुने

पर्शुराम काफ्ले/नयाँ पत्रिका

काग्रेसमा विशेष महाधिवेशनका लागि ५४ प्रतिशत प्रतिनिधिको हस्ताक्षर बुझाएको समूहले बुधबार विशेष सभा आयोजना गर्दै छ। देशैभरिबाट आएका महाधिवेशन प्रतिनिधि र नेताहरूको सहभागितामा काठमाडौंको राष्ट्रिय सभागृहमा हुने सभाले विशेष महाधिवेशनको मिति तोक्न केन्द्रीय कार्यसमितिलाई 'अल्टिमेटम' दिनेछ। केन्द्रीय कार्यसमिति बैठक बिहीबार बस्दै छ।

'अब फागुन २१ को निर्वाचनभन्दा अघि पार्टीको नियमित महाधिवेशन हुने सम्भावना निकै कम छ। अब पार्टी विधानअनुसार विधिवत् रूपमा विशेष महाधिवेशनको मिति तोक्न निर्णायक रूपमा दबाब दिन विशेष सभा बोलाइएको हो,' विशेष महाधिवेशन पक्षधर अगुवा युवा नेता बलदेव तिमल्सिनाले नयाँ पत्रिकासँग भने, 'केन्द्रीय कार्यसमिति

» पृष्ठ २ मा क्रमशः



काग्रेसको केन्द्रीय कार्यसम्पादन समिति बैठकको फाइल तस्बिर

निष्क्रिय बने कोशीका संसदीय समिति



अर्थ र विधायनबाहेक अन्य पाँच समितिको बैठकसमेत बस्न सकेन, कर्मचारी र ठाउँको अभाव

(विस्तृत पृष्ठ ३)

स्वदेशी लगानीमै बनाउने गरी माथिल्लो अरुणको खाका तयार



भारतले सहमति नदिएपछि ऋण लगानी गर्न विश्व बैंकले दिएन चासो

उदयपुर सिमेन्ट आठ महिनापछि सञ्चालन



दैनिक पाँच सय मेट्रिकटन सिमेन्ट उत्पादन गर्ने तयारी

(विस्तृत पृष्ठ ६)

कर्नर किक


● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ एकै दिन एमालेको दोहोरो चाल

संसद् ब्युँताउन सर्वोच्चमा रिट, निर्वाचनमा जान आयोगमा दल दर्ता





विघटित संसदीय दलका प्रमुख सचेतक महेश बर्तौला र सचेतक सुनिता बरालले सर्वोच्च पुगेर संसद् पुनर्स्थापनाका लागि रिट दर्ता गराए





आयोगमा निर्वाचन विभाग प्रमुख नीरज आचार्य र केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले निर्वाचनका लागि दल दर्ता गराए

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेले संसद् पुनर्स्थापना र चुनाव दुवै एजेन्डामा समान रूपमा एकै दिन दुई कदम चालेको छ। सरकारको संवैधानिक हैसियतमाथि प्रश्न उठाउँदै चुनावमा जान आनाकानी गरेको एमाले संसद् पुनर्स्थापनाको रिट लिएर मंगलबार सर्वोच्च अदालत पुगेको छ भने यसै दिन आसन्न निर्वाचनका लागि निर्वाचन आयोग पुगेर दल दर्ता पनि गरेको छ।

पार्टी केन्द्रीय कमिटी, सचिवालय र संसदीय दलबाट पुनर्स्थापनाको निर्णय गरेर रिट दर्ता गरेको एमालेले कानुनी लडाइँ जारी राख्ने सन्देश दिएको छ। र, आयोगमा दल दर्ता गरेर परिस्थिति सहज हुँदा निर्वाचनमा जाने ढोका पनि खुला राखेको छ। दल दर्तालाई एमालेले संवैधानिक पार्टीको नियमित काममध्येको एक रहेको दलिल गरेको छ।

२१ फागुनको प्रतिनिधिसभा निर्वाचनका लागि दल दर्ता गर्ने अन्तिम समयभन्दा एक दिनअगाडि एमालेले यो प्रक्रिया पूरा गरेको छ। आयोगमा निर्वाचन विभाग प्रमुख नीरज आचार्य र केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले दल दर्ता गराएका थिए। आयोगले १० मंसिरसम्म दल दर्ता अद्यावधिक गर्ने समयसीमा दिएको छ।

उता, एउटै समयमा मंगलबार अपराह्नअगावै एमालेले सर्वोच्च अदालतमा पुनर्स्थापनाका लागि रिट पनि दर्ता गराएको छ। विघटित संसदीय दलका प्रमुख सचेतक महेश बर्तौला र सचेतक सुनिता बरालले रिट निवेदन दर्ता गराएका हुन्।

आयोगमा दल दर्ता अद्यावधिक गर्नुलाई असंवैधानिक सरकारलाई मान्यता दिएको अर्थमा नभएर जिम्मेवार लोकतान्त्रिक

» पृष्ठ २ मा क्रमशः

ओलीविरुद्ध उत्रिए पोखरेल

तेस्रो कार्यकालका लागि सर्वसम्मत अध्यक्ष बन्ने केपी ओलीको योजनालाई विद्याको समर्थनमा पोखरेलको चुनौती, अध्यक्ष छाडेर अभिभावकीय भूमिकामा रहन ओलीलाई आग्रह



नयाँ पत्रिका

पूर्वराष्ट्रपति विद्या भण्डारीको सदस्यता नवीकरण रोकेर तेस्रो कार्यकालका लागि सहज नेतृत्व कब्जा गर्ने एमाले अध्यक्ष केपी ओलीको योजनालाई वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले चुनौती दिने भएका छन्। भण्डारी पक्षधर नेताहरूको समर्थनमा पोखरेलले पार्टीको आसन्न एघारौँ महाधिवेशनका लागि अध्यक्ष पदमा उम्मेदवारी घोषणा गरेका छन्। पोखरेलले ओलीलाई अध्यक्ष छाडेर अभिभावकीय भूमिकामा रहनसमेत आग्रह गरेका छन्।

२७-२९ मंसिरमा काठमाडौंमा आयोजित महाधिवेशनका लागि देश तथा प्रवासमा प्रतिनिधि छनोटको निर्वाचन प्रक्रिया अघि बढेकै दिन मंगलबार पोखरेलले उम्मेदवारी घोषणा गरेका हुन्। अध्यक्षका लागि ओली तेस्रोपटक इच्छुक रहेका वेला नेतृत्व हस्तान्तरणको मागसहित पोखरेलले पूर्वराष्ट्रपति भण्डारीको सहयोगमा उम्मेदवारी घोषणा गरेका हुन्।

» पृष्ठ २ मा क्रमशः

चुनावमा भाग लिन मंगलबारसम्म ८० दलको निवेदन

दल दर्ताको निवेदन दिने आज अन्तिम दिन

काठमाडौं / प्रतिनिधिसभाको २१ फागुनमा हुने निर्वाचनमा भाग लिन मंगलबारसम्म ८० पार्टीले दल दर्ताका लागि निवेदन दिएका छन् । सोमबार एमालेसहित १६ दलले निवेदन दिएका छन् ।

आयोगले प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि १-१० मंसिरसम्म दल दर्ताका लागि निवेदन दिने समय तोकेको छ । तोकिएको समयको अघिल्लो दिनसम्म आयोगमा दर्ता भएका १३५ दलमध्ये ८० ले चुनावमा भाग लिन निवेदन दिएका हुन् । बाँकी ५५ दलले निर्वाचन प्रयोजनका लागि निवेदन दिएका छैनन् । यसैगरी नयाँ दर्ताको प्रक्रियामा रहेका २२ दलले बुधबारसम्म दर्ता प्रमाणपत्र पाए चुनाव प्रयोजनका लागि निवेदन दिन पाउनेछन् । आयोगका अनुसार ०७९ को निर्वाचनमा भाग लिन ८७ पार्टीले दल दर्ता गराएका थिए ।

> ०७९ को निर्वाचनमा भाग लिन ८७ पार्टीले दल दर्ता गराएका थिए

आयोगको कानुन तथा राजनीतिक महाशाखा प्रमुख सहसचिव यज्ञ भट्टराईले बुधबारसम्म निर्वाचन प्रयोजनका लागि दल दर्ताको समय भएको बताए । उनका अनुसार ११ देखि १८ मंसिरसम्म छानबिन गर्ने र २० गते दर्ता स्वीकृत गरेर निर्वाचन प्रयोजनका लागि दर्ता भएका दलहरूको नामावली प्रकाशन गर्ने कार्यक्रम छ ।

दलको संख्या १३४ पुग्यो, १८ नयाँ

निर्वाचन आयोगमा दर्ता हुने दलको संख्या १३४ पुगेको छ । जसमा जेन-जी आन्दोलनपछि मात्रै दर्ता हुने नयाँ दलको संख्या १८ पुगेको छ । महाशाखाका अनुसार अझै २२ नयाँ दल दर्ताको प्रक्रियामा छन् ।

Government of Nepal
Ministry of Home Affair's
Bagmati Province Police Training Centre
Dudhauli Sindhuli

Invitation for Online Bids

Date of Publication - 2082/08/10 (November 26th, 2025)

Bagmati Province Police Training Centre Dudhauli Sindhuli invites bids from registered, eligible and interested bidders for the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system https://www.bolpatra.gov.np/egp/

Contract Identification Number	Description of Works	Estimate Amount with VAT& PS
NCB/BPPTC/ 2082-083/01	Maintenance Works of Multipurpose Hall at Bagmati Province Police Training Center Dudhauli, Sindhuli.	2,191,889.27

Sindhu Bikash Bank Ltd.
सिन्धु विकास बैंक लि.
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजत पत्र प्राप्त संस्था
सधैं.......तपाईसँग

प्रधान कार्यालय- बाह्रबिसे, सिन्धुपाल्चोक, नेपाल ।
कर्पोरेट कार्यालय- बनेपा, काभ्रेपलाञ्चोक ।
फोन नं.: ०११-६६२३४०/४१/५१
Email: info@sindhubank.com.np

निक्षेप उपर हकदावी सम्बन्धि ३५ दिने सूचना

(प्रकाशित मिति २०८२/०८/१० गते नयाँ पत्रिका दैनिक)

तपसिलमा उल्लेखित यस विकास बैंकका खातावालाहरुको मृत्यु भएको हुँदा निजहरुको नाममा यस बैंकको निम्न शाखा कार्यालयहरुको खातामा रहेको निक्षेप रकम आफ्नो नाममा भुक्तानी पाउँ भनि मृतकका देहाय बमोजिमका हकवालाहरुले यस बैंकमा निवेदन दिनु भएको हुदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हक लाग्ने वा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम अग्र प्राथमिकतामा अन्य कसैको हकदावी भए यो सूचना प्रकासित भएको मितिले ३५(पैंतीस) दिन भित्र सबुत प्रमाण सहित देहाय बमोजिमका शाखा कार्यालयहरुमा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदावी गर्न नआएमा कानुन बमोजिम उक्त रकम निवेदकलाई भुक्तानी भई जाने छ । साथै, म्याद भित्र प्राप्त नभएको र रित नपुगेको निवेदन दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

तपसिल

क्र.सं.	मृतक खातावालको नाम	ठेगाना	खाता नं./ शाखा कार्यालय	मृत्यु भएको मिति	निवेदनको नाम र मृतकसँगको नाता
१.	**मृतक : दुर्गा भक्त श्रेष्ठ** बाबु : तुल्सी भक्त श्रेष्ठ श्रीमती : उर्वसी श्रेष्ठ न.प्र.प.नं. : ९२९	बाह्रबिसे-४, सिन्धुपाल्चोक	००१०१०७७SB बाह्रबिसे शाखा	२०८२/०२/२१	उर्वसी श्रेष्ठ श्रीमती
२.	**मृतक : इश्वरी अधिकारी पराजुली** बाबु : माधव प्रसाद अधिकारी श्रीमान : देवराज पराजुली न.प्र.प.नं. : ३३२६	भरतपुर-१२, चितवन	०२०००५४६SV विकासचोक शाखा	२०८२/०७/१६	देवराज पराजुली श्रीमान
३.	**मृतक : सानुकान्छि तामाङ** बाबु : चिङगा तामाङ श्रीमान : सोमर तामाङ न.प्र.प.नं. : २४३०६४/९२	महाँकाल-०५, सिन्धुपाल्चोक	००३०२३७३SV मेलम्ची शाखा	२०८२/०६/२७	सोमर तामाङ श्रीमान
४.	**मृतक : कृष्ण बहादुर कमर** बाबु : टेक बहादुर कमर बाजे : विर बहादुर कमर न.प्र.प.नं. : ४/२९९७	सुनखानी-०६, सिन्धुपाल्चोक	०२५००१८४JN ०२५०१९७९५५ ठोकर्पा शाखा	२०८१/१०/१०	सम्मर बहादुर कमर भाई

पाणिनि बचत तथा ऋण सहकारी संस्था लि.
काठमाडौं महानगरपालिका-२८, बागबजार, काठमाडौं, ०१-४३१६५३७


गोप्य शिलवन्दी बोलपत्रद्वारा धितो लिलाम गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

यस पाणिनि बचत तथा ऋण सहकारी संस्था लि.का तपसिसलमा उल्लेखित ऋणीले संस्थाबाट लिएको ऋणको भुक्तानी सम्वन्धी सम्झौता भए अनुसार तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई बस्नु भएकाले ऋण वापत तिर्न बुझाउनु पर्ने साँवा, व्याज तिर्ने सम्वन्धमा ऋणीलाई मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता र नयाँ पत्रिकामा मिति २०८२/६/२७ गते ऋण चुक्ता सम्वन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत संस्थाको बक्यौता रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले कर्जा लिदा संस्थामा दृष्टिबन्धक राखिएको तपसिल बमोजिमको धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्रि गरि संस्थाको लेना रकम असुल उपर गर्नुपर्ने भएकाले सम्बन्धित सरोकारवाला पक्षहरूको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ । संस्थाको तिर्न बुझाउन बाँकी रकम यस सूचना प्रकाशित मितिबाट ३५ औ दिनभित्र चुक्ता गरि संस्थामा रोक्का रहेको धितो फुकुवा गर्नुहोला अन्यथा ३६ औं दिनमा धितोको लिलाम प्रक्रिया (गोप्य सिलबन्दी) बाट लेना रकम असूलउपर गरिने र सोबाट पनि असुलउपर हुन नसकेमा ऋणी तथा एकाघरको अन्य जायजेथाबाट असुलउपर गर्न प्रचलित कानून बमोजिम प्रक्रिया अगाडी बढाईने व्यहोरा जानकारी गराउदछौं ।

- धितो लिलाम हुने मिति : २०८२/०९/१७ गते बिहीबार
- धितो लिलाम हुने स्थान : संस्थाको कार्यालय बागबजार, काठमाण्डौं
- धितो लिलाम हुने समय : दिउँसो १:००-३:०० बजेभित्र
- गोप्य सिलबन्दी फारम संस्थाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

धितो लिलाम(गोप्य सिलबन्दी) सम्बन्धी अन्य शर्तहरु :

१) तपसिलमा उल्लेखित धितो के कति रकममा सकार गर्न लिन चाहेको हो सो रकमको अंक तथा अक्षरमा स्पष्ट लेख्नुपर्नेछ ।
२) सिलबन्दी बोलपत्र खोल्ने निर्धारित मितिमा बोलपत्रदाता, निजको प्रतिनिधी र अन्य प्रतिनिधीको रोहवरमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
३) सिलबन्दी बोलपत्र पेश गर्ने व्यक्तिले बोलकबोल गरेको मूल्यको १०%(दश प्रतिशत)ले हुने धरौटी रकम यस संस्थामा जम्मा गरी सक्कल भौचर गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।
४) लिलाम सकार गरेको अचल सम्पत्तिको स्वामित्व हस्तान्तरण सम्वन्धी सम्पूर्ण खर्च तथा लाग्ने शुल्क तथा अन्य दै-दस्तुर उक्त लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
५) गोप्य सिलबन्दीमा कसैले पनि लिलाम सकार नगरेमा संस्था आफैले लिलाम सकार गर्नेछ र धितो लिलाम हुने दिन सार्वजनिक विदा परेमा भोलिपल्ट लिलाम हुनेछ ।
६) धितो लिलाम सम्बन्धी सम्पुर्ण अधिकार संस्थामा निहित रहनेछ ।
७) यस सम्वन्धी अन्य थप जानकारीको लागि बागबजार काठमाण्डौं स्थित यस संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

क्र.स.	ऋणीको नाम/थर, तिनपुस्ते	ऋणीको फोटो	धितो विवरण
१.	**नाम : युवराज पोखेल** बाबु : चन्द्रकान्त पोखेल बाजे : हुमकान्त पोखेल श्रीमति : कमला पोखेल ना.नं. ११३१७८६।१४५९, अर्घाखाँची स्थायी ठेगाना : अर्घाखाँची जि.पणेना-९ भई हाल काठमाण्डौं-१०, बानेश्वर		मालपोत कार्यालय, कलंकीमा दर्ता कायम रहेको काठमाण्डौं जिल्ला साविक दहचोक गाविस वडा नं. ३ नक्सा सिट नं.३क क्रमशः कित्ता नं. २११० र २११५ को क्रमशः क्षेत्रफल ०-२-१-२(७५.५१ब.मी) र ०-१-०-०(३१.७९ बमी)

दैनिक ६०...

पृष्ठ १ बाट क्रमशः

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी रविन कार्कीले भने । उनका अनुसार तरिमाका श्रीमान् शेख आदिल वैदेशिक रोजगारका लागि साउदी अरबमा छन् । घटनापछि ससुरा शेख अली मोहम्मदसहित परिवारका सबै सदस्य फरार छन् । तरिमाका डेढ वर्षीय छोरा पनि छन् । प्रहरी थप अनुसन्धानमा छ ।

तरिमा एक उदाहरण मात्रै हुन् । प्रहरी तथ्यांक केलाउँदा महिला हत्या र हिंसाका घटना कहालीलाग्दो छ । ०७७/७८ यता पाँच वर्षमा मात्रै एक लाख पाँच हजार ७९६ महिला हिंसाका घटना हुँदा एक हजार १५९ महिलाको हत्या भएको छ, जसमा १२८ बालिका मारिएका छन् । प्रहरी तथ्यांकअनुसार महिला हत्या कुल हत्याको ३७.७१ प्रतिशत छ । पाँच वर्षमा देशभर तीन हजार ७३ जनाको हत्या भएको थियो ।

पछिल्लो एक वर्षमै महिला हिंसा १२ प्रतिशतले बढेको छ । ०८०/८१ मा २१ हजार चार महिला हिंसाका घटना हुँदा ०८१/८२ मा २३ हजार ४६७ घटना भएका हुन् । यो १२ प्रतिशतले धेरै हो ।

महिला हत्याका घटना सबैभन्दा धेरै कोशी प्रदेशमा भएका छन् । पाँच वर्षमा कोशीमा २६४ महिलाको हत्या भएको छ । त्यस्तै, मधेशमा २२७, लुम्बिनीमा २०२, बागमतीमा ११२ (काठमाडौं उपत्यकाबाहेक), कर्णालीमा १०८, सुदूरपश्चिममा ८४, गण्डकीमा ८२ र उपत्यकामा ७२ जनाको हत्या भएको छ । प्रहरीले काठमाडौं उपत्यकाका घटनालाई बागमतीबाट अलग राखेर तथ्यांक राख्छ ।

नेपाल प्रहरीको केन्द्रीय प्रवक्ता डिआइजी अविनारायण काफ्ले महिला हत्याका घटना बर्सेनि बढ्ने गरेको र त्यसमध्ये पनि कोशी, मधेश र लुम्बिनीमा धेरै रहेको बताउँछन् । ती प्रदेशमा महिला हत्याका घटना बढ्नुमा सामाजिक, आर्थिक र प्रविधिजन्य कारण देखिएको उनी बताउँछन् । 'यी प्रदेशमा आर्थिक असमानता धेरै छन् । समाजमा मादक पदार्थ र लागुऔषध सेवानकर्ता धेरै छन् । यस्ता पदार्थले मानिसलाई उत्तेजित बनाउँछ र सामान्य विवाद पनि हत्यामा बदलिन्छ,' उनी भन्छन् ।

महिला आयोगकी अध्यक्ष कमला पराजुली पनि महिला हत्याका घटना मधेश क्षेत्रमा नै धेरै हुने गरेको र यसका पछि आर्थिक तथा सामाजिक कारण मुख्य रहेको बताउँछिन् । 'मधेश क्षेत्रमा महिला हिंसा मात्रै होइन, महिला हत्याका घटना पनि धेरै छन् । यसका पछाडि आर्थिक र सामाजिक कारण नै मुख्य देखिन्छ । मधेशमा सानै उमेरमा विवाह गर्ने चलन अहिले पनि छ । दाइजोका समस्या उत्तिकै छन् । जातीय विभेद यो क्षेत्रको अर्को समस्या हो । जसले समाजलाई जोड्नेभन्दा पनि भत्काउनेतर्फ प्रेरित गरिरहेको छ । जसको मारमा महिलाले ज्यान गुमाउनुपरेको छ,' उनले भनिन् ।

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभाग प्रमुख डा. पासाङ शेर्पा सामाजिक संरचना, त्यसअनुसारको मूल्य-मान्यता, दाइजो प्रथा, जातीय विभेदजस्ता कारण मधेश क्षेत्रमा महिला हिंसा र हत्याका घटना धेरै भएको बताउँछन् । 'मधेश क्षेत्रमा महिला हिंसा र हत्याका घटना धेरै भएको देखिन्छ । चाँडो विवाह गर्ने चलन, दाइजो प्रथा, जातीय विभेद, अन्तर्जातीय विवाहलगायतका कारण यस्तो भएको देखिन्छ,' उनले भने, 'मधेशको पारिवारिक तथा सामाजिक संरचनामा महिला र पुरुषबिच शक्तिको सन्तुलन सही देखिँदैन । महिलाहरू अझै पनि आर्थिक अधिकारबाट वञ्चित छन् । जातीय विभेदका घटना उत्तिकै धेरै छन् । मार्जिनलाइज्ड समूह पनि त्यही प्रदेशमा धेरै छन् । जसले समाजमा अनावश्यक द्वन्द्व सिर्जना गरिदिएको छ र मारमा महिला परिरहेका छन् ।'

पाँचवर्षे प्रहरी तथ्यांकको औसत हिसाब निकाल्दा दैनिक ५७ महिला हिंसाका घटना हुने गरेका छन् । पाँच वर्षमा एक लाख पाँच हजार ७९६ महिला हिंसाका घटना भएको प्रहरी तथ्यांक छ । यस्ता कैयौं घटना प्रहरीसम्म पुग्नै सकेका छैनन् । ०८०/८१ मा मुलुकभरका प्रहरी कार्यालयमा महिला हिंसाका २१ हजार चार घटना दर्ता भएका थिए । यो दर ११.७२ प्रतिशतले बढेर ०८१/८२ मा २३ हजार ४६७ पुग्यो । त्यस्तै, ०७९/८० मा २० हजार ९१३, ०७८/७९ मा २१ हजार ४५१ र ०७७/७८ मा १८ हजार ९६१ महिला हिंसाका घटना प्रहरी कार्यालयमा दर्ता भएका थिए ।

महिला हिंसाका घटना तथ्यांकमा बढ्नुमा प्रहरीप्रति सर्वसाधारणको विश्वास र सक्रियता पनि कारण रहेको प्रहरी दाबी छ । विगतमा यस्ता कैयौं घटना प्रहरीसम्म आउँदैनथे । 'तथ्यांक हेर्दा महिला हिंसाका घटना बढेको देखिन्छ । यो भनेको मुद्दा दर्ताको दर बढेको हो । मुद्दा दर्ता बढ्नु भनेको प्रहरीप्रति नागरिकको विश्वास बढ्नु हो,' प्रहरी प्रवक्ता डिआइजी काफ्ले भन्छन्, 'उजुरी बढ्नु भनेको नागरिकमा हिंसा भएपछि उजुरी गर्नुपर्छ भन्ने चेतना बढ्नु पनि हो ।'

महिला आयोगकी अध्यक्ष पराजुलीले पनि प्रहरीमा महिला हिंसाका मुद्दा धेरै दर्ता हुनु महिलामा चेतनास्तर बढेको संकेत भएको बताइन् । 'तथ्यांकले महिला हिंसाको घटना बढेको देखाउँछ । सँगै यसले महिलामा चेतना बढेको पनि संकेत गर्छ । पहिला हिंसालाई सामान्य मान्ने चलन थियो । तर, अहिले सहनुहुन्न भन्ने चेतना महिलामा बढेको छ । जसले घटना दर्ता गर्ने दर बढाएको छ,' उनले भनिन्, 'प्रहरीप्रति विश्वास बढेर पनि हिंसाका घटना दर्ता गर्ने क्रम बढेको मान्न सकिन्छ । हिंसाका घटना निरूपण गर्ने अधिकार स्थानीय तहलाई पनि छ, तर त्यहाँ घटना दर्तादर कम छ । प्रहरी कार्यालयमा भने ह्वात्तै बढेको छ । यो भनेको प्रहरीप्रति विश्वास बढेकै हो ।'

पाँच वर्षमा बलात्कारका १२ हजार घटना

प्रहरी तथ्यांकअनुसार पछिल्ला पाँच वर्षमा जबर्जस्ती करणीका १२ हजार ५९ घटना भएका छन् । कोशी प्रदेशमा सबैभन्दा धेरै दुई हजार ६९१ बलात्कारका घटना भए, जुन समग्र जबर्जस्ती करणीको २२.३१ प्रतिशत हो । त्यस्तै, यस अवधिमा लुम्बिनी प्रदेशमा जबर्जस्ती करणीका एक हजार ९७१ घटना भए । यो कुल घटनाको १६.३४ प्रतिशत हो । यसै अवधिमा मधेशमा एक हजार ५८६ (१३.१५ प्रतिशत), उपत्यकामा एक हजार ५६६ (१२.९८ प्रतिशत), बागमती प्रदेशमा एक हजार ३६६ (११.३२ प्रतिशत), सुदूरपश्चिममा एक हजार ३६ (८.५९ प्रतिशत), गण्डकीमा ९४५ (७.८३ प्रतिशत) र कर्णालीमा ८९८ (७.४४ प्रतिशत) जबर्जस्ती करणीका घटना भएको देखिन्छ ।

गलत नजिरले...

पृष्ठ १ बाट क्रमशः

कार्यान्वयन भने रोकिएको छ । गृह मन्त्रालयको निर्णयलाई आधार बनाएर गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका राजस्वका पूर्वउपसचिव मुरारीबहादुर कार्की पनि सर्वोच्च अदालत गएका छन् । सर्वोच्चले उनको सिनामंगलस्थित जग्गा र त्यसमा बनेको संरचना तत्काल जफत नगर्न अन्तरिम आदेश दिएको छ । गत १४ वैशाखमा सर्वोच्चका न्यायाधीश नित्यानन्द पाण्डेको इजलासले जग्गा जफत प्रक्रिया रोक्न अन्तरिम आदेश दिएको हो ।

त्यस्तै, पूर्वसहसचिव आमोदानन्द मिश्र पनि लाजिम्पाटस्थित घर जफतको फैसला कार्यान्वयन रोक्न माग गर्दै जिल्ला अदालत, काठमाडौं गएका थिए । न्यायाधीश ईश्वरीप्रसाद भण्डारीको इजलासले गत ९ जेठमा मिश्रको घर जफतको प्रक्रिया रोक्न आदेश गरेको छ । दुवै अन्तरिम आदेशविरुद्ध सरकार भ्याकेटमा गएको छ । सर्वोच्चको आदेशविरुद्ध गृह मन्त्रालय र जिल्लाको आदेशविरुद्ध कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग भ्याकेटमा गएका हुन् । दुवै भ्याकेटउपर सुनुवाइ भइनसकेको विभाग अधिकारी बताउँछन् ।

खुमबहादुरकै जग्गा जोगाउनका लागि अध्यादेशमार्फत कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन संशोधनको निर्णयले अहिले कसुरजन्य सम्पत्ति जफतमा व्यवधान आएको विभागका एक अधिकारी बताउँछन् । यो नजिर स्थापित भएमा जफतको प्रक्रियामा रहेका सयौं घरजग्गा गुम्ने जोखिम छ । अदालतको फैसलाअनुसार सयौं घरजग्गा जफत हुन बाँकी छन् ।

गत २१ जेठमा विशेष अदालतको प्रशासनले सर्वोच्चको फैसलाअनुसार बढे-बढाएको हालको मूल्यअनुसार मूल्यांकन गरेर त्यसअनुसार पैसा तिराएर मात्र जग्गा फुकुवा गर्न मिल्ने निर्णय गरेको थियो । त्यो निर्णयविरुद्ध खड्का परिवारले विशेष अदालतमा निवेदन दिएका छन् । जसमा सुनुवाइ भइसकेको छैन ।

यो मुद्दामा विशेष अदालतबाट फैसला आएपछि कार्यान्वयन गरिने कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागका महानिर्देशक सुमन घिमिरे बताउँछन् । 'खुमबहादुर खड्काको एउटा जग्गा सरकारको नाममा ल्याउने निर्णय भइसकेको छ, अर्को जग्गाको विषय विवादित बनेको छ । यो विषयमा विशेष अदालतलाई हामीले जवाफ पनि लेखिसकेका छौं, सर्वोच्चबाट फैसला आएअनुसार निर्णय प्रक्रियामा जान्छौं ।'

ऐन र फैसलाकै गलत व्याख्या

सरकारले गत माघमा अध्यादेशमार्फत खुमबहादुर खड्काको फैसला कार्यान्वयनलाई लक्षित गरी ऐन संशोधन गरेको थियो । संशोधनपछि सानेपाको एक रोपनी सात आना जग्गा २० लाख ९२ हजार रुपैयाँ बुझाएर फिर्ता दिने निर्णय गरिएको थियो । सो नजिरका कारण जफत गर्नुपर्ने घरजग्गा कसुरदारहरूले छानबिनको समयकै सरकारी मूल्य तिरेर लैजाने जोखिम बढेको हो । छानबिनको समयको मूल्य र अहिलेको मूल्यमा १०औं गुणाको फरक छ ।

कुनै जग्गाको कित्ता छुट्याउँदा भौतिक संरचनामा क्षति हुने भएमा मूल्य लिई जग्गा निजलाई छाडिदिन सक्ने प्रावधान राखेर ऐन संशोधन गरिएको थियो । त्यसलाई पनि गलत व्याख्या गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सम्पत्ति छानबिन गरेकै समयको सरकारी मूल्यांकनको मूल्यअनुसार पैसा लिएर खुमबहादुरको १७ आना जग्गा फुकुवा गर्ने निर्णय गृह मन्त्रालयले गरेको थियो । जुन निर्णय विवादमा परेको छ । सो निर्णय सर्वोच्च अदालतको फैसलाअनुसार नभएको भन्दै विशेष अदालतका तत्कालीन रजिस्टार जितेन्द्रबाबु थपलियाले गत २१ जेठमा फुकुवा गर्न अस्वीकार गर्दै नयाँ मूल्यांकनका लागि पत्र लेखेका थिए ।

खड्कालाई सहज हुने गरी तत्कालीन गृहमन्त्री रमेश लेखकले अध्यादेशमार्फत कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन संशोधन गरेको थियो । संशोधन गरिएको दफा १७ मा भनिएको छ, 'उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि जफत गरिएको जग्गाको क्षेत्रफल कम भएको कारण प्रचलित कानुनबमोजिम कित्ताकाट हुन सक्ने अवस्था नभएमा वा त्यस्तो जग्गा सार्वजनिक वा सरकारी प्रयोजनका लागि उपयोगमा ल्याउन सकिने अवस्था नभएमा वा समग्र कित्ता जग्गा जफत नभई जग्गाको केही भाग जफत हुने ठहरेकोमा त्यस्तो भाग छुट्याउँदा जग्गाधनीको अन्य भौतिक संरचनामा क्षति वा नोक्सान हुने भएमा वा निकासमा अवरोध हुने भएमा र त्यस्तो जग्गाको धनीले दफा (१८) बमोजिम कायम गरिएको मूल्य दिई त्यस्तो जग्गा लिन चाहेमा त्यस्तो मूल्य लिई जग्गा निजलाई छाडिदिन सक्नेछ ।' यसमा जग्गाको मूल्य लिएर भन्ने उल्लेख भए पनि त्यसको गलत व्याख्या गर्दै कसुरदारलाई फाइदा हुन सक्ने प्रावधान राखेर नीतिगत चलखेल भएको स्रोत बताउँछ ।

जबकि, मुद्दाको फैसलामा भने प्रस्ट रूपमा बढे-बढाएको सम्पत्तिसमेत जफत गर्न भनिएको छ । खुमबहादुरको जग्गा व्यवसायमा नलगाएको र त्यसबाट सम्पत्ति नबढेको भन्दै २० लाख ९२ हजारमै जग्गा फुकुवा गर्ने प्रयास भएको हो । हाल सो जग्गाको बजार मूल्य करिब १० करोड रहेको स्रोत बताउँछ ।

कसरी जफत गर्ने भन्ने विषयमा विवाद भएपछि सर्वोच्चमा समेत निवेदन परेको थियो । सर्वोच्चले पनि जग्गाको मूल्यांकन गरेर त्यसबराबरको पैसा लिएर जग्गाधनीलाई नै दिन भनेको थियो । तर, मूल्यांकनमा तत्कालीन सरकारले बदनियत राखेको थियो । सो जग्गा व्यापारमा लगाएको नदेखिएकाले सम्पत्ति बढे-नबढेको भन्दै जग्गाको बढेको मूल्यलाई नजरअन्दाज गरी प्रतिवेदन दिइएको थियो । सोही प्रतिवेदनलाई टेकेर नीतिगत चलखेल हुन लागेको स्रोत बताउँछ ।

भ्रष्टाचारको जग्गा फुकुवा नगर्दा रजिस्टारमाथि 'कारबाही'

खुमबहादुरको जग्गा फुकुवा गर्न नमान्दा विशेष अदालतका तत्कालीन रजिस्टार जितेन्द्रबाबु थपलिया न्यायाधीश नियुक्तिमा छुटेको स्रोत बताउँछ । न्यायसेवाका उनी वरिष्ठ सहसचिव भए पनि साउनमा भएको न्यायाधीश नियुक्तिमा उनलाई छुटाइयो ।

जग्गा फुकुवा गर्न नमानेका कारण पनि आफूलाई न्यायाधीश नबनाइएको हुन सक्ने थपलिया बताउँछन् । 'सर्वोच्च अदालतको फैसलाको अध्ययन गर्दा पुरानो मूल्यमा खुमबहादुर खड्काको जग्गा फुकुवा गर्दा म आफैं अख्तियारको कारबाहीमा पर्न सक्ने जोखिम देखियो । मैले सबैसँग सल्लाह गरेर नयाँ मूल्यांकन गरेर मात्र जफतको निर्णय गर्न भनेर पत्राचार गरेको थिएँ,' उनले भने, 'त्यही कारण पनि ममाथि न्यायाधीश नियुक्तिमा अन्याय भएको हुन सक्छ ।' न्यायाधीश नभएपछि थपलिया हालै न्याय सेवाको सचिवमा बढुवा भएका छन् ।

उता, खुमबहादुरकी श्रीमती शिला खड्काले रजिस्टारको निर्णय बदरको माग गरी विशेष अदालतमा निवेदन दिएका छिन् । जसमा सुनुवाइ हुन सकेको छैन ।

विशेषले बढे-बढाएको मूल्यका सम्बन्धमा यकिन नगरी जफतको निर्णय गरिएकोमा प्रश्न उठाएको थियो । विशेषको पत्रमा भनिएको छ, 'निज प्रतिवादीको उपरोक्त कित्ता नम्बर १०७ र १८६ को जग्गा क्षेत्रफल एक रोपनी सात आना एक पैसाको घरजग्गामध्ये २० लाख ५६ हजार ९८७ रुपैयाँ दुई पैसाबराबरको जग्गा यकिन गरी सोही जग्गाको फैसलाबमोजिम बढे-बढाएको मूल्यका सम्बन्धमा यकिन नगरी जग्गाबाट कुनै व्यापार-व्यवसाय नभएको भन्नेसमेतका आधारमा मात्र सोही मूल्यमा रोक्का फुकुवा गर्दा यी प्रतिवादीउपर सर्वोच्च अदालतको मिति २०६९/४/३० को आरोपपत्र दायर हुँदाको मितिको मूल्यांकनअनुसार २० लाख ५६ हजार ९८७ रुपैयाँ दुई पैसा मूल्यको उक्त जग्गाको के कति क्षेत्रफल हुने हो यकिन गरी सो क्षेत्रफल जग्गाको हालको मूल्यांकनअनुसार जे-जति मूल्य कायम हुन्छ सोको मूल्यांकन गरी हालको मूल्यका आधारमा मूल्यांकन भई उक्त रकम असुल भई आएपछि फुकुवाको कारबाही अघि बढाउन सकिन्छ ।'

राजनीतिक पहुँचका आधारमा विवाद नभएको सँगैको अर्को १६ आना जग्गा जफतसम्बन्धी फाइल पनि वर्षौंसम्म रोकिएकोमा हालै मात्र जफतको निर्णय भएको छ । तर, त्यो पनि खड्का परिवारले नै प्रयोग गर्दै आएको छ ।

आज कांग्रेस...

पृष्ठ १ बाट क्रमशः

बैठकबाट विशेष महाधिवेशनबारे निर्णय लिन हामीले दबाब दिन लागेका हौं । विधानतः हामीले माग गरेका छौं, विशेष महाधिवेशन नगरी उपाय नै छैन ।'

बुधबारको विशेष सभाले केन्द्रीय समितिलाई महाधिवेशनका लागि निर्णय गर्न दबाब पुग्ने उनीहरूको विश्वास छ । कांग्रेसका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशनको माग गर्दै २९ असोजमा केन्द्रीय कार्यालयमा हस्ताक्षरसहितको निवेदन दर्ता गरिसकेका छन् । कांग्रेसका महामन्त्रीद्वय पनि विशेष महाधिवेशनकै पक्षमा छन् । तर, उनीहरू बुधबारको भेलामा सहभागी हुने छैनन् ।

विशेष महाधिवेशन पक्षधर नेता गुरुराज घिमिरेको अगुवाइमा आयोजना भएको विशेष सभामा सम्बोधनका लागि नेताहरू महेश आचार्य, नरहरि आचार्य, तारानाथ रानाभाट, बलदेव शर्मा मजगैया, सुनील भण्डारीलगायतलाई बोलाइएको छ । उनीहरूले विश्लेषक कृष्ण खनाल, हरि शर्मा र अरुणकुमार सुवेदीलाई पनि सम्बोधनका लागि बोलाएका छन् ।

यसअघि मंगलबार विशेष महाधिवेशन पक्षधर नेताहरूले काठमाडौं उपत्यकाका नेताहरू, बागमती प्रदेशअन्तर्गतका जिल्ला एवं क्षेत्रीय सभापतिहरू, भ्रातृ तथा शुभेच्छुक संस्थाका नेताहरूसँग अलगअलग छलफल गरेका थिए ।

संसद् ब्युँताउन...

पृष्ठ १ बाट क्रमशः

पार्टीले देशको संविधान, कानुन र संवैधानिक आयोगको काम र निर्णयलाई मानेको अर्थमा मात्र बुझ्नुपर्ने एमाले नेताको तर्क छ । यसको अर्थ २१ फागुनको चुनावको पक्षमा उभिएको अर्थ नलाग्ने उसको जिकिर छ ।

'एमाले प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा छ र त्यसैका लागि दृढतापूर्वक लागिरहेको छ । तर, संविधान र कानुन मान्ने लोकतान्त्रिक पार्टी भएकाले निर्वाचन आयोगजस्तो स्वतन्त्र संवैधानिक आयोगले संविधान र कानुनअनुसार गरेको निर्णय मानेर दल दर्ता अद्यावधिक गराएका हौं,' दल दर्तापछि निर्वाचन विभाग प्रमुख आचार्यले भने, 'फागुन २१ मा चुनाव नभए पनि पछि कुनै न कुनै दिन चुनाव हुन सक्छ । संविधानअनुसार जुनसुकै सरकार आए-बने पनि भविष्यमा चुनाव त हुन्छ, त्यसैले दल दर्ता गरायौं ।'

रिट दर्तापछि विघटित संसदीय दलका प्रमुख सचेतक बर्तौलाले संयोगले दुवै काम एकै दिन परेको बताए । 'हामी देशको संविधान र कानुन मान्छौं । कानुनबमोजिम बनेका संवैधानिक आयोग मान्छौं । त्यसैले निर्वाचन आयोगको सूचनाबमोजिम उसले तोकेको समयसीमाभित्र दल अद्यावधिक गरेका हौं,' बर्तौलाले भने, 'संयोगले दुवै काम एकै दिन भए । तथापि निर्णयबमोजिम नै रिट निवेदन दिने र दल अद्यावधिकको काम गरेका हौं ।'

ओलीविरुद्ध...

पृष्ठ १ बाट क्रमशः

४ मंसिरमा बसेको केन्द्रीय सचिवालय बैठकलाई पोखरेलले पार्टीको नेतृत्व लिने गरी अध्यक्षमा उम्मेदवारी दिने बताएका थिए । त्यसको एक साता नबित्दै मंगलबार प्रेस वक्तव्यसँगै पोखरेलले भिडियो सन्देशसमेत जारी गरेर पार्टीपंक्तिलाई उम्मेदवारी घोषणाको औपचारिक जानकारी गराएका छन् ।

उम्मेदवारी घोषणाका क्रममा उनले वक्तव्यमार्फत स्वाभाविक दावेदारका रूपमा लामो पृष्ठभूमि केलाएका छन् । ०३२ देखि को-अर्डिनेसन केन्द्रमा आबद्ध पोखरेल पाँच दशकदेखि पार्टीको केन्द्रीय नेतृत्वमा छन् । दुई कार्यकाल महासचिव, एक कार्यकाल वरिष्ठ उपाध्यक्षको जिम्मेवारी सम्हालिसकेका पोखरेल पूर्वराष्ट्रपति भण्डारीको समर्थनपछि शक्तिशाली बनेका छन् ।

भण्डारीकै समर्थनमा उनले पदाधिकारीसहित केन्द्रीय कमिटीमा अलग्गै प्यानल उम्मेदवारी दिने योजनामा छन् । १३ मंसिरमा प्रतिनिधि छनोट सकिएपछि पुनः अध्यक्ष बन्ने योजनामा रहेका केपी ओलीलाई टक्कर दिने गरी बलियो टिम निर्माण गरेर अघि बढ्ने योजनामा भण्डारी समूह छ ।

पोखरेलले आफू सामूहिक नेतृत्व र सहकार्यमा पार्टी चलाउनुपर्छ भन्ने मान्यतमा रहेको प्रस्ट्याएर उनले तिनै विचारका आधारमा उम्मेदवारी घोषणा गरेको बताएका छन् । 'जीवनका उचारचढावमा इमान र निष्ठालाई कहिल्यै डगमगाउन दिएको छैन । यो नै मैले आर्जन गरेको नैतिक बल हो । शक्तिमा होइन, विधि, समन्वय, सामूहिकता र सहकार्यमा म विश्वास राख्छु,' उनले भनेका छन्, 'पार्टी निर्माणसम्बन्धी माथि उल्लेखित विचारको आधारमा ११औं राष्ट्रिय महाधिवेशनमा पार्टी अध्यक्ष पदको उम्मेदवारका रूपमा प्रस्तुत हुने निष्कर्षमा पुगेको छु । पार्टी पुनर्गठन र रूपान्तरणका लागि देशभरिका साथीहरूले गर्नुभएको आग्रह र सुझावलाई स्वीकार गरेर अध्यक्ष पदमा उम्मेदवारी घोषणा गरेको हुँ ।'

उम्मेदवारी घोषणासँगसँगै पोखरेलले आफैँले विगतमा अगाडि सारेको मान्यतामा उभिएर नेतृत्व हस्तान्तरणमा सकारात्मक भूमिका निभाएर अभिभावक बन्न अध्यक्ष ओलीको ध्यानाकर्षण गराएका छन् । 'पार्टीका कमरेडहरूको योग्यता, क्षमता र रुचिअनुसार जिम्मेवारी प्रदान गर्दै सामूहिक नेतृत्व र पहलमार्फत एमालेलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा विकास गर्न म प्रतिबद्ध छु,' उनले भनेका छन्, 'पार्टीको आन्तरिक लोकतन्त्रसम्बन्धी आफैँले अघि सारेका मान्यतालाई सम्मान गर्दै पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीले नेतृत्व हस्तान्तरणमा सकारात्मक भूमिका निर्वाह गर्नुहुनेछ भन्ने अपेक्षा लिएको छु । अभिभावकीय भूमिकामार्फत सहज निकासका लागि पार्टी अध्यक्ष कमेरडलाई अनुरोध गर्दछु ।'

महाधिवेशनको नेतृत्व छनोटमा ओली र भण्डारी समूहबिच प्रतिस्पर्धा निश्चित बनेकाले प्रतिनिधि छनोटमा देश तथा प्रवास सबैतिर चुनाव हुने प्रारम्भिक आकलन छ । यसैलाई मध्यनजर गर्दै पोखरेलले प्रतिनिधि छनोटमा विवेक प्रयोग गर्न पार्टी कार्यकर्तासँग अपिल गरेका छन् ।

एमालेमा ६ लाख ७० हजार संगठित सदस्य छन् । सर्वसम्मत नहुने जिल्लामा पार्टी सदस्यहरूले छनोटका लागि मतदाताका रूपमा भाग लिनेछन् । केन्द्रीय संगठन विभागले निर्वाचनमा सहजीकरण गर्न १७ जना केन्द्रीय नेता खटाएको छ भने सर्वसम्मति नभए मतदान गरेरै प्रतिनिधि छनोट गर्न जिल्लाहरूलाई सर्कुलर पठाइसकेको छ ।

महाधिवेशनमा अलग्गै दस्तावेज बनाउँदै पोखरेल

उनले २३ भदौको जेन-जी आन्दोलनपछिको परिस्थितिमा आएको फेरबदल र निष्कर्षलाई अपडेट गर्नुपर्ने आवश्यकता औंल्याउँदै एघारौं महाधिवेशनमा राजनीतिक तथा सांगठनिक विस्तारित दस्तावेज प्रस्तुत गर्ने पनि अपिलमा प्रस्ट्याएका छन् । 'हिजोका हाम्रा कतिपय निष्कर्षलाई नयाँ सन्दर्भमा अद्यावधिक गर्न आवश्यक छ । महाधिवेशनसमक्ष प्रस्तुत गर्ने राजनीतिक तथा सांगठानिक दृष्टिकोणको विस्तारित दस्तावेज निकट भविष्यमा सार्वजनिक गर्नेछु । सबैको साथ र सुझावको अपेक्षा गर्दछु,' उनले भनेका छन् । उनले पार्टीको मुख्य नेतृत्वमा दुई कार्यकालको प्रावधानलाई पार्टी विधानमा पुनर्स्थापित गरिनुपर्ने तथा नेतृत्व विकास र हस्तान्तरणको सहज प्रक्रियालाई कार्यान्वयन गरिनुपर्नेमा जोड दिएका छन् ।

पूर्वराष्ट्रपति भण्डारीलाई पार्टी काममा फर्काउने प्रतिबद्धता

उनले पूर्वराष्ट्रपति विद्या भण्डारीलाई पार्टी काममा फर्काउने प्रतिबद्धता पनि जनाएका छन् । 'चार दशकभन्दा लामो अवधि पार्टी निर्माणमा योगदान गर्नुभएकी पार्टीकी पूर्वउपाध्यक्ष विद्यादेवी भण्डारीले राष्ट्रपतिजस्तो गरिमामय राजकीय जिम्मेवारी सफलतापूर्वक सम्हालिसकेपछि आफ्नो अनुभव र ऊर्जा पार्टी काममा फर्किएर खर्चिने चाहना राख्नु खुसी र गौरवको विषय हो,' पोखरेलले भनेका छन्, 'उहाँलाई पार्टी सदस्य हुनबाट वञ्चित गरिँदा पार्टीलाई वैचारिक रूपले थप सशक्त, सांगठनिक ढंगले अझ एकताबद्ध र सुदृढ बनाउने कुरामा असर पर्छ । तसर्थ उहाँलाई पार्टी काममा फर्कने वातावरण निर्माण गरिनुपर्छ, गरिनेछ ।'

निष्क्रिय बने कोशीका संसदीय समिति

अर्थ र विधायनबाहेक अन्य पाँच समितिको बैठकसमेत बस्न सकेन, कर्मचारी र ठाउँको अभाव



सामाजिक विकास समिति सभापति **गयानन्द मण्डल** भन्छन्-

मैले व्यक्तिगत रूपमा संसद्मा आएर चासो राख्ने गरेको छु, बल्ल सचिवालय स्थापना भयो। अब बैठक बसेर आवश्यक परे निगरानी गर्न फिल्डमा पनि जान्छौं।

विराटनगरमा **गणेश लम्साल**

कोशी प्रदेश सभाका सातवटै संसदीय समिति गत २३ र २४ भदौको जेन-जी आन्दोलनपछि झनै निष्क्रिय बनेका छन्। सरकारी कामको निगरानी र अप्ठेरा फुकाउन छलफल एवं निर्देशन हुनुपर्नेमा अर्थ र विधायनबाहेक अन्य पाँच समितिको बैठकसमेत बस्न सकेको छैन। जेन-जी आन्दोलनमा गाडी र सचिवालय जलेकाले बस्ने ठाउँ नभएको, बजेट कटौती भएको र कर्मचारी नभएको भन्दै समिति सभापतिहरूले बैठक नै बोलाएका छैनन्।

संसदीय समितिको खाँचो र औचित्यबारे चौतर्फी आलोचना भएपछि २८ कात्तिकमा अर्थ समितिले एउटा बैठक भने गरेको छ। न्याय प्रशासन तथा विधायन समितिले एकपटक भर्चुअल बैठक गरे पनि कुनै निर्णय गर्न सकेन। अन्य पाँच समितिमा सार्वजनिक लेखा, सामाजिक विकास, सुशासन तथा योजना उद्योग, पर्यटन तथा वातावरण र प्राकृतिक स्रोत तथा पूर्वाधार छन्। कोशी प्रदेश सभाको दोस्रो कार्यकालमा एक वर्षपछि मात्रै २२ कात्तिक ०८० मा सात संसदीय समिति गठन भएका थिए।

अधिवक्ता कोषराज न्यौपानेले व्यावहारिक कानुन निर्माण, जनहितको पक्षमा नीतिगत हस्तक्षेप गर्नुपर्ने भए पनि संसदीय समिति सक्रिय नभएको बताए। 'समिति भनेका जनताका समस्या र आवाज संसद् र सरकारसम्म पुऱ्याएर समाधान गराउने पुल हुन्। कुनै बहाना बनाएर अप्ठेरो अवस्थामा चुपचाप बस्नुहुँदैन,' उनले भने। संसदीय समितिले जेन-जी आन्दोलनमा भएको भौतिक क्षति र पुनर्निर्माणको अवस्था पनि बुझ्न सकेको छैन। असोज र कात्तिकको बाढीपहिरोबाट कोशीमा धनजनको ठुलो क्षति भए पनि संसदीय समिति देखिएनन्। मोरङको लेटाङमा २१ असोजदेखि हराएकी १३ वर्षीया बालिका अंशु गौतमको शव क्षतविक्षत अवस्थामा भेटिएको घटनामा पनि संसदीय समितिले चासो दिएको छैन।

सामाजिक विकास समिति सभापति गयानन्द मण्डल जेन-जी आन्दोलनमा आफ्नो गाडी र सचिवालय जलेकाले बस्ने ठाउँसमेत नहुँदा बैठक बसेर निगरानी गर्न नसकेको बताए। 'मैले व्यक्तिगत रूपमा संसद्मा आएर चासो राख्ने गरेको छु, बल्ल सचिवालय स्थापना भयो। अब बैठक बसेर आवश्यक परे निगरानी गर्न फिल्डमा पनि जान्छौं,' उनले भने।

भौतिक निर्माण तथा प्राकृतिक स्रोत समितिका सभापति होमबहादुर थापाले जेन-जी आन्दोलन र बाढीपहिरोबाट भएको क्षतिको आफूहरूले अध्ययन प्रतिवेदन तयार गरेर पुनर्निर्माण अगाडि बढाउन सहयोग गरेको बताए। 'तर, राज्यको उपस्थिति नै नभएका वेला हामी कसरी फिल्डमा जान सक्थ्यौं ? अब सहज भएको छ, फिल्डमा पनि जान्छौं,' उनले भने। लेखा समिति सभापति राजन किराँती राजनीतिक व्यवस्था नै उथलपुथल भएका वेला बैठक बसेर निर्णय लिने अवस्था नरहेको बताउँछन्। 'देश नै अलमलमा छ, यस्तो वेला समिति मात्रै कसरी सक्रिय हुन सक्छ ? तपाईंहरूलाई मात्रै केको चासो,' उनले प्रतिप्रश्न गरे ।

संसदीय मञ्च कोशीका सल्लाहकार विवेक गौतमले जेन-जी आन्दोलनपछि प्रदेश संसदीय समितिले परिणाममुखी बैठक र निगरानीमा केन्द्रित हुनुपर्ने बताए। संसदीय पत्रकार मञ्च कोशी प्रदेशका अध्यक्ष कुमार लुइँटेलले ससदीय समिति बहाना बनाएर मौन बस्दा सरकारको निगरानी हुन नसकेको र पुनर्निर्माणको काम पनि पारदर्शी नभएको बताए।

■ कोशी प्रदेश सभाको अधिवेशन बोलाउने तयारी

तर, बैठक बस्ने संसद् भवन अझै ह्वांगै

कोशी प्रदेश सरकारले मंसिरको दोस्रो साता प्रदेश सभाको हिउँदे अधिवेशन बोलाउने प्रतिबद्धता सार्वजनिक गरिसकेको छ। तर, बैठक बस्ने संसद् भवनका संरचना भने अझै तयार भएका छैनन्। जेन-जी आन्दोलनमा प्रदेश सभाको सचिवालय र संसद् भवन जलेर पूर्ण रूपमा क्षति भएको थियो। त्यसपछि मोरङको कटहरी गाउँपालिका- १ जमटोकीस्थित कृषि थोक बजारपरिसरमा कोशी प्रदेश सभा सचिवालय सञ्चालनमा आए पनि बैठक बस्ने संसद् टहरा अझै खुला छ।

संघीय सरकारले निर्माण गरेर उद्घाटनपछि प्रदेश सरकारलाई हस्तान्तण गरेको कृषि थोक बजारपरिसरको प्रशासनिक भवनमा हाल कोशी प्रदेश सभाको सचिवालय स्थापना भएको छ। थोकबजारका लागि बनाइएका दुई टहरामध्ये मझौला टहरामा संसद् बैठक कक्ष र लामो ठुलो टहरामा सबै संसदीय दलका कार्यालय, सभा हल, समितिका कार्यालय, लाइब्रेरी र मिडिया सेन्टर बनाउने प्रदेश सभा सचिवालयको तयारी छ।

कृषिबजारमा प्रदेश सभा सचिवालय स्थानान्तरण भएर सभामुख, उपसभामुख, सचिव र कर्मचारीहरूको कार्यकक्ष मात्र स्थापना भएर कामसमेत थालिएको छ। तर, प्रदेश सभाको बैठक बस्ने टहरा र संसदीय दलका कार्यालयहरू अझै निर्माण भइसकेका छैनन्। सरकाले सुरक्षित घेराबारा गरी आन्तरिक सजावट गरेर उत्तरपट्टि रहेको मझौला टहरामा संसद् बैठक कक्ष र ठुलो टहरामा दल, संसदीय समितिका कार्यालय, मिडिया सेन्टर, सभाहललगायत निर्माण गर्नेछ।

कोशी प्रदेश सभा सचिव सुदर्शन खड्काले सरकारले मंसिर दोस्रो हप्ताभित्र हिउँदे अधिवेशन बोलाउन गरेको प्रतिबद्धतासहित सभाहल र दलका कार्यालय अझै तयार भइनसकेको बताए। उनका अनुसार कोशी सरकारको भौतिक निर्माण तथा पूर्वाधार विकास मन्त्रालयमार्फत संसद् कक्ष र दलका कार्यालय अन्य संरचना स्थापना गरिनेछन्। कोटेसनमार्फत काम गराउन सरकारले रोक लगाएकाले प्रदेश सभाले चाहेर पनि टहराहरू स्तरोन्नति गराउन पाउँदैन। 'भौतिक मन्त्रालयले टेन्डर प्रक्रिया सुरु गरिसकेको जानकारी पाएका छौं, मंसिर दोस्रो हप्तासम्म टहरा स्तरोन्नति नभए जस्तो अवस्थामा हुन्छ, त्यसैमा संसद् बैठक सञ्चालन गराउन सकिन्छ,' उनले भने।

मोरङको कटहरी गाउँपालिका- १ जमटोकीमा रहेको प्रदेश कृषि थोकबजार संघीय कृषि विकास मन्त्रालयको व्यावसायिक कृषि तथा व्यापार



आयोजना (प्याक्ट) अन्तर्गत १७ करोडको लागतमा निर्माण भएको थियो। ३ चैत ०७५ मा कृषि तथा पशुपक्षी मन्त्रालयले निर्माण गरेको थोकबजार संरक्षणसहित सञ्चालनका लागि प्रदेश सरकारलाई हस्तान्तरण गरिएको थियो। बिचौलियाका कारण सुविधासम्पन्न भए पनि प्रयोगविहीन रहेको कृषिबजारको कार्यालयलाई कटहरी गाउँपालिकाका केही कर्मचारीले डेराको रूपमा प्रयोग गर्दै आएका थिए। परिसरमा गाउँपालिकाले हटिया लगाउँदै आएको थियो। पाँच बिघा क्षेत्रफल रहेको बजार निर्माण गर्न तत्काल कटहरी गाउँपालिकाले संघीय सरकारसँग ५० वर्षको लिज सम्झौता गरेको थियो।



● भूपेन्द्र राई
भौतिक पूर्वाधारमन्त्री

टेन्डर भइसकेको छ, अब तोकिएकै समयमा धमाधम घेराबार लगाउने र आन्तरिक डेकोरेसन गर्ने काम हुन्छन्

भौतिक निर्माण तथा पूर्वाधार विकासमन्त्री भूपेन्द्र राईले सरकारले तयारीअनुसार मंसिर दोस्रो हप्ताभित्रै संसद् बैठक कक्ष र दलका कार्यालय तयार गर्न टेन्डर प्रक्रिया भइसकेको बताए। 'टेन्डर भइसकेको छ, अब तोकिएकै समयमा धमाधम टहरामा घेराबार लगाउने र आन्तरिक डेकोरेसन गर्ने काम हुन्छन्,' उनले भने।

सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिलामन्त्री रेवतीरमण भण्डारीले सरकारले मंसिर दोस्रो हप्ताभित्र प्रदेश सभाको आठौं तथा हिउँदे अधिवेशन सुरु गराउन प्रदेश प्रमुखमार्फत बोलाउने बताइसकेकाले भनेकै समयमा संसद् बैठक सुरु हुने बताए। 'यो वेला संसद्को अति नै खाँचो छ, यसैले घेराबारा र आन्तरिक सजावट सकिएन भने पनि जे-जस्तो अवस्था छ त्यस्तैमा अधिवेशनको बैठक सुरु हुनेछ,' उनले भने।

■ आठ वर्ष बितेपछि बल्ल ई-हाजिरी सुरु गर्ने तयारी

कोशी प्रदेश सभा स्थापना भएर सञ्चालनमा आएको आठ वर्षपछि बल्ल ई-हाजिरी प्रणाली जडान गर्ने तयारी थालेको छ। कृषि थोकबजारमा कोशी प्रदेश सभा सचिवालय स्थानान्तरण भएपछि ई-हाजिरी प्रणाली जडान गर्ने तयारी थालिएको हो। अन्य सबै प्रदेशको संसद्मा ई-हाजिरी लागू भइसके पनि कोशी प्रदेशमा सभामुख र दलहरूले चासो नदिँदा आठ वर्षसम्म अझै सांसदहरूको हाजिरी कागजको ढड्डामै हुँदै आएको छ।

सभामुख अम्बरबहादुर विष्टले कोशीबाहेक सबै प्रदेशमा ई-हाजिरी सिस्टम सुरु भइसकेकाले अब कोशी प्रदेश सभाले पनि सुरु गर्न लागेको बताए। 'हामीले टहरा स्तरोन्नति गर्दा ई-हाजिरी सिस्टम पनि जडान गर्न सरकारलाई आग्रह गरिसकेका छौं,' उनले भने। कोशी प्रदेश सभा सचिव सुदर्शन खड्काले संसद्का सबै गतिविधि पारदर्शी हुनुपर्ने भएकाले ई-हाजिरी प्रणाली आवश्यक भएको बताए।

पूर्वमन्त्री खड्काविरुद्ध अख्तियारमा अर्को उजुरी

जगदुल्ला आयोजनाको ठेक्कामा करोडौं कमिसन लिएको आरोप



नयाँ पत्रिका

पूर्वऊर्जामन्त्री दीपक खड्काविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा अर्को उजुरी परेको छ। 'अवैध चेक कारोबार र अनियमितता'मा संलग्न रहेकाले कारबाही गरिपाऊँ भनी उनीविरुद्ध जेन-जीको नाममा उजुरी परेको हो।

जगदुल्ला जलविद्युत् आयोजनाको ठेक्कामा करोडौं कमिसन लिएको आरोप उनीमाथि छ। चेकको फोटोसहित उजुरी परेको अख्तियार स्रोत बताउँछ। माउन्टेन इन्फ्रा कम्पनीले पाटिल इन्जिनियरिङलाई दिएको तीन करोडको चेकबाट यही ठेक्काको कमिसन बाँडफाँट भएको दाबीसहित उजुरी गरिएको छ। 'जगदुल्लामा त उनले आयोजना प्रमुख सञ्जय सापकोटालाई ठेकेदार कम्पनीका एजेन्टहरूसँग भेटघाट गराई मन्त्रालयमै बसेर कमिसनबापतको चेकको लेनदेन गराएका थिए,' उजुरीमा भनिएको छ, '१०६ मेगावाट क्षमताको डोल्पामा बन्ने जगदुल्ला हाइड्रोपावर कम्पनीको ठेक्कामा खड्काले अनुकूलको कम्पनीलाई ठेक्का दिलाउन मन्त्रालयमै बोलाएर अन्य कम्पनीहरूलाई चेक दिएका थिए।'

खड्काले हाई हिमालय हाइड्रोका मालिक किरण मल्लसँग बिचौलिया अरुण केसीमार्फत सिक्टा आयोजनाको कमिसन लिएकोसमेत दाबी गरिएको छ। मल्लसँग बयान लिएमा यो विषय प्रस्ट हुने उजुरीमा उल्लेख छ। मन्त्री हुँदा सिँचाइका कर्मचारीको सरुवामा घुस लिएको तथा नेपाल स्काउटको जग्गाको भाडा नतिरेको र अस्वाभाविक रूपमा अर्बौंको सम्पत्ति जम्मा गरेको भन्दै छानबिनको माग गरिएको छ।

यसअघि पनि खड्काविरुद्ध घुस लेनदेनसम्बन्धी विवादमा उजुरी परेको थियो। खड्कामाथि हाल सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले पनि छानबिन गरिरहेको छ।

संक्षेप

नेकपाले निर्वाचनका लागि दबाब सिर्जना गर्ने

काठमाडौं/ नेपाली कम्युनिस्ट पार्टीले देशव्यापी सन्देश सभामार्फत निर्वाचनका लागि दबाब सिर्जना गर्ने भएको छ। सबै प्रदेश, जिल्ला र पालिकामा सन्देश सभा आयोजना गरेर जनता र दललाई अपिल गर्ने तथा सरकारलाई उत्प्रेरित र दबाब दिने रणनीति नेकपाको छ। नेकपाले १२ मंसिरदेखि देशव्यापी सन्देश सभा आयोजना गर्दै छ। १२ मंसिरमा सुदूरपश्चिम, १३ मा लुम्बिनी, १४ मा गण्डकी, १५ मा कोशी, १७ मा उपत्यका, १८ मा कर्णाली, १९ मा संघीय सम्पर्क समन्वय, २० मा मधेश, २१ मा प्रवास र २२ मंसिरमा बागमती प्रदेशस्तरीय सन्देश सभा आयोजना गरिएको छ। २६ मंसिरमा सबै जिल्ला र २९ मंसिरमा सबै पालिकामा सन्देश सभाको तयारी छ। संयोजक पुष्पकमल दाहाल प्रचण्डले सन्देश सभामार्फत निर्वाचनको वातावरण बनाउन जनता र दललाई आग्रह तथा सरकारलाई उत्प्रेरणा र दबाब दिने बताए। विभिन्न संगठनबाट अखिल नेपाल ट्रेड युनियन महासंघमा प्रवेश गर्नेलाई मंगलबार पार्टी कार्यालय पेरिसडाँडामा सम्बोधन गर्दै उनले भने, 'पार्टी एकता सन्देश सभा १२ मंसिरदेखि धनगढीबाट सभा सुरु गर्दै छौं र विराटनगरसम्म पुग्दै छौं।'

पर्साबाट दुई क्विन्टल गाँजा बरामद



काठमाडौं/ सशस्त्र प्रहरीले दुई क्विन्टल गाँजा बरामद गरेको छ। विशेष सूचनाका आधारमा मंगलबार सशस्त्र प्रहरी बल नम्बर १३ गण हेडक्वार्टर पर्साबाट सहायक प्रहरी निरीक्षक दीपेन्द्रप्रकाश मल्लको कमान्डमा खटिएको टोलीले पर्साको बिन्ध्यवासिनी गाउँपालिका- ५ बटसौराबाट परालको कुन्युभित्र लुकाइछिपाइ राखेको २१३ किलो (२० वटा पोकामा प्याक गरिएको अवस्थामा) गाँजा बरामद गरेको हो। सशस्त्र प्रहरीले सीमावर्ती इलाकामा हुने चोरी तस्करी तथा लागुऔषध ओसारपसारमा कडा निगरानी राख्दै इन्टेलिजेन्स लेड अपरेसन सञ्चालन गर्दै आएको छ। लागुऔषध नियन्त्रण तथा निस्तेज कार्यलाई अभियानकै रूपमा सञ्चालन गर्ने निर्देशनअनुरूप पर्सामा प्रभावकारी रूपमा लागुऔषध नियन्त्रण कार्यलाई तीव्रता दिँदै आएको गणपति सहायक प्रहरी उपरीक्षक पुरनचन्द्र भट्टले बताए।

एक सातामै डेढ सय फरार प्रतिवादी पक्राउ

धनगढी/ प्रहरीले जिल्ला अदालत कैलालीबाट दोषी ठहर भई कैद तथा जरिवाना भएका १४९ जनालाई पक्राउ गरेको छ। प्रहरीले सञ्चालन गरेको 'सर्च तथा स्विप अपरेसन'अन्तर्गत एक साताको अवधिमा उनीहरूलाई पक्राउ गरिएको हो। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजकुमार सिंहका अनुसार १ देखि ७ मंसिरसम्मको अवधिमा जिल्लाका विभिन्न ठाउँबाट फरार प्रतिवादी पक्राउ गरिएको हो। जिल्ला प्रहरी कार्यालयको टोलीले ६८ जना र बाँकी ८१ जनालाई मातहतका अन्य सातवटा युनिटबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको उनले जानकारी दिए।

रास्वपाले ७६ जिल्लामा खटायो केन्द्रीय प्रतिनिधि

नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीले २१ फागुनमा तोकिएको प्रतिनिधिसभा निर्वाचनको तयारी गर्न ७६ जिल्लामा केन्द्रीय प्रतिनिधि खटाएको छ। महामन्त्री कवीन्द्र बुर्लाकोटीका अनुसार निर्वाचनकेन्द्रित संगठनात्मक गतिविधिका लागि पार्टी सचिवालयले केन्द्रीय नेताहरूलाई जिम्मेवारी तोकेको हो।

'पार्टीको जिल्ला संरचनामा भएका आन्तरिक समस्या बुझ्ने, त्यसलाई समाधान गर्न सहजीकरण गर्ने र संगठनलाई चुनावकेन्द्रित गराउन केन्द्रीय प्रतिनिधि परिचालन गरिएको हो,' सचिवालय सदस्य सोबिता गौतमले भनिन्, 'वडा, पालिका, जिल्ला र प्रदेशसँग समन्वयमा आन्तरिक मतभेद, अन्तर्विरोध वा समस्या सुल्झाएर चुनावका लागि एकताबद्ध वातावरण बनाउँछौं।'



झापाको जिम्मेवारी पाएकी गौतमले पहिलो चरणमा वडादेखि पार्टीका नेता-कार्यकर्तासँग छलफल थालेकी छिन्। वडा, पालिका र जिल्लाबाट आन्तरिक समस्या र अप्ठेरोहरू बुझेर समाधान निकाल्ने र जिल्लालाई एकताबद्ध बनाएर चुनावकेन्द्रित बनाउने उनको योजना छ। रास्वपाले पार्टीका केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य र विभिन्न केन्द्रीय विभागका पदाधिकारी तथा सदस्यलाई चुनावकेन्द्रित अभियानका लागि जिल्लामा खटाएको हो। यसअघि रास्वपाले २१ फागुनको निर्वाचनका लागि २२ कात्तिकमा समानुपातिक निर्वाचन प्रणालीतर्फ उम्मेदवारी आह्वान गरेको थियो। उम्मेदवारीको आवेदन दिन २५ मंसिरसम्मको समय तोकेको छ। महामन्त्री कवीन्द्र बुर्लाकोटीले पार्टी पूर्ण रूपमा चुनावमा होमिएको बताए।

को कहाँ खटाइए ?

- झापा : **सोविता गौतम**
- इलाम : **निशा डाँगी**
- ताप्लेजुङ : **टीका संग्रौला (ज्वाला)**
- पाँचथर : **ओमनाथ भण्डारी**
- सुनसरी : **डा. तोसिमा कार्की**
- उदयपुर : **गोकुल सापकोटा**
- धनकुटा : **गिरीराज ओझा**
- तेह्रथुम : **श्यामबाबु गौतम**
- ओखलढुंगा : **बोधनारायण श्रेष्ठ**
- खोटाङ : **विन्दबासिनी कंसाकार**
- मोरङ : **रविकिरण अधिकारी**
- संखुवासभा : **कृष्णमान श्रेष्ठ**
- सोलुखुम्बु : **चन्द्रकुमार गौली**
- भोजपुर : **महेश श्रेष्ठ**
- सप्तरी : **डा. नन्दन यादव**
- सिराहा : **दीपक गौतम**
- धनुषा : **डा. चन्दा कार्की**
- महोत्तरी : **डा. विमल तिवारी**
- सर्लाही : **कामिनी चौधरी**
- रौतहट : **निशा मेहता**
- बारा : **राजन गौतम**
- पर्सा : **विष्णुकुमार श्रेष्ठ**
- सिन्धुली : **प्रमिला कलुजू**
- रामेछाप : **बदनकुमार भण्डारी**
- दोलखा : **अनिलकेशरी शाह**
- सिन्धुपाल्चोक : **वसुमाया तामाङ**
- काभ्रेपलाञ्चोक : **शंकर श्रेष्ठ**
- मकवानपुर : **रामकृष्ण भट्टराई**
- ललितपुर : **गणेश कार्की**
- भक्तपुर : **जयराम गुरुङ**
- काठमाडौं : **सबना प्रधान**
- नुवाकोट : **दीपक विक**
- धादिङ : **मनबहादुर लामा**
- रसुवा : **सविना विक**
- चितवन : **पुकार बम**
- गोरखा : **प्रमिला भुसाल**
- लमजुङ : **श्रीराम न्यौपाने**
- तनहुँ : **शिव नेपाली**
- कास्की : **खुशबुसरकार श्रेष्ठ**
- स्याङ्जा : **भरतप्रसाद वस्ती**
- पर्वत : **पदमराज पन्थी**
- बागलुङ : **झविलाल डुम्रे**
- म्याग्दी : **कुसुम महर्जन**
- नवलपुर : **महेन्द्र गुप्ता**
- मुस्ताङ : **एलिजा गुरुङ**
- मनाङ : **रूपा शंकर**
- परासी : **डा. पुष्पमणि खराल**
- कपिलवस्तु : **गोपाल घिमिरे**
- पाल्पा : **इश्रा मुल्ला मियाँ**
- गुल्मी : **अशोक टण्डन**
- अर्घाखाँची : **विशाल अधिकारी**
- रुपन्देही : **अर्जुन अधिकारी**
- बाँके : **असिम शाह**
- रुकुम पूर्व : **लक्ष्मी तिवारी**
- रोल्पा : **क्रान्तिशिखा धिताल**
- बर्दिया : **कमल सुवेदी**
- दाङ : **डा. कृष्ण भेटवाल**
- सुर्खेत : **अनुज श्रेष्ठ**
- दैलेख : **सुशील अधिकारी**
- जाजरकोट : **विजय जैरु**
- रुकुम पश्चिम : **धुव गिरी**
- सल्यान : **ललित श्रेष्ठ**
- कालिकोट : **पवनराज देवकोटा**
- मुगु : **विनिता कठायत**
- जुम्ला : **लीलाराज ढकाल**
- हुम्ला : **डा. अरनिको पाँडे**
- डोल्पा : **वैकुण्ठ थापा**
- कैलाली : **अशोक चौधरी**
- कञ्चनपुर : **घनश्याम विष्ट**
- डडेल्धुरा : **डा. प्रणयशमशेर राणा**
- डोटी : **उपेन्द्र पाण्डे**
- अछाम : **हरिप्रसाद रिजाल**
- बाजुरा : **मेघबहादुर आले**
- बैतडी : **कवीन्द्र ठकुल्ला**
- दार्चुला : **रविना घिमिरे**
- बझाङ : **अरुणकुमार श्रेष्ठ**

स्वास्थ्य सामग्री खरिदमा अनियमितता

निमित्त निर्देशक सापकोटासहित सातजनाविरुद्ध मुद्दा

मकवानपुर/ स्वास्थ्य उपकरण खरिदमा अनियमितता गरेको आरोपमा स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, हेटौंडाका तत्कालीन निमित्त निर्देशक अर्जुनप्रसाद सापकोटासहित सातजनाविरुद्ध मुद्दा दर्ता भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मंगलबार तत्कालीन निमित्त निर्देशक सापकोटा, लेखा अधिकृत राधाकृष्ण श्रेष्ठ, फार्मेसी सुपरभाइजर राजेश्वर रञ्जितकार, रेफ्रिजेरेटर टेक्निसियन रवीन्द्रकुमार महतो, बायोमेडिकल इन्जिनियर राजेश्वर कमली, बागमती प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौंडाका तत्कालीन लेखा अधिकृत नेत्रनरसिंह कार्की र जनमुक्ति हेल्थ इन्टरप्राइजेजका प्रोपाइटर नवराज श्रेष्ठविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो। अख्तियार प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार प्रतिवादीहरूविरुद्ध ३१ लाख १७ हजार ८९ रुपैयाँबराबरको बिगो कायम गर्दै सो रकमबराबर जरिवाना, हिनामिना असुल र कैद सजाय मागदाबी गरिएको छ। स्वास्थ्य आपूर्ति व्यवस्थापन महाशाखाका पाँचजनामाथि सामूहिक बिगो राखिएको छ।

■ मलेसियामा रोजगार र व्यापार-व्यवसाय गर्दै आएका नेपाली भन्छन्-

जेन-जी आन्दोलनले पुरानो सत्ता ढाल्यो, समयमै निर्वाचन गरेर सरकारमा युवाको सहभागिता बढोस्


मलेसियामा **सुरेन्द्रकुमार कामती**

भोजपुरका मानबहादुर तामाङ मलेसियाको राजधानी क्वालालम्पुरमा सेक्युरिटी गार्डमा कार्यरत छन्। जेन-जी आन्दोलनको आडमा बनेको सरकारले चुनावलाई विशेष प्राथमिकता दिँदै नयाँ सरकार र स्थायी सरकार गठन गर्न भूमिका खेल्नुपर्ने उनको सुझाव छ।

मलेसियाको जलान एचएलसीमा कस्मेटिक पसल सञ्चालन गर्दै आएका पूर्ण लिम्बू पनि नेपालमा चुनाव घोषित समयमै हुनुपर्ने बताउँछन्। निर्वाचनको समय हेरफेरले देशमा समस्या आउने भएकाले निर्धारित मितिमै निर्वाचन गर्नुपर्ने उनको भनाइ छ।

मोरङकी कमलादेवी श्रेष्ठ मलेसियामा नेपालीले नै सञ्चालन गरेको एउटा रेस्टुरेन्टमा कार्यरत छिन्। जेन-जी आन्दोलनले देशलाई नयाँ दिशाबाट अगाडि बढाउने माहोल बनाएकाले निर्वाचनबाट नयाँ र स्थिर सरकार चयन हुनुपर्ने उनको सुझाव छ।

रोजागरी सिलसिलामा दुई वर्षअघि मलेसिया पुगेकी मोरङ उर्लाबारीकी कल्पना तिमिल्सिनाले युवाहरूले देशलाई नयाँ बाटो देखाएकाले अब निर्वाचनबाट निकास निकाल्नुपर्ने र देशलाई विकासको बाटोमा अघि



मानबहादुर तामाङ | पूर्ण लिम्बू | कमलादेवी श्रेष्ठ | कल्पना तिमिल्सिना | पदमराज लिम्बू | प्रमोदकुमार महतो | नेत्र केसी

बढाउनुपर्ने बताउँछिन्। मलेसियामा दुई दशकभन्दा बढी समयदेखि कार्यरत तेह्रथुमका पदमराज लिम्बू जनजाति महासंघका अध्यक्ष पनि हुन्। मलेसियाबाटै जेन-जी आन्दोलनले सत्ता ढालेको देखेका उनले अब सही नेतृत्व निर्वाचनबाट चयन हुनुपर्ने बताउँछन्। सत्तामा रहेकाहरूले देशमा लुट मच्चाएको आरोप लगाउँदै उनले त्यसबाट देशलाई बाहिर निकाल्न युवाहरूको पनि प्रमुख सहभागितासहितको स्थिर सरकार निर्वाचनबाट आउनुपर्ने उनको भनाइ छ।

सिराहाको कर्जन्हा नगरपालिका- ११ बगहाका प्रमोदकुमार महतोले युवाहरूको आन्दोलनकै कारण पुरानो सत्ता ढलेकाले निर्वाचनबाटै स्थिर सरकार बनाउने र निर्वाचन निर्धारित समयमा हुनुपर्ने बताए। गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद्का सदस्य नेत्र केसीले अन्तरिम सरकारले चुनावलाई बढीभन्दा बढी प्राथमिकता दिँदै राजनीतिक स्थिरताका लागि भूमिका खेल्नुपर्ने बताए। निर्वाचनमा युवाहरूले सही नेतृत्व चयन गर्नुपर्ने र युवाहरूको भूमिका पनि निकै महत्त्वपूर्ण भएको उनको भनाइ छ।

लामो समयदेखि वैदेशिक रोजगारीमा रहेका र व्यापार व्यवसाय गर्दै आएका नेपाली समुदायहरू सबैको समयमै निर्वाचन हुनुपर्ने धारणा छ। जेन-जी आन्दोलनले भ्रष्ट शासन सत्ताको जरा हल्लाइदिएकाले स्थायी सरकार बन्ने गरी निर्वाचन समयमै सम्पन्न हुनुपर्ने उनीहरूको भनाइ छ।

चार दशकमा नेपालको शासन व्यवस्था बदलिए पनि सत्तामा हुनेहरूले भ्रष्टाचार गर्ने र चरम बेथितिका कारण विकासमा पछाडि परेको र रोजगारी सिर्जना हुन नसक्दा युवाहरू बिदेसिनुपरेको उनीहरूको भनाइ छ।

जेन-जी आन्दोलनले दिएको जिम्मेवारी वर्तमान सरकारले पूरा गर्न सक्रियता अझै बढाउनुपर्ने र त्यसका निम्ति आवश्यक संवाद र सहकार्य गर्दै देशलाई निर्वाचन केन्द्रित गर्नुपर्ने आवश्यकता उनीहरूले देखेका छन्। अन्तरिम सरकारले प्रमुख रूपमा जेन-जी आन्दोलनमा भएको मानवीय र भौतिक क्षतिको जिम्मेवारी तत्कालीन सरकारको प्रमुखहरूको भएकाले कारबाहीको दायरामा ल्याउनुपर्ने र निर्वाचनमैत्री सक्रियतामा जोड दिनुपर्ने धारणा राखेका छन्।

विदेशमा रहेका लाखौं नेपाली मतदाताले सही नेतृत्व चयनमा प्रमुख भूमिका खेल्न सक्ने भएकाले प्रवासमा रहेका नेपालीलाई मतदानको व्यवस्था मिलाउन उनीहरूले सरकारसँग आग्रह गरेका छन्। साउदी अरब, कतार, युएई, मलेसियालगायतमा लाखौं नेपाली युवाहरू रोजगारीमा रहेकाले उनीहरूलाई मताधिकार प्रयोग गर्ने विषयमा सरकारले आवश्यक कानुनी र कूटनीतिक पहल गर्नुपर्ने उनीहरूको भनाइ छ।

यसरी सम्भव छ नेपालमा बाह्य मतदान

सरोकारवाला सबै प्रतिबद्धता र अठोटसाथ जुटेमा यसैपटकको निर्वाचनमा बाह्य मतदानको अधिकार स्थापित गर्न सम्भव छ



● लक्ष्मणप्रसाद भट्टराई

अग्रलेख



विदेशमा बस्ने नेपाली नागरिकको मताधिकार सुनिश्चित गर्न सर्वोच्च अदालतले ७ चैत, ०७४ मा निर्देशनात्मक आदेश दिएको र जेन-जी आन्दोलनको भावनालाई यसैपटकको निर्वाचनमा पूरा गर्न सकिने देखिन्छ। नेपालमा हाल मिश्रित (प्रत्यक्ष र समानुपातिक) निर्वाचन प्रणाली अपनाइएको छ। निर्वाचन क्षेत्रबाहिर रहेका नागरिकलाई निजको अस्थायी बसोवास क्षेत्रबाट मतदान गर्न दिने सम्बन्धमा मिश्रित समानान्तर प्रणालीमा मतदान गर्ने विधि र प्रक्रियाका आधारमा निर्वाचन व्यवस्थापनका दृष्टिकोणबाट हेरिनु आवश्यक हुन्छ। निर्वाचन क्षेत्रबाहिर रहेका नागरिकले मतदान गर्न विश्वमा मुख्यतया चार तरिका अपनाइन्छ।

(क) **विदेशमा बस्ने नेपाली नागरिकको मताधिकार** : ०८१/८२ सम्ममा विश्वका १७८ मुलुकमा नेपाली युवा पुगिसकेको अवस्थामा ती सबैको मताधिकार सुनिश्चित गर्नु चुनौतीपूर्ण भए पनि असम्भव भने देखिँदैन। प्रमुख मुद्दा भनेको कुन तरिकाबाट अधिकाधिक मतदातालाई समेट्न सकिन्छ भन्ने मात्र हो।

१. **भौतिक रूपमा उपस्थित भई मतदान** : बाह्य मतदान सम्बन्धमा विश्वमा प्रचलनमा रहेका विधिमध्ये मतदाता भौतिक रूपमा मतदान केन्द्रमा उपस्थित भएर मत दिने प्रत्यक्ष मतदान विधि परम्परागत र सरल विधि हो। विदेशस्थित दूतावास र कन्सुलर कार्यालय रहेका स्थानका साथै नेपाली नागरीक बढी संख्यामा बसोवास गर्ने क्षेत्रमा मतदान केन्द्र बनाई मतपेटिकामा सम्बन्धित मतदाताले मतदान गर्ने। नेपालका विभिन्न मुलुकमा दूतावास (३१) स्थायी नियोग (३) र महावाणिज्य दूतावास (१०) गरी जम्मा ४४ दूतावास छन्। कतिपय दूतावास अपार्टमेन्टमा रहेका र आफ्नै भवन कम्पाउन्ड नभएका साथै तीनदेखि चारजना नेपाली कर्मचारी मात्र कार्यरत छन्। यी सीमितताबिच नेपाली नागरिक रहेका १७८ मुलुकमा मतदान केन्द्र बनाई मतदान कार्य सञ्चालन गर्न व्यवस्थापकीय दृष्टिले अत्यधिक खर्चिलो, पहुँच र सुरक्षाका दृष्टिले चुनौतीपूर्ण देखिन्छ। त्यसैगरी, केही मुलुकले प्रजातान्त्रिक अभ्यास नगरेका साथै कतिपय मुलुकमा समूहमा धेरै मानिस भेला हुनसमेत कानुनी रूपमा नपाइने व्यवस्थाका कारण पनि सबै मुलुकमा भौतिक उपस्थितिमा मतदान गर्ने विधि यसैपटकको निर्वाचनमा सम्भव देखिन्न।

२. **हुलाकमार्फत मतदान** : यस विधिमा विदेशमा बस्नेले हुलाकमार्फत वा इमेलबाट मतपत्र प्राप्त गर्छन् र तोकिएबमोजिम मत संकेतपछि सम्बन्धित मतदाताले निर्वाचन आयोगले तोकेबमोजिम प्रक्रिया पुऱ्याई हुलाकमार्फत आयोगमा पठाउँछ। नेपालका सन्दर्भमा नेपाली नागरिक रहेका मुलुकमा उनीहरूको विदेशस्थित हालको ठेगानामा निर्वाचन आयोगले मतपत्र फिर्ती खाम मतदानसम्बन्धी निर्देशनसहित अन्य भेरिफिकेसन टुल हुलाकका माध्यमबाट पठाउने। विदेशस्थित सम्बन्धित मतदाताले निर्देशनअनुसार मतपत्रमा मत संकेत गरी फिर्ती खाम हुलाकमार्फत नेपालस्थित निर्वाचन आयोगमा पठाउने। यो विधिमा हुलाकमार्फत पठाउने भएकाले हुलाक टिकटबापत निर्वाचन आयोगका साथै मतपत्र फिर्ता पठाउन सम्बन्धित मतदाताको पनि खर्च लाग्छ। ०२६ को फेब्रुअरीमा बंगलादेशमा हुन गइरहेको हुलाक विधिमा मतदाताले कुनै पनि खर्च व्यहोर्न नपर्ने गरी बंगलादेश सरकारले फिर्ती टिकट नलाग्ने व्यवस्थाको खामसमेत मतपत्रसाथ पठाउने गरी तयारी गरेको छ। नेपालमा पनि यो तरिका अपनाउन सकिन्छ। यो विधि सहज बनाउन हाल नेपालको हुलाक सेवाको अन्तर्राष्ट्रिय पहुँच ३७ देशमा पार्सल सेवा र २७ देशमा द्रुत हुलाक सेवा मात्र रहेकामा नेपालमा हवाई सेवा सञ्चालन गरेका अन्तर्राष्ट्रिय वायु सेवा कम्पनीसँग समझदारी गरी पहुँच विस्तार गर्न सकिन्छ।

हुलाकमार्फत मतदानको व्यवस्था गर्दा १५ दिन मतपत्र पठाउने र थप १५ दिन हुलाकमार्फत प्राप्त गर्ने अवधि निर्धारण गर्नुपर्ने देखिन्छ। निर्वाचन मितिलाई दृष्टिगत गरी सम्बन्धित मतदातालाई मतपत्र पठाउने मिति निर्धारणका साथै मतपत्र प्राप्त गर्ने अन्तिम मिति निर्धारण गरी सो मितिभित्र प्राप्त भएका मतपत्र मतगणना गर्ने कानुनी प्रावधान आवश्यक हुन्छ।

३. **इन्टरनेटका माध्यमबाट मतदान** : सूचना प्रविधि अर्थात् इन्टरनेटको प्रयोगबाट मतदान गर्ने तरिका आई-भोटिङ हो। आई-भोटिङ विधिमा मतदाताले आफू रहेकै स्थानबाट प्रविधिको प्रयोग गरी मतदान गर्ने अवसर प्राप्त गर्छन्। यसका लागि प्रविधिको उच्चतम प्रयोग अनिवार्य हुन्छ। मतदानमा मतको विश्वसनीयता, गोपनीयता, स्वतन्त्रता, सार्वजनिक पारदर्शितालगायत चुनावका विशेषताको सुनिश्चितता प्रविधि र उपयुक्त जनशक्तिको प्रयोगबाट गर्नुपर्छ। अनलाइन प्रविधि अशक्त र भिन्न किसिमको सक्षमता भएका व्यक्तिलाई समेत मतदानको अवसर दिने समावेशी विधि हो। कानुनी र संस्थागत संरचना निर्माण गरी आवश्यक जनशक्ति र साधनस्रोतसहितको एक छुट्टै आई-भोटिङ प्राधिकार एकाइ स्थापना गरी कार्यान्वयनमा ल्याउन आवश्यक हुन्छ। मतदाता दर्ता तथा मतदानका लागि आवश्यक सफ्टवेयर निर्माणसँगै विभिन्न चरणमा परीक्षण गरी सर्वस्वीकार्य परिणाम प्राप्त हुने विश्वसनीय आधार तयार गर्नु जरुरी छ। डाटासेन्टरको व्यवस्था, साइबर सेक्युरिटी, डिजिटल परिचय निर्माण गरी त्यसको सुरक्षा र विश्वसनीयता र अडिटिङको व्यवस्था पनि त्यत्तिकै महत्त्वपूर्ण छ। यी सबै कार्यका लागि समय लाग्ने देखिन्छ। तर, यो विधि सहज र पहुँचयोग्य भने छ।

४. **प्रतिनिधिमार्फत मतदान** : यस विधिको प्रयोगमा मतदाता र मतदाताको प्रतिनिधिको पहिचान प्रस्ट बनाई प्रतिनिधिमार्फत मतदान गराइन्छ। मतदाताले आफ्नो परिवार वा सम्बन्धित व्यक्तिलाई आफ्नो मतदान गर्न प्रतिनिधि तोक्ने कार्य आधिकारिक रूपमा कानुनी वा प्रशासनिक व्यक्तिको रोहवरमा प्रामाणिक कागजका आधारमा प्रतिनिधि सम्बन्धित मतदान केन्द्रमा पेस गरी स्वीकृति लिई मतदान गर्नुपर्ने हुन्छ। विश्वसनीयता तथा मतको सही सदुपयोग नहुने आशंका रहेकाले यो विधि प्रयोग गर्न उपयुक्त देखिँदैन।

कतिपय देशले यी विधिमध्ये दुई वा सोभन्दा बढी विधि प्रयोग गरी मिश्रित विधिबाट पनि विदेशमा बस्ने आफ्ना नागरिकको मताधिकार सुनिश्चित गरेको पाइन्छ।

(ख) **निर्वाचन क्षेत्रबाहिरका नागरिकको मताधिकारसम्बन्धी व्यवस्था** : नेपालको संविधानमा देशभित्रैबाट मतदान गर्नेबारे बन्देजात्मक धारणा छैन। तसर्थ, निर्वाचन कानुनमा आवश्यक परिमार्जन गरी निर्वाचन क्षेत्रबाहिर भएका नागरिकको मताधिकार सुनिश्चत गर्न सकिन्छ।

> ०८२ कै निर्वाचनमा सम्भावना देखिएको इन्टरनेट प्रयोगबाट मतदान गर्ने तरिका आई-भोटिङबाट सर्वस्वीकार्य परिणाम प्राप्त हुने विश्वसनीय वातावरण बनाउन सक्नुपर्छ

समानुपातिक निर्वाचनका लागि छुट्टै अस्थायी मतदाता नामावली तयार गराउन सक्ने कानुनी व्यवस्था रहेकामा प्रत्यक्षतर्फको निर्वाचनमा पनि मतदान गर्न पाउने गरी निर्वाचन क्षेत्रबाहिर भएका नागरिकलाई अस्थायी बसोवास गरेको हालको स्थानमा निजको स्थायी ठेगाना रहेको निर्वाचन क्षेत्रको उमेद्वारलाई मत दिने कानुनी व्यवस्था गर्नुपर्ने हुन्छ।

अस्थायी मतदाताले मतदान गर्ने प्रक्रिया देहायअनुसार हुनेछ : १. निर्वाचन क्षेत्रबाहिर भएका नागरिकको नाम हाल निज अस्थायी बसोवास गरेको गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडामा निजको मतदाता परिचयपत्रका आधारमा अस्थायी मतदाताका रूपमा नामावली संकलन गर्ने। २. बुँदा १ अनुसार अस्थायी मतदाताका रूपमा नामावली संकलन भएकामा निजको स्थायी बसोवास रहेको स्थानको मतदाता नामावली अस्थायी रूपमा स्थानान्तरण गरी फ्रिज गर्ने। स्थायी मतदाता नामावलीमा निजको नाम नदेखिने गरी मतदाता नामावलीको सूची तयार गर्ने। निर्वाचन सम्पन्न भएपछि डि-फ्रज गरी नामावली सुरक्षित गर्ने व्यवस्था मिलाउने। ३. निर्वाचन क्षेत्रबाहिर रहेका मतदाताले मतदान गर्ने (प्रत्यक्ष र समानुपातिक दुवै) प्रयोजनका लागि निर्वाचन आयोगले प्रत्येक गाउँपालिका वा नगरपालिकाको मुकाम वा प्रत्येक निर्वाचन क्षेत्र वा प्रत्येक जिल्लाको सदरमुकाममा अस्थायी मतदाताले मतदान गर्ने गरी छुट्टै मतदान केन्द्र तोक्ने कानुनी व्यवस्था गर्ने। ४.सो मतदान केन्द्रमा अन्य मतदान केन्द्रको जस्तै एउटा प्रत्यक्ष र अर्को समानुपातिक गरी दुईवटा छुट्टाछुट्टै मतपेटिका राख्ने। ५. निर्वाचन आयोगले प्रत्येक जिल्लाका निर्वाचन क्षेत्रको मतपत्र र मतदान केन्द्रअनुसारको मतदाता नामावली पठाउँदा त्यस जिल्लामा मतदाता नाम स्थानान्तरण गरेका अस्थायी मतदाताको नामावली तथा त्यस जिल्लाबाट मतदान गर्ने अस्थायी मतदाताका लागि निर्धारित मतदान केन्द्रमा तत्-तत् निर्वाचन क्षेत्रको मतपत्र पनि पठाउनुपर्नेछ। ६. प्रत्यक्षतर्फको मतपेटिकामा अन्य सबै निर्वाचन क्षेत्रका उमेद्वारलाई मतदान गर्ने, अस्थायी मतदातालाई निजको मतदाता परिचयपत्र चेकजाँच गरी सम्बन्धित निर्वाचन क्षेत्रको मतपत्र उपलब्ध गराई मतदानको व्यवस्था गर्ने। ७. मतदान सम्पन्न भएपछि सोही क्षेत्रको निर्वाचन अधिकृतलाई उक्त मतदान केन्द्रका सबै मतपेटिका अन्य मतदान केन्द्रको जस्तै प्रत्यक्ष र समानुपातिक दुवैको बुझाउने। ८. अस्थायी मतदान केन्द्र रहेको सोही क्षेत्रको निर्वाचन अधिकृतले नै मतगणना गर्ने-गराउने। ९. समानुपातिकतर्फको मतगणना परिणाम निर्वाचन आयोगमा पठाउने। १०. प्रत्यक्षतर्फको मतगणना परिणाम सम्बन्धमा विभिन्न निर्वाचन क्षेत्रको मत परिणाम हुने भएकाले निर्वाचन क्षेत्रअनुसार छुट्टाछुट्टै मतगणना गरी सोहीअनुसार छुट्टाछुट्टै मत परिणाम तेरिज तयार गरी सम्बन्धित निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतलाई छिटो साधनद्वारा पठाई सोको जानकारी निर्वाचन आयोगमा अनिवार्य रूपमा पठाउने। ११. निर्वाचन आयोगले अस्थायी मतदाताबाट गरिएको मतदानको मत परिणाम सम्बन्धित निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतबाट प्रप्त भएपछि सोको यकिन गरी तत्-तत् निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतलाई छिटो साधनद्वारा जानकारी पठाउनुपर्ने। १२. बुँदा १० अनुसार अस्थायी मतदाताबाट भएको मतदानको मत परिणाम तेरिज प्राप्त भएपछि सम्बन्धित निर्वाचन अधिकृतले सो परिणामसमेत जोडी कुल मत परिणाम निकाल्नुपर्नेछ। अन्य निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतबाट प्राप्त मत परिणाम तेरिज निर्वाचन आयोगसँग यकिन गरी कुल परिणाम गणना गर्नुपर्नेछ।

सारांश : उदार प्रजातान्त्रिक मुलुकमा मतदानलाई मानव अधिकारसँग जोडी हेर्ने गरिन्छ, साथै सरकारलाई कर बुझाउने नागरिकलाई आफ्नो प्रतिनिधि चुन्ने पनि हक रहन्छ। विश्वमा प्रवासमा रहेका आफ्ना नागरिकको राजनीतिक सहभागिताको महत्त्वलाई स्वीकार गर्दै हाल १४३ देशमा कुनै न कुनै प्रकारको बाह्य मतदान विधि प्रयोग गरी मताधिकार दिएको अवस्था छ। यद्यपि, कार्यान्वयनको सवालमा व्यक्ति स्वयं उपस्थित भई मतदान गर्नेदेखि दूरस्थल मतदानका विधि र मिश्रित प्रणालीसमेतको अभ्यास भएको पाइन्छ। त्यसैले, यो कुनै निश्चित दर्शन र सिद्धान्तमा आधारित हुनेभन्दा पनि देशको विशिष्ट परिस्थितिले निर्धारण गर्ने विषय हो। ०८२ कै निर्वाचनमा सम्भावना देखिएको इन्टरनेट प्रयोगबाट मतदान गर्ने तरिका आई-भोटिङ उत्तम छ, तथापि सर्वस्वीकार्य परिणाम प्राप्त हुने विश्वसनीय वातावरण बनाउन भने जरुरी छ। आई-भोटिङपछिको विश्वसनीय विकल्प हुलाकमार्फत मतदान हुन सक्छ। हुलाकमार्फत पनि प्रत्यक्षतर्फको मतपत्र छपाई तथा व्यवस्थापन दृष्टकोणबाट चुनौतीपूर्ण देखिएकाले समानुपातिकतर्फको मतदानमा प्रयोगका रूपमा बाह्य मतदानको सुरुवात गर्न सकिने सम्भावना देखिन्छ।

स्वदेशमा आफ्नो निर्वाचन क्षेत्रबाहिर रहेका अस्थायी मतदाता सूचीमा नाम दर्ता गर्ने र विशिष्टीकृत मतदान केन्द्रको स्थापना गरी निज मतदाताको स्थायी निर्वाचन क्षेत्रको उमेद्वारलाई प्रत्यक्ष तथा समानुपातिकतर्फ मतदान गर्ने व्यवस्थाका साथै मतगणना र नतिजा घोषणालगायत प्रक्रिया सहज रूपमा सम्पन्न गर्न सक्ने देखिन्छ।

नेपाल सरकारले आयोगलाई समयमै कानुन, जनशक्ति र स्रोतसाधन उपलब्ध गराउने, आयोगले निर्वाचन कार्यतालिका बनाई दृढ इच्छाशक्तिसाथ निर्वाचनमा जुट्ने र राजनीतिक दलमाझ विश्वासको वातावरण बन्न सके बाह्य मतदानको अधिकार दिन सकिन्छ। यसका लागि सरोकारवाला सबै प्रतिबद्ध र अठोटसाथ जुटेमा यसैपटकको निर्वाचनमा यो अधिकार स्थापित गर्न सकिन्छ।

(विगतमा लामो समय निर्वाचन आयोगमा काम गरेका भट्टराई हाल नीति अनुसन्धान प्रतिष्ठानमा कार्यालय प्रबन्धकका रूपमा कार्यरत छन्)

---

३ प्रश्न

वरिष्ठ अधिवक्ता
मीरा ढुंगानालाई



■ पछिल्लो समय नेपालमा महिला हिंसाको अवस्था कस्तो छ ?

महिलामाथि हुने हिंसामा खासै सुधार भएको छैन, पहिलेकै जस्तो अवस्था छ। खासगरी शक्तिमा पुगेका मानिसहरूमा गम्भीरता पटक्कै नहुनाले पनि यो समस्या ज्यूँका त्यूँ रहेको हो। कसुरदारहरूकै पक्षमा बोल्नेहरू नै शक्तिमा पुगेपछि कसरी न्यूनीकरण होस् त महिलामाथि हुने हिंसा ? शक्तिमा पुग्नेहरूमा मानवता र संवेदनशीलता नभएपछि ठुलो परिवर्तनको अपेक्षा राख्नुको के नै अर्थ रहन्छ र ?

■ महिला हिंसा न्यूनीकरणमा लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानको कस्तो प्रभाव रहन्छ ?

यस्ता अभियानहरूले पक्कै पनि केही न केही सकारात्मक प्रभाव छाड्छन्। गाउँगाउँसम्म पुग्ने हुनाले यस्ता अभियान जहिल्यै महत्त्वपूर्ण हुन्छन्। तर, यस्ता अभियानलाई केवल कर्मकाण्डमा सीमित गर्ने प्रयास भने गरिनु हुँदैन।

■ महिला हिंसा न्यूनीकरणका चुनौती के-के हुन् ?

हाम्रो समाजको पितृसत्तात्मक सोच र वैवाहिक परम्पराहरू पनि यसका चुनौती हुन्। छोरीलाई पराई घरको नासोका रूपमा हेर्ने र सानै उमेरमा विवाह गरिदिने समस्या हाम्रो समाजमा अझै कायम छ। बुहारीका समस्यालाई समस्या नै नमान्ने अवस्था अझै छ। समाजमा छोरै हुनुपर्ने, छोराले मात्र तार्छ भन्ने गलत सोच कायमै छ। साथै, छोरा या छोरी जन्मिने महिलाकै कारण हो भन्ने गलत सोचका कारण बहुविवाहका घटना अझै पनि भइरहेका छन्। राजनीतिक रूपमा महिलाहरू निर्णायक तहमा पुग्न नसक्नु पनि अर्को समस्या हो। केही जिम्मेवार पदमा पुगेका सीमित महिलाले वर्तमान शक्ति संरचनामा महिलाका हितमा चाहेर पनि काम गर्न सक्ने अवस्था छैन। कानुनले सम्पत्तिमाथि महिलाको अधिकार सुनिश्चित गरे पनि कार्यान्वयन निकै फितलो छ। त्यसैले पनि महिलामाथिका हिंसाका घटनामा उल्लेख्य सुधार हुन नसकेको हो।

प्रेरक प्रसंग

व्यापारीको भिक्षु बन्ने सपना

एक धनी व्यापारी निकै रिसाहा थिए। क्रोधका कारण उनी परिवार, मित्रगण र आफन्तजनमाझ पनि अलोकप्रिय थिए। बाहिरी दुनियाँले पनि उनलाई राम्रो नजरले हेर्दैनथ्यो। उनीसितको बस-उठले उनको परिवारका सदस्य पनि बिस्तारै रिसाहा बन्दै गएका थिए। अहंकारको टकराहटले उनको घरको वातावरण नर्कतुल्य बनेको थियो।



यो सब महसुस गरिरहेका व्यापारी दुःखी भएर एक दिन भगवान् बुद्धको शरणमा पुगे। आफ्नो अवस्थाबारे सबै यथार्थ बुद्धलाई सुनाइसकेपछि उनले क्षमायाचना गर्दै भने- भगवान्, मलाई यस नरकबाट मुक्ति दिनुहोस्। म पनि भिक्षु बन्न चाहन्छु, मलाई दीक्षा दिनुहोस्।

व्यापारीको याचना सुनेपछि गम्भीर हुँदै बुद्धले भने- अहिले तिम्रो भिक्षु बन्ने समय आएको छैन। भिक्षु कहिल्यै पलायनवादी हुनुहुँदैन। तर, तिमी त परिवारभित्रको समस्याबाट भागेर भिक्षु बन्ने बाटो रोजिरहेका छौ। अब तिमी घर जाऊ र आफ्नो घर सम्हाल। तिमी अरूबाट जस्तो व्यवहारको अपेक्षा गर्छौं, आफू पनि अरूप्रति त्यस्तै व्यवहार गर। यत्ति गर्न सक्यौ भने तिम्रो घर मन्दिर बन्छ।

भगवान् बुद्धको उपदेश पाएपछि व्यापारी खुसी मनले घर फर्किए। घर फर्किएपछि उनले बुद्धको उपदेशलाई पूर्णतः अपनाए। उनले आफ्नो रिस नियन्त्रणमा राख्दै गए। परिणामतः उनका परिवारका सदस्यका पनि रिस कम हुँदै गयो। यसले उनको घरको वातावरण पनि स्वतः बदलियो। अब परिवारका सबैले आआफ्नो रिस, राग र अहंकार भुलेर आपसमा प्रेम गर्न थाले। छिटै घरको दूषित वातावरणमा नयाँ उल्लास छायो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

खुरुक्क विशेष महाधिवेशन बोलाऊ

कांग्रेसमा कसैलाई पार्टी चाहिएको छैन। जति भाइ भए पनि ती सबै लोभीपापी मात्र हुन्। तिनलाई पद र पैसा भए पुग्छ। अनि, तिनले किन नउकासून् त देउवालाई ? उनीहरूलाई त देउवा छउन्जेल खान पाए पुग्छ। त्यसैले, उनीहरू पार्टी मरे मरोस् भन्ने बाटामा छन्।

● **आस्मा मुल्मी**, पुल्चोक, ललितपुर

शेरबहादुर देउवाजस्तो अब्बल पाको राजनीति बुझेका पाँच-पाँचचोटि प्रधानमन्त्री भएका अनि जनता र देशको लोकतन्त्रका लागि लडेका व्यक्तिलाई अरूले सक्रिय गराउनुपर्छ र ? उनी के राजनीतिमा अबुझ हुन् र अरूले सक्रिय गराउने ? आफैं सक्रिय भए नि ! अलि हुने कुरो गरौं न !

● **दुर्गा केसी सल्यानी**



कांग्रेसका लागि योभन्दा दुर्भाग्य अरू हुन सक्दैन। बाचुन्जेल सभापति बन। आफ्ना १२ भाइ, सात भाइ र तिनमा आश्रित थप केही सय भाइबहिनीको रोजिरोटी पनि सम्भावित सत्ताको चास्नीले पालनपोषण सम्भव भइहाल्छ। तर, यसबाट देश र वास्तविक कांग्रेसप्रति ठुलो धोका हुनेछ।

● **शिव घिमिरे**

५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको जनमत अस्वीकार गर्ने कांग्रेसजस्तो लोकतान्त्रिक पार्टीभित्र अब कांग्रेस खोज्नुपर्ने भएको छ, विशेष महाधिवेशन पक्षधर महाधिवेशन प्रतिनिधिको उपस्थितमा। विशेष महाधिवेशन महामन्त्रीद्वयले आह्वान गरेर महाधिवेशन गर्न आँट गर्नुहोस्। आमकांग्रेसीजन तपाईंहरूका साथमा छन्, रहनेछन्। अनि बन्नेछ पार्टी। अनि बन्छ नेपाल। नत्र कांग्रेसभित्र पञ्चायत तंग्रिने स्पष्ट देखिन्छ।

● **पुरुषोत्तम चौलागाईं**

कांग्रेसभित्र दुई-चारजना उफ्रिँदै थिए। तिनलाई लत्याउन दुई दिन 'फ्रेस' भएर फर्किएका हुन् देउवा। कतिले साँच्चै भागे भन्ने सोचेछन्। ज्योतिषले सातपटक प्रधानमन्त्री हुने भविष्यवाणी गरेका थिए। अहिलेसम्म जम्मा पाँचपटक त भएका हुन्। थप दुईपटक त हुन बाँकी नै छ। घाटमा पुगेपछि मात्र हो राजनीति गर्न छाड्ने, नत्र त सम्झिने पानी छम्किने मात्र हो।

● **डिबी लामा**

असली पावर जनता भए पनि वास्तवमा 'पैसा' राजनीति चलाउने मुख्य इन्जिनजस्तै बनेको छ। पैसाले नेता बनाउँछ, सरकार बनाउँछ र कहिलेकाहीं देशको भविष्य पनि चलाउँछ।

● **प्रमोद बिके**

कांग्रेस पार्टीका अरू शान्त थिए। त्यसैले, देउवालाई सक्रिय गराउने ओली कमरेड हुनुपर्छ। ओलीको आदेश चुपचाप पालना गर्ने देउवा नेतृत्व छाडिसकेपछि पनि किन सक्रिय भए ? किनकि, सरकारमा तिनै थिए। ओलीले आफू बच्न देउवालाई फकाइदिए जस्तो छ !

● **कमलकुमार जोशी**

हसिनामाथिको सजायले दिल्ली-ढाका सम्बन्धमा ल्याएको दरार

बंगलादेशको आन्तरिक अशान्ति भारतका लागि हानिकारक भएकाले नयाँदिल्ली बंगलादेशको राजनीतिक प्रणालीको आन्तरिक गतिशीलतामा हस्तक्षेप गर्न चाहँदैन



देश / विदेश

● जयन्त घोषल

बंगलादेशको विशेष अदालत इन्टरनेसनल क्राइम ट्रिब्युनल-आइसिटीले अपदस्थ प्रधानमन्त्री सेख हसिनालाई केही दिनअघि मानवताविरुद्धको अपराधका लागि मृत्युदण्डको सजाय सुनाएको थियो, जसमा गत वर्षको जुनमा सुरु भएको विद्यार्थी नेतृत्वको विरोध प्रदर्शनमा विनाशकारी बल प्रयोग गर्नु पनि समावेश छ। राजीनामा दिएर भारत भागेकी हसिनाले आफूमाथि लाग्दै आएका आरोप अस्वीकार गरेकी छिन् र अभियोजन राजनीतिक रूपमा प्रेरित भएको दाबी गरेकी छिन्। यद्यपि, बंगलादेशको अदालतले हसिनालाई दिएको मृत्युदण्डको सजायबाट भारत भने स्तब्ध भएको छैन। पूर्वगृहमन्त्री असदुज्जमान खान कमललाई पनि उनको अनुपस्थितिमा मुद्दा चलाएर मृत्युदण्डको सजाय सुनाइएको थियो भने पूर्वप्रहरी महानिरीक्षक चौधरी अब्दुल्लाह अल-मामुनलाई पाँच वर्षको जेल सजाय सुनाइएको थियो।

संयुक्त राष्ट्र संघ र अन्य संस्थाले उनीहरूको न्यायिक अभियोजन प्रक्रियाबारे चिन्ता व्यक्त गरे पनि बंगलादेशका अधिकारी हसिनालाई मृत्युदण्ड दिने निर्णयबाट पछाडि नहट्ने देखिन्छ। भारतले अपदस्थ प्रधानमन्त्री हसिनालाई बंगलादेश फिर्ता गर्ने सम्भावना कम छ। ढाका आफैंले सुपर्दगी अनुरोधलाई त्यति धेरै कडाइ गरेको छैन। किनकि, ७८ वर्षीया अपदस्थ नेतृलाई स्वदेश फिर्ता ल्याउँदा देशमा आन्तरिक तनाव बढ्ने निश्चित छ। यस मुद्दाले विशेषगरी फेब्रुअरीमा हुने भनिएको आमनिर्वाचनअघि अन्तरिम सरकार प्रमुख मुहम्मद युनुसलाई व्यवस्थापन गर्न पनि हम्मे पर्नेछ। निर्वाचनको पूर्वसन्ध्यामा सुनाइएको सजायले बंगलादेशमा तनाव चर्किनेमा दुई मत छैन।

यसबाहेक यदि हसिनाविरुद्ध लगाइएका आरोप राजनीतिक रूपमा प्रेरित वा खराब नियतले लगाइएका देखिन्छन् भने भारतले बंगलादेशको सुपुर्दगी अनुरोध अस्वीकार गर्न सक्छ। तनावपूर्ण सम्बन्धबिच बंगलादेशका राष्ट्रिय सुरक्षा सल्लाहकार (एनएसए) तथा युनुसका नजिकका सहयोगी खलिलुर रहमान क्षेत्रीय सुरक्षा सम्मेलनमा भाग लिन अहिले नयाँदिल्लीको भ्रमणमा छन्। उनको भारतीय राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलसँग व्यक्तिगत कुराकानी सम्भव छ। हाल, मुख्य चिन्ता भारतको रणनीति र भारत-बंगलादेशबिचको सम्बन्धको भविष्य हो।

बंगलादेशको आन्तरिक अशान्ति भारतका लागि हानिकारक छ। नयाँदिल्ली बंगलादेशको राजनीतिक प्रणालीको आन्तरिक गतिशीलतामाथि हस्तक्षेप गर्न चाहँदैन। हसिनाको अबामी लिगलाई अब बंगलादेशमा आगामी चुनावमा भाग लिन गाह्रो हुनेछ। बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) र अबामी लिगलाई मिलाउने निरन्तर प्रयास पनि गरिएको छ, तर अब यो



असम्भव छ। बिएनपी पार्टी विशेषगरी अध्यक्ष खालेदा जियाका छोरा तारिक रहमान अबामी लिगसँग गठबन्धन गर्न रुचि राख्दैनन्।

अबामी लिगले अझै पनि बंगलादेशभर सत्ताविरोधी भावना बोकेको उनीहरू विश्वास गर्छन्। हुन पनि अबामी लिगबारे केही मानिसमा घृणाको भाव छ। बिएनपी एक्लै चुनाव लडेमा बढी सिट जित्ने अपेक्षा गर्छ। तसर्थ, आगामी निर्वाचनमा बिएनपी सबैभन्दा ठुलो दल बन्ने सम्भावना छ। बंगलादेश जमात-ए-इस्लामीको भूमिका महत्त्वपूर्ण रहन्छ। यसले आफ्नो संगठनभित्र हिन्दू शाखा खोलेको छ। घोषणा भएदेखि हसिनाको पदच्युतको समयमा देखिएकाजस्तो हिन्दु संगठनविरुद्ध कुनै अपराध वा हिंसात्मक कार्य भएका छैनन्। भारतले कडा आपत्ति जनाएपछि युनुसको अन्तरिम सरकारले इस्लामिक कट्टरपन्थी धर्मगुरु जाकिर नाइकलाई बंगलादेश प्रवेशमा प्रतिबन्ध लगाएको थियो। सुरक्षा र रसदसम्बन्धी चिन्ता उद्धृत गर्दै नोभेम्बर २०२५ मा निर्णय गरिएको थियो। एक तरिकाले यस निर्णयमार्फत अन्तरिम सरकारले भारतसँग सहकार्य गर्ने प्रयास गऱ्यो।

सन् १९७१ को ऐतिहासिक परिवर्तनपछि भारतले हसिना र अबामी लिगप्रति विशेष सहानुभूति प्रकट गर्दै आएको छ। तसर्थ, उसले हसिना परिवारलाई निःसन्देह सुरक्षा प्रदान गर्ने प्रयास गर्नेछ। तैपनि, बंगलादेशको वर्तमान अवस्थालाई ध्यानमा राख्दै यसले कुनै प्रतिबद्धता जनाउँदैन। यसैबिच समस्यालाई थप जटिल बनाउँदै पूर्वगृहमन्त्री असदुज्जमान खान कमलले बंगाली मिडियालाई अन्तर्वार्ता दिइरहेका छन्। बंगलादेश असन्तुष्ट छ, तर भारतले यी अन्तर्वार्तालाई प्रायोजन गरिरहेको छैन, न त प्रतिबन्ध नै लगाइरहेको छ। घटनामा संलग्न व्यक्तिहरू राजनीतिक आश्रयमा रहँदा अभिव्यक्ति स्वतन्त्रताको आनन्द लिइरहेको चर्चा हुन थालेको छ। यद्यपि, नयाँदिल्लीले बाँकी रहेका मुद्दालाई सम्बोधन गरी समाधान गर्न ढाकासँग थप वार्ता खोजिरहेको छ।

(घोषल भारतीय पत्रकार तथा एनडिटिभीका स्तम्भकार हुन्)
एनडिटिभीबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

एउटा भ्रष्टाचार काण्ड, जसले बढाउँदै छ युक्रेन युद्ध अन्त्यको सम्भावना

आफूनजिकका नेता धमाधम भ्रष्टाचार मुद्दामा फस्न थालेपछि जेलेन्स्की कमजोर राष्ट्रपति देखिँदै गएका छन्

नोभेम्बर १० मा युक्रेनको भ्रष्टाचारविरोधी निकायले देशका राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीका नजिकका सहयोगी ठुलो भ्रष्टाचार काण्डमा संलग्न भएको खुलासा गऱ्यो। जेलेन्स्कीका सहयोगीहरू ऊर्जा क्षेत्रबाट झन्डै १० करोड डलर रकम हिनामिना योजनामा संलग्न रहेको तिनले बताएका छन्।

राष्ट्रिय भ्रष्टाचारविरोधी ब्युरो (नाबु)ले गरेको अनुसन्धानमा अहिलेसम्म जेलेन्स्कीका व्यापारिक साझेदार टिमुर मिन्डिचका साथै दुई सरकारी मन्त्रीहरूको नाम उल्लेख गरिएको छ। नाबु पश्चिमी सरकारद्वारा समर्थित एजेन्सी हो। युक्रेनी र पश्चिमी मिडियाले राष्ट्रपतिका 'चिफ अफ स्टाफ' एन्ड्री येर्मार्क पनि यस प्रकरणमा संलग्न भएको हुन सक्ने बताएका छन्। यस प्रकरणले युक्रेनमाथि गम्भीर धक्का पुऱ्याएको छ। जेलेन्स्की अहिले एक कमजोर राष्ट्रपति देखिँदै गएका छन्। यस घटनाले रुससँगको वार्तामा युक्रेनी नीतिमा नाटकीय परिवर्तन देखिन थालेको छ।



● लियोनिद रागोजिन

रागोजिन रिगामा आधारित एक स्वतन्त्र पत्रकार हुन्।



> अहिले शान्तिको सम्भावना थप यथार्थ देखिनुको कारण हो, युक्रेनको आसन्न हारका लागि दोषी ठहऱ्याउन सकिने 'बलिको बोका' भेटिएको छ, जो युक्रेनी राष्ट्रपति आफैँ हुन्। वर्षको सुरुमा ट्रम्पले सुरु गरेको वार्ता प्रयास यही युद्धका लागि जिम्मेवार ठहऱ्याउन सकिने कोही नभेटिएपछि अगाडि बढ्न सकेको थिएन।

नोभेम्बर ११ मा ब्रिटिस पत्रिका 'द टाइम्स'सँग कुरा गर्दै युक्रेनी उप-विदेशमन्त्री सर्गेई किस्लित्स्याले मस्कोसँगको वार्ता निलम्बित रहेको बताएका थिए। रुससँगको वार्तामा युक्रेनी पक्षको नेतृत्व गरिरहेका किस्लित्स्याले वार्ताले कुनै परिणाम नदिएकाले रोकिएको बताएका थिए। तर, त्यसको एक हप्तापछि नै जेलेन्स्कीले रुससँग वार्ता पुनः सुरु गर्न चाहेको बताए। लगत्तै, युक्रेन युद्ध अन्त्य गर्ने सम्बन्धमा अमेरिकी शान्ति योजना अघि सारियो। योजनामा युक्रेन युद्ध अन्त्य गर्न रुसले राखेका लगभग सबै माग पूरा गर्ने प्रावधान देखिन्छ। केही युक्रेनी अधिकारीले योजनाविरुद्ध टिप्पणी गरे। तर, जेलेन्स्कीले भने यसलाई सीधै अस्वीकार गरेनन्। बरु उनले अमेरिकालाई सहकार्य गर्ने वाचा गरे। भ्रष्टाचार प्रकरणले जेलेन्स्कीको प्रतिरोध गर्ने 'स्पेस'लाई अत्यन्तै सीमित बनाएकोजस्तो देखिन्छ।

अहिले शान्तिको सम्भावना थप यथार्थ किन देखिँदै छ भने युक्रेनको आसन्न हारका लागि दोषी ठहऱ्याउन सकिने 'बलिको बोका' भेटिएको छ, जो युक्रेनी राष्ट्रपति आफैँ हुन्। वर्षको सुरुमा ट्रम्पले सुरु गरेको वार्ता प्रयास मुख्यतया युद्धका लागि जिम्मेवार ठहऱ्याउन सकिने कोही नभेटिएपछि अगाडि बढ्न सकेको थिएन। तथापि, अहिलेको सैन्य पराजयले किभलाई राहत नै प्रदान गर्नेछ भने युद्ध पक्षधर राजनीतिज्ञहरू तथा लबिस्टहरूका लागि घातक प्रहार हुनेछ। तिनले आणविक शक्तिराष्ट्र रुसलाई बलपूर्वक पश्चिमी प्रधानता स्विकार्न बाध्य पार्न सकिने भन्दै युद्धलाई कुनै हालतमा रोक्न नहुने विचार प्रवाहित गर्दै आएका थिए। त्यही भ्रमले यस द्वन्द्वकालभर रुसबारे सबैजसो पश्चिमी नीतिलाई निर्देशित गऱ्यो।

युक्रेनका पश्चिमी सहयोगीहरूले धेरै पहिले नै यस युद्धमा युक्रेनलाई सैन्य आपूर्ति र कोष प्रदान गर्ने कुराको सीमा रहेको थाहा पाइसकेका थिए। त्यही कुरा रुसविरुद्धको प्रतिबन्धमा पनि देखिएको थियो। मस्कोविरुद्ध कठोर प्रतिबन्धका उन्नाइस प्याकेज घोषणा भइसकेका छन्। तर, अझै पनि रुसी अर्थतन्त्र र त्यसबाट पोसित सेनालाई रोक्न सकिएको छैन। उल्टो, रुस द्वन्द्वको सुरुवातमा भन्दा बलियो र प्राविधिक रूपमा उन्नत भएको छ।

जबकि, युक्रेन नयाँ सैन्य भर्ती गर्न संघर्ष गरिरहेको छ। भएका सैनिक जवानको पलायन तथा भूमि क्षय रोक्नसमेत उसले कठिनाइ भोगेको देखिएको छ। अप्रिलसम्ममा उसलाई पश्चिमले दिएको वित्तीय सहयोगसमेत समाप्त हुने रिपोर्ट आउन थालेको छ। अझ खराब, पोल्यान्ड र जर्मनीजस्ता घनिष्ट युरोपेली सहयोगीले तिनको देशमा रहेका ठुलो संख्याका युक्रेनी शरणार्थीलाई निरन्तर आर्थिक सहयोग दिन नसक्ने संकेत गरेका छन्।

युरोपमा रुससँग युद्ध थप लम्ब्याइरहने चाहना पनि धेरै हदसम्म मरिसकेको छ। तर, कोही पनि यो युद्धलाई पूर्ण रूपमा टारेकोभन्दा खराब सम्झौता हासिल गरेको दोष स्विकार्न चाहँदैनन्। ट्रम्पलाई युक्रेनको पराजयका लागि दोष स्विकार्न त्यति जोखिम छैन, जति युरोपेली नेतालाई छ। किनकि, ट्रम्पले त पहिलेदेखि यस द्वन्द्वलाई 'बाइडेनको युद्ध' भन्दै आएका छन्। यो युद्ध आफ्ना पूर्ववर्ती राष्ट्रपति जो बाइडेनका कारण सुरु भएको ट्रम्पको आरोप छ। तर, युरोपेली नेताहरू र जेलेन्स्कीले त युद्धमैदानमा रुसलाई पराजित गर्न सकिन्छ भन्दै ठुलो परिमाणमा धन र जन गुमाइसकेका छन्।

युरोपेली नेताको आजको कठिन अवस्था बुझ्न डिसेम्बर २०१९ मा जेलेन्स्की र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबिच पेरिसमा भएको भेटवार्तालाई सम्झनुपर्छ। भेटमा दुई पक्षले पूर्वी युक्रेनको डोनबास क्षेत्रमा चलिरहेको द्वन्द्वमा युद्धविराम गर्ने सहमति जनाएका थिए। त्यसले युक्रेन र रुसबिच केही वर्षदेखि चलिरहेको शत्रुता समाप्त गर्दै अर्को १२ महिनासम्म युद्धमोर्चालाई स्थिर गरेको थियो। किभले त्यति वेला आज सपनामा मात्र कल्पना गर्न सक्ने सर्तमा सम्झौता गर्न सक्थ्यो। विशेषगरी, युक्रेनले दोनबास क्षेत्रको रुस समर्थित सेनाको कब्जामा रहेको क्षेत्रलाई स्वायत्तता दिएर सम्पूर्ण भागमाथि सार्वभौमिकता कायम राख्न सक्थ्यो। त्यसको बदला युक्रेनले सन् २०१४ मा रुसले कब्जा गरेको क्रिमिया प्रायद्वीप भने गुमाउनुपर्ने हुन सक्थ्यो।

तर, जनवरी २०२१ मा बाइडेन ह्वाइट हाउसमा आए। त्यसपछि जेलेन्स्कीले शान्ति प्रक्रियामा युटर्न लिए। रुसले सबै कुरा छाड्नुपर्ने अडानसहित युक्रेनले सम्पूर्ण मोर्चामा दबाब बढाउने रणनीति अपनायो। अझ जेलेन्स्कीले युक्रेनभित्र रहेका पुटिनका प्रमुख राजनीतिक सहयोगीमाथि धरपकड सुरु गरे। अलग रूपमा नेटामा युक्रेनको प्रवेशका लागि ठुलो अभियान सुरु गरियो। अमेरिकाले जर्मनीलाई रुसी ऊर्जा भित्र्याउने 'नोर्ड स्ट्रिम २' पाइपलाइनको निर्माण रोक्न दबाब दिन थाल्यो। बेलायतले समेत क्रिमियानजिकको समुद्री भागमा युद्धपोत पठाएर मस्कोलाई सीधै चुनौती दियो। त्यो रुसले सन् २०१४ देखि आफ्नो बताउँदै आएको क्षेत्र थियो।

एक वर्ष लामो खतरनाक दबाबको रणनीति अन्ततः फेब्रुअरी २०२२ मा पुटिनले युक्रेनमा पूर्ण स्तरको आक्रमण गरेपछि मात्र अन्त्य भयो। अहिले आएर किभ सबै युक्रेनी भूमिबाट रुसी सेना पूर्ण रूपमा फिर्ता हुनुपर्ने सही तर अव्यावहारिक मागबाट पछि हटेको छ। उसले जुन देशको सेना जहाँ पुगेको छ, त्यहीं अडिने गरी युद्धविराम गर्न सहमति जनाएको छ। तर, यो अवस्थामा आइपुग्न उसले डेढ लाख नागरिक र झन्डै एक लाखसम्म सेना गुमाउनुपऱ्यो। थप ठुलो भूमि गुमाउने कुरा त छँदै छ।

रुसको सर्तमा शान्ति सम्झौता युक्रेनका लागि अत्यन्तै अन्यायपूर्ण हुनेछ। त्यो वास्तवमा अन्तर्राष्ट्रिय कानुनविरुद्धसमेत हुनेछ। तर, यसको एक मात्र विकल्प भनेको देशलाई विनाशको अँध्यारो खाडलमा थप धकेल्नु हो, जसमा राष्ट्रियता नै ध्वस्त हुन सक्छ। युक्रेन युद्ध अन्त्य गर्ने सम्बन्धमा ट्रम्पले अघि सारेको पछिल्लो शान्ति योजनाको मस्यौदाप्रति तीन थरीको अर्थात् सकारात्मक, देखावटी प्रतिरोध र उग्रवादी प्रतिक्रिया आएका छन्। हालसम्म वार्ता युक्रेनको अडान सुधार्न सक्ने यथार्थपरक अडान भने अघि आएको छैन।

जेलेन्स्कीको भित्री टोली नै भ्रष्टाचार प्रकरणमा मुछिएपछि पश्चिमका युक्रेन युद्ध समर्थक समूहलाई पनि उनीहरू आफैंले सिर्जना गर्न मद्दत गरेको घातक गडबडीको जिम्मेवारीबाट मुक्त हुने बाटो भेटिएजस्तो भएको छ।

-अलजजिराबाट

इतिहासमा आज



सन् २००३ : करिब तीन दशक सञ्चालनमा रहेको विश्वको सबैभन्दा छिटो उड्ने कोनकोर्ड विमान महँगो सञ्चालन खर्च धान्न नसक्ने भएपछि यसै दिन अन्तिम उडान गरेर थन्क्याइयो।

सन् १७८९ : अमेरिकी संसद्को अनुरोधमा अमेरिकी राष्ट्रपति जर्ज वासिंटनले नयाँ निर्मित संविधानको सम्मानमा 'नेसनल थ्याङ्स-गिभिङ डे' मनाउने घोषणाअनुरूप यसै दिन पहिलोपटक 'थ्याङ्स-गिभिङ डे' मनाइयो।

सन् १७९१ : तत्कालीन राष्ट्रपति जर्ज वासिंटनको फिलाडेल्फियास्थित घरमा पहिलोपटक अमेरिकी सरकारको क्याबिनेट बैठक बस्यो। राष्ट्रपतिसँगै विदेशमन्त्री थोमस जेफर्सन, वित्तमन्त्री एलेक्ज्यान्डर ह्यामिल्टन, युद्धमन्त्री हेनरी नक्स र महान्यायाधिवक्ता एड्मन्ड च्यान्डोल्फ बैठकमा सहभागी थिए।

सन् १९१७ : पहिलो विश्वयुद्धमा मित्रशक्तिबाट लडिरहेको रुसमा बोल्सेभिक पार्टीको नयाँ सरकार गठन भएपछि यसै दिन तिनले विश्वयुद्धबाट बाहिरिन प्रतिद्वन्द्वी जर्मनी र अस्ट्रिय हंगेरीसँग सम्झौताको प्रस्ताव राखे। डिसेम्बर १५ मा रुस र धुरी राष्ट्रबिच युद्धविराम सम्झौता र अर्को वर्ष मार्च ३ मा औपचारिक रूपमा 'ब्रेस्ट-लितोभ्स्क सम्झौता'मा हस्ताक्षर भएसँगै रुस युद्धबाट बाहिरिएको थियो।

सन् १९१८ : मोन्टेनेग्रोमा बसेको 'पोड्गोरिका सभा'ले छिमेकी देश सर्बियासँग मिसिने पक्षमा मतदान गऱ्यो।

सन् १९२४ : मंगोलियाले नयाँ संविधान लागू गर्दै देशलाई गणतन्त्र घोषणा गऱ्यो।

सन् १९४१ : जापानका नौसैनिक वाहन र ४१४ जहाज कुरिल टापुको आधारबाट अमेरिकाको पर्लहार्वरतर्फ अघि बढ्न सुरु गऱ्यो। सो समूहले डिसेम्बर ७ मा पर्लहार्वरमाथि आक्रमण गरेपछि अमेरिका दोस्रो विश्वयुद्धमा तानिएको थियो।

सन् १९४८ : पहिलो पोलारोइड क्यामेरा 'मोडल ९५' सार्वजनिक भयो।

सन् १९४९ : भारतको संविधानसभाले देशको संविधानलाई अनुमोदन गऱ्यो। यो दुई महिनापछि जनवरी २६ मा लागू भएको थियो।

सन् १९५४ : श्रीलंकाली सरकारसँग लडेर देशको उत्तर तथा पूर्वी भागमा अलग तमिल राज्यका लागि झन्डै तीन दशक सशस्त्र विद्रोह लडेको तमिल टाइगर्सका संस्थापक नेता भेलुपिलाई प्रभाकरण यसै दिन जन्मिएका थिए।

१९९८ : टोनी ब्लेयर आयरल्यान्डको संसद्मा सम्बोधन गर्ने पहिलो बेलायती प्रधानमन्त्री बने।

पाकिस्तानले फेरि गऱ्यो अफगानिस्तानमा आक्रमण, दशको मृत्यु

काबुल / अफगान अधिकारीका अनुसार पाकिस्तानी सेनाले देशको दक्षिणपूर्वी खोस्ट प्रान्तमा बमबारी गर्दा कम्तीमा नौ बालबालिका र एक महिलाको मृत्यु भएको छ। पछिल्लो आक्रमणपछि दुई देशबिच केही समयदेखि कायम युद्धविराम फेरि तोडिने र नयाँ द्वन्द्व भड्किने जोखिम बढेको छ। तथापि, दुवै पक्षले पछिल्लो गतिरोधका लागि अर्को पक्षलाई दोष लगाउँदै आएको छ।

तालिबान प्रशासनका प्रवक्ता जबिहुल्लाह मुजाहिदले सामाजिक सञ्जाल एक्समा एक पोस्ट गर्दै लेखेका छन्, 'पाकिस्तानी आक्रमणकारी सेनाले स्थानीय बासिन्दा काजी मिरका छोरा वलित खानको घरमा बमबारी गराउँदा नौ बालबालिका (पाँच छोरा र चार छोरीसहित एक महिला सहित भएका छन्। घर पूर्ण रूपमा ध्वस्त भएको छ।' त्यस्तै उत्तरपूर्वी प्रान्त कुनार र पूर्वी प्रान्त पक्तिकामा पनि हवाई आक्रमण भएको र तिनमा कम्तीमा चार नागरिक घाइते भएको अफगान अधिकारीले बताएका छन्।

पेसावरस्थित पाकिस्तानको अर्धसैनिक बल 'फेडरल कन्स्टेबुलरी फोर्स'को मुख्यालयमा आत्मघाती आक्रमण भएपछि अफगानिस्तानमाथि बमबारी भएको हो। पेसावर आक्रमणको जिम्मा 'जमात-उल-अहररले लिएको छ, जुन पाकिस्तान तालिबान (टिपिपी)बाट विभाजित भएको समूह हो। यसअघि महिनाको सुरुमा पाकिस्तानको राजधानी इस्लामाबादमा भएको अर्को आत्मघाती आक्रमणमा कम्तीमा १२ जनाको मृत्यु भएको थियो। त्यति वेला आक्रमणको जिम्मेवारी पाकिस्तान तालिबानको एक गुटले लिएको थियो।

सन् २०२१ मा तालिबान सत्तामा फर्किएदेखि पाकिस्तान र अफगानिस्तानबिचको सम्बन्ध तिक्त छ। अक्टोबरमा दुई पक्षबिच सीमा क्षेत्रमा भिडन्त हुँदा दुवै पक्षका गरी लगभग ७० जनाको मृत्यु भएको थियो। कतार र टर्कीएको मध्यस्थतापछि दुई देशले युद्धविराम गरे। युद्ध अन्त्य गरे पनि सम्बन्ध पूर्ण सुधारिएको छैन।

इथियोपियामा १२ हजार वर्षपछि ज्वालामुखी विस्फोट



अदिस अबाबा / इथियोपियाको उत्तरपूर्वी क्षेत्रको एक ज्वालामुखी लगभग १२ हजार वर्षपछि विस्फोट भएको छ। ज्वालामुखी विस्फोटबाट निस्किएको धुवाँ र धुलो आकाशमा १४ किलोमिटरमाथिसम्म पुगेको अनुसन्धानकर्ताले बताएका छन्। त्यस्तै, ज्वालामुखीबाट निस्केको खरानीको धुलोको बादल यमन, ओमन, पूर्वी पाकिस्तान र भारतसम्म फैलिएको 'भोल्क्यानिक यास एड्भाइसरी सेन्टर'(भिएएसी)ले बतायो।

इरिट्रियाको सीमानजिकै इथियोपियाको आफार क्षेत्रमा अवस्थित हेली गुब्बी ज्वालामुखी आइतबार कैयौँ घण्टासम्म विस्फोट भएको थियो। एक स्थानीय अधिकारी मोहम्मद सेइदले विस्फोटबाट कुनै हताहती भएको रेकर्ड नभए पनि यसले स्थानीय पशुपालक समुदायलाई आर्थिक प्रभाव पार्न सक्ने बताए। 'अहिलेसम्म कुनै पनि मानव जीवन र पशुधन गुमेको छैन। तर, छेउछाउका धेरै गाउँ खरानीले ढाकिएका छन्। यसले स्थानीय बासिन्दाका पशुले खाने घाँसपातमा असर परेको छ,' उनले भने।

करिब ५०० मिटर उचाइको ज्वालामुखी टाकुरा अफ्रिकाको तीव्र भूगर्भीय गतिविधि हुने क्षेत्र रिफ्ट उपत्यकामै अवस्थित छ। त्यो भागमा दुईवटा टेक्टोनिक प्लेटहरू जोडिएका छन्। त्यही कारणले आफार क्षेत्रमा भूकम्प गइरहेको हुन्छ।

सेतो धुवाँको बाक्लो मुस्लोको भिडियो सामाजिक सञ्जालमा व्यापक सेयर गरिएका छन्। 'स्मिथसोनियन इन्स्टिच्युसन'को ग्लोबल भोलक्यानिजम प्रोग्रामका अनुसार हेली गुब्बी पछिल्लो १२ हजार वर्षमा विस्फोट भएको कुनै रेकर्ड नै छैन। ज्वालामुखीविद् र 'मिसिगन टेक्नोलोजिकल युनिभर्सिटी'का प्राध्यापक साइमन कार्नले यसको पुष्टि गरेका छन्।

रुस र युक्रेनबिच आक्रमण तीव्र



किभ / अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको युक्रेन युद्ध अन्त्य गर्नेसम्बन्धी 'योजना'माथि गहन छलफल चलिरहेका वेला युक्रेन र रुसले एक-अर्कामाथि आक्रमणलाई निरन्तरता दिएका छन्। रुसी बमबारीबाट ६ जना मारिएका किभका मेयर भिटाली क्लिट्स्कोले बताए। उता रुसी अधिकारीले पनि युक्रेनले क्रास्नोडार र रोस्तोभमा हवाई आक्रमण गरेको बताएका छन्। तथापि, आफ्ना सेनाले २४९ युक्रेनी ड्रोन खसालेको रुसी रक्षा मन्त्रालयले जनाएको छ।

रोस्तोभ क्षेत्रका कार्यवाहक गभर्नरले आक्रमणमा कम्तीमा तीनजनाको मृत्यु भएको बताएका छन्। यसैबिच एक अमेरिकी अधिकारीले युक्रेन युद्ध अन्त्य गर्नेसम्बन्धी शान्ति योजनाको मस्यौदामा जेनेभामा जारी वार्तापछि रुसी प्रतिनिधिसँग वार्ता हुने बताए। उनका अनुसार वार्ता अबुधाबीमा हुने तय भएको छ।

ट्रम्पले प्रस्ताव गरेको 'शान्ति योजना' रुसप्रति नरम र युक्रेनप्रति कठोर भएको आरोपपछि जेनेभामा युक्रेन-अमेरिकाबिचको बैठकमार्फत परिमार्जन गरिएको छ। युक्रेनका राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले अध्यावधिक शान्ति योजनामा आफूहरू लगभग सहमत भएको बताएका छन्।

नेपाल सरकार
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन पोखरा, कास्की

सडक डिभिजन पोखराको प्राविधिक प्रस्ताव स्वीकृती तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

प्रकाशित मिति : २०८२/०८/१०

यस डिभिजनबाट तपसिलका निर्माण कार्यमा बोलपत्र आह्वान गरिएकोमा पेश हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव खोली सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र सार्वजनिक खरिद नियमावली २०६४ को निमय ५९, ६०, ६२ र ६३ बमोजिम मुल्याङ्कन गरी योग्यताको सवै आधारमा सफल हुने तपसिल बमोजिमका सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताहरूको आर्थिक प्रस्तावहरू तपशिलको स्थान, मिति र समयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम ५ को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

ठेक्का नं	निर्माण कार्यको विवरण	सफल बोलपत्रदाताहरू
RDPKR/ 33701169/ 082/83-20	Road Upgrading Works on Waling KafalDanda GarauSur Mandir Hudei Rogdithanti Chapakot Rampur Palpa Sadak, Syangja.	• Bibek&Kuber Builders Pvt.Ltd, Waling 6 syangja • BRT-Brothers- Shiva JV, Ghorahi 9 Dang. • Darshan Construction Private Limited, Waling Municipality-9, Syangja. • Dewatri/Omlaxmi/Dhurbatara Jv, Kageshori Manohara-09, Gothatar.
RDPKR/ 33701169/ 082/83-25	Upgrading of Lumle Landruk Ghandruk Annapurna Chakrapath Road, Kaski.	• M/S BRT-JRS-Shiva JV, Ghorahi, Dang • M/S Om Laxmi-Baje Mandali JV, Kathmandu, Nepal • M/S Peak-CN JV, Pokhara • M/S LEVEL ONE/PS JV, Pokhara, Kaski • M/S KTM-Tellabung JV, Madhyapur Thimi, Bhaktapur.
RDPKR/ 33701169/ 082/83-38	Upgrading of Puranchaur Piyankhor towards Dhawa pul Machhapuchhre connecting road, Pokhara-19, Kaski.	• M/S Amritman-Sarangkot-Sunapati JV, Pokhara-8, Kaski • M/S Ganesh-Janasewa-Sunami JV, Samakhusi, Kathmandu • M/S Peak-CN-Lumbini JV, Pokhara-2, Kaski • M/S Omlaxmi-S/Dewatri-B/Dhurbatara-D JV, Gothatar-09, Kathmandu • M/S Level One/ECPL JV, Pokhara-6, Kaski.
DROPKR/ 33701134/ 82/83-45	Periodic Maintenace Works on Mirdi - Jagatbhanjyang -chapakot Road (NH-69), Syangja.	• Bibek&Kuber Builders Pvt.Ltd, waling 6 syangjya. • B. P. Construction, Chapakot 5 , Sekham. • Darshan Construction Private Limited, Waling Municipality- 9, Syangja. • Shree Creative Engineering & Construction Company pvt. ltd, Pauwai Gaunde- 7 syangja • Simran Builders Pvt.Ltd, Kathmandu.
आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान :	२०८२/०८/१७ गते दिनको १:०० बजे सडक डिभिजन पोखरा	

डिभिजन प्रमुख

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार १० मंसिर ०८२

उदयपुर सिमेन्ट आठ महिनापछि सञ्चालन

दैनिक पाँच सय मेट्रिकटन सिमेन्ट उत्पादन गर्ने तयारी



उदयपुरमा **विदुर कटुवाल**

आठ महिनादेखि बन्द रहेको उदयपुर सिमेन्ट उद्योग लिमिटेडले पुनः उत्पादन थालेको छ। तत्कालीन प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारले १५ वैशाख ०८२ को मन्त्रिपरिषद्मार्फत उद्योगलाई निजीकरण गर्ने निर्णय गरेपछि उत्पादन पूर्ण रूपमा बन्द भएको थियो। निजीकरणको तयारी गरेपछि बन्द भएको उद्योग जेन-जी आन्दोलनपछिको नयाँ सरकार आएपछि फेरि सञ्चालनमा आउने बाटो खुलेको थियो।

तत्कालीन ओली सरकारले उदयपुर सिमेन्टसँगै विभिन्न सातवटा पूर्ण सरकारी स्वामित्वका उद्योग तथा कलकारखाना निजीकरण गर्ने निर्णय गरेको थियो। त्यसपछि उदयपुर सिमेन्ट उद्योगलाई पनि निजीकरण गर्न नहुने भन्दै जिल्लाका स्थानीय सरोकारवालाले आपत्ति जनाउँदै आएका थिए।

उद्योग बन्द भएपछि कर्मचारीले लामो समय तलब-भत्ता नपाउने, प्लान्ट, झाडीले ढाकिने र यान्त्रिक प्रणाली जीर्ण बन्ने अवस्था सिर्जना भएको थियो। यसैबिच जेन-जी आन्दोलनपछि उद्योग बचाउन स्थानीयले आवाज पनि उठाउन लागे। जिल्लाका जेन-जी युवादेखि उद्योगका स्थायी कर्मचारीसम्मले निजीकरण खारेजी र उद्योग पुनः सञ्चालनको माग गरे। त्रियुगा नगरपालिका- ६ का वडा सदस्य प्रवेश खड्काको नेतृत्वमा स्थानीय टोलीले उद्योगमन्त्री अनिलकुमार सिन्हालाई भेटेर उद्योगलाई निजीकरण गर्ने निर्णय खारेज गर्दै पुनः सञ्चालनको माग गर्दै ज्ञापनपत्र बुझाए। उनी भन्छन्, 'नयाँ सरकार आएपछि हामीले उद्योगलाई निजीकरण गर्ने निर्णय खारेज गर्न माग राख्दै पुनः सञ्चालनको माग गरेसँगै अहिले उद्योगले सोमबारदेखि उत्पादन थालेको जानकारी पाएका छौं। मन्त्रीज्यूले उद्योगलाई निजीकरण हुन नदिने वचन दिनुभएको छ।'

खड्काका अनुसार उद्योगलाई नियमित सञ्चालनका लागि मन्त्री सिन्हासमक्ष पाँचबुँदे माग राखिएको छ। जसमा महाप्रबन्धक र सञ्चालक समिति तत्काल नियुक्ति गर्नुपर्ने, अदालतको आदेशले रोक्का भएका बैंक खाता सुचारु गर्न सहजीकरण गर्नुपर्ने, नेपाल सरकारले उपलब्ध गराएको १६ करोड ऋणमध्ये ६ करोड मौज्दात रकमलाई पुँजीगत खर्चबाट चालूमा रकमान्तर गर्नुपर्नेलगायतका छन्।

उदयपुर सिमेन्ट उद्योगका निमित्त महाप्रबन्धक कोविद काफ्लेले जेन-जी आन्दोलनपछि बनेको सरकार र स्थानीय दबाबले निजीकरण स्थगित गर्दै उद्योग पुनः सञ्चालनमा आएको बताए। उनले भने, 'उद्योग मन्त्रालयलाई तीन वर्षभित्र ब्याजसहित फिर्ता गर्ने सर्तमा चालू खर्चका लागि २४ करोड ऋण सहयोग उपलब्ध गराउन माग पनि गरेका छौं।'

सोमबारबाट उत्पादन गरेको उद्योगले मंगलबारसम्म झन्डै तीन सय टन क्लिंकर (सिमेन्ट) उत्पादन गरेको पनि उनले जानकारी दिए। नौ महिनादेखि उद्योगका एक सय ९५ जना कर्मचारीले तलब खान नपाएको पनि उनले बताए। उनले भने, 'उद्योगले तलब, विद्युत, सप्लायर्सको भुक्तानी गरेर जम्मा एक अर्ब ९० करोड तिर्न बाँकी रहेको छ।' आगामी दुई दिनभित्र ६० प्रतिशत क्षमतामा पुग्ने लक्ष्य राखिएको छ। उनले भने, 'उद्योगले दैनिक पाँच सय मेट्रिकटन सिमेन्ट उत्पादन गर्न तयारी गरिरहेको छ। कारखानाको पुरानो प्लान्टका कारण आठ सय मेट्रिकटन क्षमतामध्ये अहिले त्यति मात्र सम्भव भएको हो।'



स्वदेशी लगानीमै बनाउने गरी माथिल्लो अरुणको खाका तयार

भारतले सहमति नदिएपछि ऋण लगानी गर्न विश्व बैंकले दिएन चासो

मिलन विश्वकर्मा/ नयाँ पत्रिका

विश्व बैंकबाट आउने ऋण टुंगो नलागेपछि सरकारले स्वदेशी लगानीमै १,०६३ मेगावाटको माथिल्लो अरुण जलविद्युत् अर्धजलाशययुक्त परियोजना बनाउने तयारी गरेको छ। नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी अपर अरुण हाइड्रो इलेक्ट्रिक लिमिटेडले स्वदेशी लगानीमै परियोजना बनाउने गरी नयाँ खाका तयार गरेको हो।

संखुवासभाको भोटखोला गाउँपालिकामा निर्माण हुने यो आयोजनाको लागत अनुमान एक अर्ब ७५ करोड डलर (करिब दुई खर्ब १४ अर्ब रुपैयाँ) रहेको छ। त्यसमा ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजी (इक्विटी) जुटाउने गरी खाका तयार गरिएको छ।

३० प्रतिशत इक्विटीलाई शतप्रतिशत मानेर त्यसको ५१ प्रतिशत संस्थापन र ४९ प्रतिशत साधारण सेयर रहने प्रस्ताव गरिएको छ। संस्थापक सेयरधनीबाट ३६ अर्ब ६७ करोड र साधारण सेयरधनीबाट ३५ अर्ब २३ करोड लगानी उठाउने प्रस्ताव गरिएको छ। साधारण सेयरधनीमा वैदेशिक रोजगारमा रहेका तथा गैर आवासीय नेपाली, संस्थापक सेयरधनी संस्थाका कर्मचारी, आयोजना प्रभावित र आमसर्वसाधारण रहने व्यवस्था गरिएको छ।

५१ प्रतिशत संस्थापक सेयरधनीमा प्रदेश सरकार तथा स्थानीय तह, प्राधिकरण, नेपाल टेलिकम, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, एचआइडिसिएल, बिमा कम्पनी र प्राधिकरणका सहायक कम्पनीहरू रहने प्रस्ताव गरिएको छ।

बैंक तथा वित्तीय संस्थाको सहवित्तीयकरणमार्फत एक खर्ब ६८ अर्ब रुपैयाँ लगानी जुटाउने प्रस्ताव गरिएको छ। आयोजनामा सहवित्तीयकरणमार्फत ५३ अर्ब ३४ करोड रुपैयाँ ऋण लिने गरी भदौ ०७९ मा जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेड (एचआइडिसिएल), नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक र नागरिक लगानी कोषसँग यसअघि नै समझदारी भइसकेको छ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले अब माथिल्लो अरुण जलविद्युत् आयोजना स्वदेशी लगानीमै बनाउने बताए। 'पछिल्लो समय विश्व बैंकले त्यति चासो देखाएको छैन। अब हामी नेपालीकै लगानीबाट यो परियोजना बनाउँछौं। स्वदेश तथा विदेशमा रहेका नेपाली, गैरआवासायी नेपाली, नेपालमा रहेका विभिन्न संघ-संस्था यस परियोजनाबाट लगानी उठाएर परियोजना बनाउने गरी प्रक्रिया अघि बढेको छ,' उनले भने, 'यो आयोजना लामो समयदेखि चर्चामा मात्र रहेकाले अब लगानी मोडालिटी टुंगो लगाएर निर्माणमा जानुपर्छ।'

मंगलबार मन्त्रालयमा लगानीको प्रस्तावित खाकामा भएको छलफलमा मन्त्री घिसिङले लगानीको खाका स्वीकृतिका लागि पेस गर्न परियोजनालाई निर्देशन दिएका छन्। लगानीको खाका अर्थ मन्त्रालयबाट स्वीकृति हुनुपर्छ।



■ यसकारण पछि हट्यो विश्व बैंक

पूर्वतयारीका काममा विश्व बैंकले वित्तीय र प्राविधिक सहयोगसमेत गरिसकेको थियो। विश्व बैंकको नेतृत्वमा एक अर्ब डलर ऋण जुटाउने योजना थियो। माथिल्लो अरुण र ६ सय ७० मेगावाटको दुधकोशीमा विश्व बैंक र एसियाली विकास बैंकले संयुक्त लगानी गर्ने तयारी थियो। माथिल्लो अरुणमा विश्व बैंक र दुधकोशीमा एसियाली विकास बैंकको नेतृत्वमा गर्ने तयारी थियो। मंसिर ०८० मा युएईमा सम्पन्न कोप-२८ सम्मेलनमा विश्व बैंक र एसियाली विकास बैंकबिच यसबारे सहमति भएको थियो। त्यसपछि वैशाख ०८१ मा विश्व बैंकसँग यस सम्बन्धमा सैद्धान्तिक सहमति भएको थियो। तत्कालीन अर्थमन्त्री वर्षमान पुनको अमेरिका भ्रमणका क्रममा वित्तीय व्यवस्थापनका लागि सैद्धान्तिक सहमति भएको थियो।

विश्व बैंकसँग वार्ता भइरहेका बेलामा यो परियोजनामा भारतले चासो देखाएको थियो। अहिले यही परियोजनाको तल्लो क्षेत्रमा भारतीय कम्पनी सतलज जलविद्युत् निगम (एसजेभिएन)ले नौ सय मेगावाटको अरुण तेस्रो जलविद्युत् बनाइरहेको छ। त्यही करिडोरमा अरुण चौथो पनि एसजेभिएनले बनाउँदै छ। सोही कारण माथिल्लो अरुणमा पनि भारत र भारतीय लगानीकर्तालेे चासो देखाएका थिए। विश्व बैंकले परियोजनामा ऋण लगानी गर्न भारत सरकारको लिखित सहमति मागेको थियो। उक्त नदीको पानी बगेर भारतमै पुग्छ। विश्व बैंकको 'गाइडलाइन'मा जलविद्युत् परियोजनामा लगानी गर्दा नदीको तल्लो किनाराको देशको सहमति चाहिने उल्लेख भएको बताइएको छ। सोहीअनुसार पनि विश्व बैंकले भारतको सहमति मागेको स्रोतको भनाइ छ। तर, भारतले त्यस्तो सहमति नदिएपछि विश्व बैंकले अन्तिम निर्णय दिन सकेन।

अर्थ मन्त्रालयका वैदेशिक सहायता महाशाखा प्रमुख डा. धनीराम शर्मा विश्व बैंकबाट लगानी आउने विषय स्थगितजस्तै अवस्थामा भएको बताए। 'अहिले नै विश्व बैंकले लगानी नगर्ने भनेर निर्क्योल भइसकेको छैन। सुरुमा विश्व बैंककै नेतृत्वमा लगानी जुटाएर अगाडि बढाउने सहमति भएको थियो। सोही आधारमा केही पूर्वतयारीका काम पनि भएका थिए। त्यसमा विश्व बैंकले सहयोग पनि गरेको थियो। तर, पछिल्लो समय स्थगितजस्तै भएको छ,' उनले बताए।

प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवाललेे पनि अब स्वदेशी लगानीमा परियोजना बनाउने बताए। 'पछिल्लो डेढ वर्षदेखि विश्व बैंकले कुनै निर्णय दिएको छैन। ऋण नदिने पनि भनेको छैन। दिने पनि भनेको छैन। कुर्दा-कुर्दै समय बित्यो,' उनले भने, 'जति ढिला भयो, त्यति लागत बढ्छ। बैंकमा पनि तरलता थुप्रिएको छ। ब्याजदर पनि सस्तो छ। त्यो अवस्थामा स्वदेशमै लगानी जुटाउन सकिन्छ भन्नेमा ढुक्क छौं।'

■ बुढीगण्डकीको पनि लगानीको खाका तयार

१२ सय मेगावाटको बुढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजनाको पनि लगानीको खाका तयार भएको छ। निर्माण अवधिको ब्याज ३२ अर्बसहित आयोजनाको लागत चार खर्ब ६ अर्ब रुपैयाँ रहेको छ। त्यसमा कर्जा र स्वपुँजी (इक्विटी) अनुपात ७० र ३० प्रतिशत रहने गरी मोडालिटी तयार गरिएको छ। आयोजनाको प्रवर्द्धक बुढीगण्डकी कम्पनी लिमिटेडमा नेपाल सरकारको ८० र नेपाल विद्युत् प्राधिकरणको २० प्रतिशत सेयर स्वामित्व रहनेछ।

त्यसमा केही प्रतिशत सेयर सर्वसाधारणलाई जारी गरी कर्जाको भार घटाउन वा सरकारको सेयर पुनर्संरचना गर्न सकिने प्रस्ताव गरिएको छ।

सरकारको आयोजनामा इक्विटीबापत ९७ अर्ब ४७ करोड र सहुलियतपूर्ण कर्जाबापत एक खर्ब ५० अर्ब गरी कुल दुई खर्ब ४८ अर्ब रुपैयाँ लगानी रहने प्रस्ताव गरिएको छ। सरकारबाट हालसम्म आयोजनामा खर्च भएको ४५ अर्ब रुपैयाँ कम्पनीमा गरेको सेयर लगानीमा रूपान्तरणको प्रस्ताव गरिएको छ।

आयोजनाको निर्माणका क्रममा भन्सार तथा मूल्य अभिवृद्धि करबापतको रकमसमेत सरकारले यस आयोजनामा लगानी गर्नुपर्ने प्रस्ताव छ। पेट्रोलियम पदार्थको आयातमा भन्सार विन्दुमा लगाउँदै आएको पूर्वाधार करको ५० प्रतिशत रकम आयोजनामा लगानीका लागि छुट्याउनुपर्ने प्रस्ताव गरिएको छ।

हालसम्मको लगानी घटाउँदा आयोजनामा सरकारको लगानी हुने दुई खर्ब २८ अर्ब रुपैयाँको स्रोत सुनिश्चित गरिनुपर्नेछ। प्राधिकरणले आयोजनामा इक्विटीबापत २४ अर्ब ३७ करोड रुपैयाँ लगानी गर्नेछ। वित्तीय लागत घटाई आयोजनालाई सम्भाव्य बनाउन सरकारको सहजीकरणमा अनिवार्य तरलता अनुपातमा गणना हुने गरी ३० अर्ब रुपैयाँको ऊर्जा बन्ड जारी गर्न प्रस्ताव गरिएको छ। उक्त बन्ड बैंक तथा वित्तीय संस्था, बिमा तथा पुनर्बिमा कम्पनी र सार्वजनिक कोषले खरिद गर्न सक्नेछन्। बैंक तथा वित्तीय संस्थाबाट एक खर्ब चार अर्ब रुपैयाँ ऋण प्रवाह हुनेछ। कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, बिमा तथा पुनर्बिमा कम्पनी, एचआइडिसिएल, नेपाल टेलिकम र वाणिज्य बैंकहरूको सहवित्तीयकरणमार्फत उठाउने प्रस्ताव गरिएको छ।

सेयर किनबेचबाट हुने पुँजीगत लाभकर ६०% घट्यो

काठमाडौं/ सेयर कारोबारमा भएको नाफाबाट लगानीकर्ताले चालू आवको चार महिनामा तीन अर्ब ३८ करोड ३३ लाख २४ हजार रुपैयाँ पुँजीगत लाभकर तिरेका छन्। यो अघिल्लो आवको सोही अवधिको तुलनामा करिब ६० प्रतिशतले कम हो। गत आवको पहिलो चार महिनामा आठ अर्ब २० करोड एक लाख यस्तो कर उठेका सिडिएस एन्ड क्लियरिङ लिमिटेड (सिडिएससी)को तथ्यांकले जनाएको छ।

चालू आवको कात्तिक महिनामा मात्रै लगानीकर्ताले सरकारलाई ३८ करोड पाँच लाख ९९ हजार पुँजीगत लाभकर तिरेका छन्। तथ्यांकअनुसार कात्तिकमा व्यक्तिगततर्फ दीर्घकालीन सेयर कारोबारबाट १२ करोड ७१ लाख ७१ हजार र अल्पकालीन सेयर कारोबारबाट १६ करोड ३५ लाख ५३ हजार पुँजीगत लाभकर संकलन भएको छ। यस्तै, संस्थागत सेयर कारोबारबाट आठ करोड ९८ लाख ७३ हजार रुपैयाँ पुँजीगत लाभकर उठेको तथ्यांकमा उल्लेख छ।

त्यसमा साउन महिनामा दुई अर्ब १५ करोड ७५ लाख ६९ हजार रुपैयाँ पुँजीगत लाभकर उठेको थियो। यसैगरी, भदौमा ६० करोड १४ लाख ९९ हजार रुपैयाँ, असोजमा २४ करोड ३६ लाख ५६ हजार रुपैयाँ र कात्तिकमा ३८ करोड पाँच लाख ९९ हजार पुँजीगत लाभकर उठेको छ। गत आवको पहिलो चार महिनामा आठ अर्ब २० करोड एक लाख यस्तो कर उठेको थियो।

त्यसमा साउनमा चार अर्ब २७ करोड ५३ लाख, भदौमा दुई अर्ब ५७ करोड ९४ लाख ८० हजार, असोजमा ५८ करोड ६५ लाख ४० हजार र कात्तिकमा ७५ करोड ८७ लाख ८१ हजार पुँजीगत लाभकर उठेको थियो। गत आवभरमा भने सेयर कारोबारबाट १६ अर्ब ५४ करोड ३७ लाख पुँजीगत लाभकर उठेको तथ्यांकमा उल्लेख छ।

जेन-जी आन्दोलनपछि पुँजी बजारमा रौनक देखिएको छैन। कहिले बढ्ने र कहिले घट्ने भइरहेको छ। त्यसले गर्दा पुँजीगत लाभकर संकलन पनि घटेको छ। सेयर कारोबारमा हुने खुद नाफामा दीर्घकालीनतर्फ पाँच प्रतिशत र अल्पकालीनतर्फ ७.५ प्रतिशत पुँजीगत लाभकर तिर्नुपर्छ।

नेपालको सार्वजनिक ऋण सवा २७ खर्ब पुग्यो

नयाँ पत्रिका

नेपालले तिर्नुपर्ने कुल सार्वजनिक ऋण सवा २७ खर्ब पुगेको छ। चालू आर्थिक वर्षको चार महिनामा ५५ अर्ब ३६ करोड रुपैयाँ थपिएसँगै तिर्न बाँकी सार्वजनिक ऋण २७ खर्ब २९ अर्ब ४१ करोड पुगेको हो।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले मंगलबार सार्वजनिक गरेको तथ्यांकअनुसार आन्तरिक ऋण १२ खर्ब ७५ अर्ब ९६ करोड र वैदेशिक ऋण १४ खर्ब ५३ अर्ब ४५ करोड पुगेको हो। कुल ऋणमा आन्तरिकतर्फको हिस्सा ४६.७५ र वैदेशिकतर्फको हिस्सा ५३.२५ प्रतिशत रहेको छ। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ऋण दायित्व ४४.६९ प्रतिशत पुगेको हो।

गत आवको असार मसान्तसम्ममा ऋण दायित्व २६ खर्ब ७४ अर्ब चार करोड रुपैयाँ रहेको थियो। चालू आवको कात्तिक मसान्तसम्ममा सरकारले कुल एक खर्ब ३८ अर्ब ७५ करोड ऋण प्राप्ति गरेको छ।

त्यस्तै, यस अवधिमा एक खर्ब २७ अर्ब ६१ करोड रुपैयाँ ऋण भुक्तानी गरेको छ। विदेशी विनिमय परिवर्तनका कारण नेपाललाई यो चार महिनामा ४४ अर्ब २२ करोड नोक्सान भएको छ। प्राप्ति, भुक्तानी र विदेशी विनिमय परिवर्तनलाई समेत हिसाब गर्दा यस अवधिमा नेपालको ऋण दायित्व ५५ अर्ब ३६ करोड रुपैयाँ बढेको हो। सरकारले चालू आवमा कुल पाँच खर्ब ९५ अर्ब रुपैयाँ सार्वजनिक ऋण परिचालनको लक्ष्य लिएको छ। कात्तिक मसान्तसम्ममा लक्ष्यको २३.२९ प्रतिशत अर्थात् एक खर्ब ३८ अर्ब ७५ करोड ऋण परिचालन गरेको हो।

■ ऋण सेवामा डेढ खर्ब खर्च

चालू आवको चार महिनामा सरकारले ऋण सेवामा डेढ खर्ब खर्चिएको छ। साँवा फिर्तातर्फ एक खर्ब २७ अर्ब ६१ करोड र ब्याज भुक्तानीतर्फ २३ अर्ब २७ करोड खर्च भएको हो।

ऋण सेवामा भएको यो खर्च जिडिपीको अनुपातमा २.४७ प्रतिशत हो। सरकारले चालू आवका लागि ऋण सेवामा चार खर्ब ११ अर्ब एक करोड बजेट विनियोजन गरेको छ। यसमध्ये हालसम्म ३६.७१ प्रतिशत खर्च भएको हो।

यस अवधिमा सरकारले आन्तरिकतर्फ साँवा फिर्तामा एक खर्ब १२ अर्ब २६ करोड र ब्याज भुक्तानीतर्फ १९ अर्ब ३९ करोड खर्चिएको हो। त्यस्तै, बाह्यतर्फ साँवा फिर्तामा १५ अर्ब ३५ करोड र ब्याज भुक्तानीमा तीन अर्ब ८८ करोड रुपैयाँ खर्च भएको हो।

Government of Nepal
Ministry of Health and Population
National Academy of Medical Sciences
Bir Hospital
Mahabouddha, Kathmandu

Invitation for Bid

Date of Publication : 26st November 2025 (2082/08/10 B.S.)

1. ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu*** invites tender from eligible bidders for the following goods and works, bidding is open to all eligible bidders.
2. Eligible bidders may obtain further information ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu.*** Telephone No. 977-1-4221800, 4221119, Telefax: +977-1-4222864.
3. The Eligible Bidders may obtain further information and can inspect the Bidding Documents in **www.bolpatra.gov.np/egp** and the e-Bidding procedure shall be as specified in the bid document.
   a. Name of Bank : Rastriya Banijya Bank, Teku, Kathmandu
   b. Name of Office : National Academy of Medical Sciences, Bir Hospital
   c. Office Code No. : 370613501
   d. Office Account No : 1000100200010000
   e. Rajaswa Shirshak no : 14229
4. Bid must be purchasing till 12:00 hour date as below.
5. Bids received after the deadline shall not be accepted.
6. If the bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in the form of Bank voucher drawn in the name of ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu, Nepal office code no. 370613501 Deposit Account No.: 1700100102030000, of Treasury Controller Office, Tripureshwor, Kathmandu.***
7. Any provisions which are not mentioned in this notice will be consistent with public proceurement act (PPA), 2063/Public Proceuroment Regulation (PPR), 2064 and other prevailing Nepalese Rules.

Bid ID No.	Requirement	Opening Date	Bid Document Fee	Bid Security
NAMS/NCB/GOODS/82/83/25	Supply & Delivery of Plumbing Goods	2082-09-11; 14:00 hrs.	Rs. 3,000/-	Rs. 3,30,000/-
NAMS/NCB/GOODS/82/83/26	Supply & Delivery of Electric and Maintenance Goods		Rs. 3,000/-	Rs. 2,00,000/-

Procurement Unit

ऋषिङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरीभञ्ज्याङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल

विद्युतीय बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०८/१०

यस गाउँपालिकाको आ.व. २०८२/८३ को लागि स्वीकृत वार्षिक कार्यक्रम बमोजिम निम्न उल्लेखित कार्य गराउनुपर्ने आवश्यक भएकोले नेपाल सरकारबाट इजाजतपत्र प्राप्त योग्य नेपाली निर्माण व्यवसायीहरुबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय प्रणालीको माध्यमबाट बोलपत्र सम्बन्धी कागजात खरिद गर्न रु. ३००० यस कार्यालयको नाममा रहेको कुमारी बैंक ऋषिङ्ग शाखा स्थित सञ्चित कोष खाता नं.ग ४ १ - ०८३००३४५५४१००००७ मा जम्मा गरि सो सक्कल भौचर, साथै जमानत रकम यस कार्यालयको नाममा रहेको कुमारी बैंक ऋषिङ्ग शाखा स्थित धरौटी खाता न. ग ३ - ०८३००३४५५४१००००४ मा जम्मा गरि सक्कल भौचर सहित वा नेपाल राष्ट्रबैंकबाट मान्यता प्राप्त क वर्गको बैंकबाट बोलपत्र जमानतपत्र -बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट घटीमा ९० दिन र थप ३० दिन म्याद भएको) २०८२/०९/११ गते १२:०० बजे सम्ममा आवश्यक कागजपत्र विद्युतीय प्रणाली मार्फत बुझाउनु हुन अनुरोध गरिन्छ। साथै टेन्डर सोही दिन १३:०० मा बोलपत्रदाताहरुको रोहवरमा खोलिनेछ। सो समयमा कुनै पनि बोलपत्रदाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन।

थप जानकारीको लागि www.bolpatra.gov.np/egp मा वा ९८५६०६३६८५ मा सम्पर्क गर्न सकिन्छ।

क्र.सं.	ठेक्काको नाम	ठेक्का न.	ठेक्का रकम	जमानत रकम	बोलपत्रको दस्तुर
१	Upgrading of Jhaputaar Kahun Road (IV)	04/RRM/THN/NCB/WORKS/2082-83	–	७५००००	५०००
२	Upgrading of ShringaPath Road (VI)	05/RRM/THN/NCB/WORKS/2082-83	८६,३१,२२९।५३ (भ्याट र कन्टिन्जेन्सी बाहेक)	२५००००	३०००
३	Archaldi Khanepani Yojana	06/RRM/THN/NCB/WORKS/2082-83	४४,९७,७७१।२२ (भ्याट र कन्टिन्जेन्सी बाहेक)	१२५०००	३०००
४	Gadidada and Chelokma Khanepani Yojana	07/RRM/THN/NCB/WORKS/2082-83	३४,४७,२०६।७४ (भ्याट र कन्टिन्जेन्सी बाहेक)	१०००००	३०००

प्रमुख प्रशासकीय अधिकृत

जाडो बढेसँगै क्रम्पटनका नयाँ गिजर बजारमा



काठमाडौं/ क्रम्पटन ब्रान्डले नेपाली बजारमा नयाँ स्टोरेज वाटर गिजरका मोडेल सार्वजनिक गरेको छ। क्रम्पटनको आधिकारिक वितरक सिजी इलेक्ट्रोनिक्सले दुई नयाँ मोडेल एसेन्जा प्लस र सोलारियम केयरको बिक्री-वितरण सुरु भएको जनाएको छ।

कम्पनीका अनुसार नयाँ मोडेल स्टोरेज हिटिङ टेक्नोलोजीमा आधारित छन्, जसले चिसो मौसममा पनि पानी छिट्टै तताउने र लामो समयसम्म न्यानो कायम राख्छ। साथै, दैनिक प्रयोगका लागि सहज, सुरक्षित र दिगो सोलुसन पनि प्रदान गर्ने कम्पनीको भनाइ छ।

दुवै नयाँ मोडेलमा ट्यांकलाई दिगो र सुरक्षित राख्ने, पानी तात्ने क्रममा तापक्रम परिवर्तन तुरुन्त बुझ्न सहयोग गर्ने, ट्यांकभित्र जम्ने खनिज तह रोक्दै दीर्घकालीन प्रदर्शन कायम राख्ने विशेषता छन्। विद्युत् खपत कम गर्नुका साथै दैनिक प्रयोगका लागि स्थिरता, सुरक्षा र भरपर्दोपन खोज्ने उपभोक्ताका लागि यो मोडेल उपयुक्त हुने कम्पनीले जनाएको छ।

सामसङले ल्यायो 'वार्म विन्टर अफर', २५ प्रतिशतसम्म क्यासब्याक



काठमाडौं/ सामसङ नेपालले जाडो यामका लागि 'वार्म विन्टर अफर' घोषणा गरेको छ। शुक्रबारदेखि लागू भइसकेको यो अफर आगामी जनवरी १४ सम्म देशभरका अधिकृत सामसङ रिटेल स्टोरमा लागू हुनेछ। यसअन्तर्गत ग्राहकले वासिङ मेसिन र रेफ्रिजेरेटर किन्दा आकर्षक क्यासब्याक, छुट तथा सहज फाइनान्स सुविधा पाउनेछन्।

कम्पनीका अनुसार सात किलोदेखि १२ किलो क्षमतासम्मका एआई इकोबबल वासर ड्रायर, फ्रन्ट लोडलगायतका वासिङ मेसिनमा २३ प्रतिशतसम्म तत्कालै क्यासब्याक पाउन सकिनेछ। त्यसैगरी, सिंगल-डबल डोर, साइड बाई साइड रेफ्रिजेरेटरमा अधिकतम १७ प्रतिशत क्यासब्याक प्रदान गरिने पनि कम्पनीले जनाएको छ।

सामसङका वासिङ मेसिन तथा रेफ्रिजेरेटरमा प्रयोग भएको डिआइटी मोटरमा २० वर्षको वारेन्टी रहेको र सबै मोडेलमा निःशुल्क इन्स्टलेसन सेवा प्रदान गरिने बताइएको छ।

'होन्डा अल न्यु सिआर-भी'सार्वजनिक



काठमाडौं/ 'होन्डा अल न्यु सिआर-भी' नेपाली बजारमा सार्वजनिक भएको छ। होन्डा गाडीको आधिकारिक विक्रेता स्याकार ट्रेडिङ कम्पनी प्रालिले ग्राहकको बढ्दो चाहनालाई सम्बोधन गर्न होन्डा अल न्यु सिआरको बिक्री-वितरण सुरु गरेको जनाएको छ।

यो गाडीमा अत्याधुनिक प्रविधि र लक्जरी फिचर्सको उत्कृष्ट संयोजनका साथै १.५ लिटर पेट्रोल टर्बो इन्जिन जडान गरिएको छ। वेलकम सिट, फुल एलइडी लाइट र पानोरामिक सनरुफ समावेश यो गाडीमा १० थान एयर ब्याग छन्, जसले यात्रालाई थप सुरक्षित बनाउने कम्पनीको भनाइ छ।

सुरक्षाको हिसाबले पनि यो गाडी अब्बल रहेको कम्पनीको दाबी छ। यसको शक्तिशाली इन्जिन, सस्पेन्सन र डिजाइनलाई हेर्दा नेपालको बाटोमा 'पर्फेक्ट राइड'का लागि यो गाडी एक उत्कृष्ट विकल्प हुन सक्ने बताइएको छ। 'होन्डा अल न्यु सिआर-भी'ले नेपालको एसयुभी सेग्मेन्टमा लक्जरी र पर्फमेन्सको नयाँ उदाहरण बन्ने कम्पनीको विश्वास छ। कम्पनीका अनुसार यो गाडी ब्ल्याक, ह्वाइट, ब्ल्यु र सिल्भरमा रङमा उपलब्ध छन्। प्रिमियम गाडीको अनुभव लिन र 'टेस्ट राइड'गर्न चाहने ग्राहकलाई ललितपुरको धोबिघाटस्थित होन्डाको आधिकारिक सोरुममा सम्पर्क गर्न भनिएको छ।

सम्पत्ति शुद्धीकरणबारे आइएमई लाइफले दियो तालिम

काठमाडौं/ आइएमई लाइफ इन्स्योरेन्स कम्पनीले सम्पत्ति शुद्धीकरण, आतंककारी कार्य तथा आमविनाशकारी हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारण (एएमएल-सिएफटी) तालिम आयोजना गरेको हो। कार्यक्रममा कम्पनीका सञ्चालक समिति अध्यक्ष, सदस्य, व्यवस्थापक र विभागीय प्रमुखहरूलाई तालिम दिइएको हो। यस्ता कार्यसम्बन्धी विद्यमान ऐन-नियम सोसँग सम्बन्धित रही नियमनकारी निकायबाट जारी भएका निर्देशनमा रहेका कानुनी व्यवस्थाका बारेमा जानकारी गराइएको कम्पनीले जनाएको छ।

एसबिआई बैंकको लाभांश घोषणा

काठमाडौं/ नेपाल एसबिआई बैंकले गत आवको नाफाबाट नौ प्रतिशत लाभांश वितरण गर्ने घोषणा गरेको छ। हाल कायम चुक्ता पुँजीको चार प्रतिशत बोनस र पाँच प्रतिशत नगद लाभांश (करसहित) वितरण गर्ने भएको हो। उक्त लाभांशसम्बन्धी प्रस्ताव स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा पठाइने र स्वीकृतिपश्चात् बैंकको साधारणसभाले पारित गरेपछि वितरण हुनेछ।

लक्ष्मी सनराइज बैंक लिमिटेडमा धितो रहेको सम्पति लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८२/०८/१०)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने बक्यौता रकम (साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेताका अतिरिक्त विभिन्न मितिको विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगर्नु नगराउनु भएको हुँदा यो धितो लिलाम बिक्रीको सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः कर्जाको सुरक्षण स्वरुप बैंकसमक्ष धितो रहेको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति/सवारी साधन/इक्यूपमेण्ट जहाँ जे जस्तो अवस्थामा रहे भएकोछ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्तिमध्ये कुन सम्पत्ति के, कति मुल्यमा खरिद गरिलिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बैंकको बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाण्डौ स्थित कर्जा असुली विभाग/सम्बन्धित शाखा कार्यालयमा शिलबन्दी बोलपत्र दाखिल गर्नुहुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६औं दिन अर्थात मिति २०८२/०८/२५ गते (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) मा बैंकको सम्बन्धित शाखा कार्यालयमा दिनको ठीक ११:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रकर्ता तथा सम्वद्ध सबैमा अनुरोध छ। कुनै कारणबश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ। साथै सो सम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बक्यौता रकम असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी, जमानतकर्ता तथा निजहरुको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत बक्यौता रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ।

तपसिल

ऋणी तथा जमानतकर्ताको विवरण

शाखा कार्यालयः सुनवल, रुपन्देही

१. ऋणीको नाम : केशव राज गौतमको नाती भुवनेश्वर गौतमको छोरा गुल्मी जिल्ला थानपती गा.वि.स. वडा नं. ०२ भई हाल रुपन्देही जिल्ला बुटवल उप.म.न.पा. वडा नं. १० बस्ने **राजन गौतम** (ना.प्र.नं. ५३७५८ जि.प्र.का गुल्मी जारी मिति २०६२/०७/०९)

धितो जमानतकर्ता : केशव राज गौतम को बुहारी भुवनेश्वर गौतमको श्रीमती गुल्मी जिल्ला थानपती गा.वि.स. वडा नं. ०२ भई हाल रुपन्देही जिल्ला बुटवल उप.म.न.पा. वडा नं. १० बस्ने **गीता गौतम** (ना.प्र.नं. ९०७ जि.प्र.का गुल्मी जारी मिति २०४९/०९/०५)

व्यक्तिगत जमानतकर्ताहरुः

क) भुवनेश्वर गौतमको बुहारी राजन गौतमको श्रीमती कपिलबस्तु जिल्ला वरकुलपुर गा.वि.स. वडा नं. ०२ भई हाल रुपन्देही जिल्ला बुटवल उप.म.न.पा. वडा नं. १० बस्ने **जमुना अर्याल** (ना.प्र.नं. ३८१०५७/८१२ जि.प्र.का कपिलबस्तु जारी मिति २०६६/०५/२३)

(ख) केशव राज गौतमको नाती भुवनेश्वर गौतमको छोरा गुल्मी जिल्ला थानपती गा.वि.स. वडा नं. ०४ भई हाल रुपन्देही जिल्ला बुटवल उप.म.न.पा. वडा नं. १० बस्ने **सुदन गौतम** (ना.प्र.नं. ५८८३७ जि.प्र.का गुल्मी जारी मिति २०६३/०१/३१)

लिलाम बिक्री हुने सम्पत्तिको विवरण : जग्गाधनी गीता गौतमको नाममा मालपोत कार्यालय बुटवल रुपन्देही को लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला बुटवल गा.वि.स/न.पा वडा नं.१२ स्थित कित्ता नं. ६६ को क्षेत्रफल १४१.४२ व.मी भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. ऋणीको नाम : शंकर प्रसादको बुहारी, रविन्द्र कुमार अग्रहरीको पत्नी, नवलपरासी जिल्ला बन्जरिया गा.वि.स वडा नं. ६ भई हाल रामग्राम न.पा वडा नं. १८ बस्ने **छायादेवी अग्रहरी** (ना.प्र.नं.३६१० जि.प्र.का. नवलपरासी जारी मिति २०६१/०८/२५)।

व्यक्तिगत तथा धितो जमानतकर्ता : शंकर प्रसादको नाती, रविन्द्र कुमार अग्रहरीको छोरा, नवलपरासी (ब.सु.प) जिल्ला रामग्राम न.पा वडा नं. १८ भई हाल नवलपरासी जिल्ला रामग्राम न.पा वडा नं. १८ बस्ने **वंशीधर अग्रहरी** (ना.प्र.नं.३६-०१-७७-००१६२ जि.प्र.का.नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जारी मिति २०७७/०३/२४)।

लिलाम बिक्री हुने सम्पत्तिको विवरण : धितो जमानतकर्ता वंशीधर अग्रहरीको नाममा मालपोत कार्यलय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला बंजरिया गा.वि.स/न.पा, वडा नं. ९ छ स्थित कि.नं. ४१३ को क्षेत्रफल ०-३-१५-२ (विगाहा) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शाखा कार्यालय : घोराही, दाङ्ग

१. संयूक्त ऋणीको नाम :

क) पाटे चौधरीको नाती, चुलाही चौधरीको छोरा, दाङ्ग जिल्ला, हलवार गा.वि.स. वडा नं. ४ भई हाल दाङ्ग जिल्ला घोराही उ.म.न.पा. वडा नं. १५ बस्ने **श्री झग्गु चौधरी** (ना.प्र.नं. १५५३१।३२९ जि.प्र.का. दाङ्ग जारी मिति २०५१/०२/२९)

ख) डिल्लु थारुको छोरी, चुलाही चौधरीको बुहारी, झग्गु चौधरीको श्रीमती दाङ्ग जिल्ला, हेकुली गा.वि.स. वडा नं. ३ भई हाल दाङ्ग जिल्ला घोराही उ.म.न.पा. वडा नं. १५ बस्ने **श्री सरिता चौधरी** (ना.प्र.नं. ७०५ जि.प्र.का. दाङ्ग जारी मिति २०५९/०७/०१)

लिलाम बिक्री हुने सम्पत्तिको विवरण : धितो जमानतकर्ता श्री सरिता चौधरीको नाममा मालपोत कार्यालय घोराही, दाङका लगतमा दर्ता श्रेष्ता कायम रहेको दाङ जिल्ला घोराही गाबिस/न.पा. वडा नं. ७/क स्थित कित्ता नं. २४६० र ३०६५ को क्षेत्रफल ५०.०० र ४८.०० व.मि. जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको लिगलगापात।

शाखा कार्यालयः मणिग्राम, रुपन्देही

१. ऋणीको नाम : लोक नाथ ज्ञवालीको बुहारी पदम ज्ञवालीको पत्नी रुपन्देही जिल्ला मानपकडी गा.बि.स. वडा नं. ०५ भई हाल शुद्धोधन गा.पा. वडा नं. ०५ बस्ने **अंसु ज्ञवाली** (ना.प्र.नं. ३७२०३१/७९२८२ जि.प्र.का. रुपन्देही, जारी मिति २०६९/१०/०७)।

व्यक्तिगत जमानतकर्ता : प्रेम लाल ज्ञवालीको नाती लोक नाथ ज्ञवालीको छोरा रुपन्देही जिल्ला मानपकडी गा.वि.स. वडा नं. ०५ भई हाल शुद्धोधन गा.पा. वडा नं. ०५, बस्ने **पदम ज्ञवाली** (ना.प्र.नं. ३७२०३१/४८३१७ जि.प्र.का. रुपन्देही जारी मिति २०६५/०३/२४)

लिलाम बिक्री हुने सम्पत्तिको विवरण : धितो जमानतकर्ता अंसु ज्ञवालीको नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला मानमटेरीया गा.वि.स वडा नं. ५ नक्सा सिट नं.०९८१४७० स्थित कित्ता नं. ४३२ को क्षेत्रफल क्रमशः ८४६.५८ वर्ग मि.को जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. ऋणीको नाम : खड्क बहादुर वि.क.को नातिनी दिल बहादुर कामीको छोरी स्याङ्जा जिल्ला गल्याङ न.पा. वडा नं. ०२ भई हाल रुपन्देही जिल्ला बुटवल उप-म.न.पा. वडा नं. ११ बस्ने **समिक्षा वि.क.** (ना.प्र.नं. ४२-०२-७४-०४५२० जि.प्र.का स्याङ्जा, जारी मिति २०७४/०८/२८)

व्यक्तिगत जमानतकर्ता : खड्क बहादुर वि.क.को बुहारी दिल बहादुर कामीको पत्नी स्याङ्जा जिल्ला जगत्रदेवी गा.वि.स. वडा नं. ०६ भई हाल रुपन्देही जिल्ला बुटवल उप-म.न.पा. वडा नं. ११, बस्ने **कोपिला कामी** (ना.प्र.नं. ४२३०२८/५४४ जि.प्र.का स्याङ्जा जारी मिति २०६३/११/१६)

लिलाम बिक्री हुने सम्पत्तिको विवरण : धितो जमानतकर्ता समिक्षा वि.क.को नाममा मालपोत कार्यालय कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको कपिलवस्तु जिल्ला पतरिया गा.वि.स वडा नं.१ नक्सा सिट नं. १ख स्थित कित्ता नं. ७६६ को क्षेत्रफल ०-३-७-० (बि-क-धु) को जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणी तथा जमानतकर्ताको विवरण

शाखा कार्यालयः गुलरिया, बर्दिया

१. ऋणीको नामः माधव प्रसाद थारुको बुहारी राम प्रसाद थारुको पत्नी बर्दिया जिल्ला नेउलापुर गा.बि.स./न.पा. वडा नं. ०३ भई हाल बर्दिया जिल्ला ठाकुरबाबा न.पा. वडा नं. ०१ बस्ने **दुर्गा चौधरी** (ना.प्र.नं.६५३०१८/६७९ जि.प्र.का. बर्दिया, जारी मिति २०६३/११/१२)।

व्यक्तिगत जमानतकर्ता : गोब्रा थारुको नाति, माधव प्रसाद थारुको छोरा, बर्दिया जिल्ला, बगनाहा गा.पा/न.पा. वडा नं. ०३ भई हाल ठाकुरबाबा न.पा. वडा नं. ०१ बस्ने **राम प्रसाद थारु** (ना.प्र.नं. ६५३००५/१०११ जि.प्र.का. बर्दिया, जारी मिति २०६३/११/२१)।

लिलाम बिक्री हुने सम्पत्तिको विवरण : धितो जमानतकर्ता दुर्गा चौधरीको नाममा मालपोत कार्यालय बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला नेउलापुर गा.बि.स./न.पा वडा नं.८ नक्सा सीट नं. ८ख स्थित कित्ता नं. १८२ को क्षेत्रफल ०-२-० (बि.क.धु जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शाखा कार्यालयः कारकाँदो चोक, नेपालगञ्ज, बाँके

१. संयुक्त ऋणीको नाम :

क. लोक बहादुर भण्डारीको बुहारी बिश्वराज कोइरालाको छोरी, धुर्ब बहादुर भण्डारीको पत्नी, कैलाली जिल्ला टीकापुर गा.वि.स. वडा नं. ०९ भई हाल बाँके जिल्ला नेपालगन्ज उ.प.म.न.पा वडा नं. २४ बस्ने **कल्पना कोइराला** (ना.प्र.नं. ६७२०४०/२४७५ जि.प्र.का. कैलाली जारी मिति २०६४/०७/१५)

ख. प्रेम सिंह भण्डारीको नाती लोक बहादुर भण्डारीको छोरा अछाम जिल्ला सेरा गा.वि.स. वडा नं. ०८ भई हाल बाँके जिल्ला नेपालगन्ज उ.प.म.न.पा वडा नं. २४ बस्ने **धुर्ब बहादुर भण्डारी** (ना.प्र.नं. ४०९२२ जि.प्र.का. अछाम जारी मिति २०६३/०१/१५)

व्यक्तिगत जमानतकर्ता : गिरी भण्डारीको नाती प्रेम सिंह भण्डारीको छोरा अछाम जिल्ला सेरा गा.वि.स. वडा नं. ०८ भई हाल बाँके जिल्ला नेपालगन्ज उ.प.म.न.पा वडा नं. २४ बस्ने **लोक बहादुर भण्डारी** (ना.प्र.नं. ९/२२ जि.प्र.का. अछाम जारी मिति २०४५/०१/१४)

लिलाम बिक्री हुने सम्पत्तिको विवरण : संयुक्त ऋणीमध्येको धितो जमानतकर्ता धुर्व बहादुर भण्डारीको नाममा मालपोत कार्यालय बाँकेको लगतमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला खास कारकादो गा.वि.स/न.पा वडा नं. ८ स्थित कित्ता नं. ९९२ को क्षेत्रफल १८६.२२ ब.मी. भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. ऋणीको नाम : प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग, वाणिजय तथा आपूर्ति मन्त्रालय, वाणिजय आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिजय आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगंज, बाँकेमा दर्ता नं. ३२३९१/०७७/०७८, मिति २०७७/०५/१० मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय नेपालगंज, पान नं. ६१३५६५३५२ भएको बाँके जिल्ला, नेपालगंज उ.म.न.पा वडा नं. ५, स्थित **माता कलंकी सप्लायर्स।**

प्रोप्राइटर तथा धितो जमानतकर्ता : फणेन्द्र मल्लको नाति, भुपाल बहादुर मल्लको छोरा, बर्दिया जिल्ला, खैरीचन्दनपुर गा.वि.स./न.पा. वडा नं. ४ भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. ५ बस्ने **गौरव मल्ल** (ना.प्र.नं. २०९३२, जि.प्र.का. बर्दिया, जारी मिति २०६२/०३/२०)।

व्यक्तिगत तथा धितो जमानतकर्ता : फणेन्द्र मल्लको बुहारी, भुपाल बहादुर मल्लको पत्नी, गुल्मी जिल्ला, दरवारदेवीस्थान गा.वि.स./न.पा. वडा नं. ७ भई हाल बाँके जिल्ला नेपालगंज उ.म.न.पा. वडा नं. ५ बस्ने **सुइट शाह** (ना.प्र.नं. ७५६, जि.प्र.का. गुल्मी, जारी मिति २०३३/०३/१६)।

व्यक्तिगत जमानतकर्ता : भुपाल बहादुर मल्लको बुहारी, गौरव मल्लको पत्नी, कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १ भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. ५ बस्ने **विन्दु कुमारी हमाल** (ना.प्र.नं. ६७१०२०/१०१४१, जि.प्र.का. कैलाली, जारी मिति २०६६/०४/०६)।

लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. धितो जमानतकर्ता गौरव मल्लको नाममा मालपोत कार्यालय दाङ्गमा दर्ता कायम रहेको दाङ्ग जिल्ला, हेकुली गा.वि.स. वडा नं. ४ कित्ता नं. १० र ११ तथा क्षेत्रफल क्रमशः ६१८०.१८ र ९६५.१२ (ब.मि.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. धितो जमानतकर्ता सुइट शाहको नाममा मालपोत कार्यालय दाङ्गमा दर्ता कायम रहेको बाँके जिल्ला, नेपालगंज वडा नं. ११ स्थित कित्ता नं. ५१७ र १०६ को क्षेत्रफल ६७.७२ र १८६.२३ (ब.मि.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. यस बैंकको नाममा दर्ता कायम रही **ऋणी माता कलंकी सप्लायर्स** जनिएको मोडेल DOST PLUS CONTAINER च्यासिस नं. MB1AA22E3LRJ01953 इन्जिन नं. JLH013144P भएको **सवारी दर्ता नं. प्र ३ ०१ ०२३ च ८०५२** को निजि सवारी साधन थान १।

४. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

३. ऋणीको नाम : नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. १५६८५१/०७३/०७४, मिति २०७३/०६/१३ मा दर्ता भएको आन्तरिक राजश्व कार्यालय, नेपालगञ्ज पान नं. ६०४३३५१०६ भएको बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ११ स्थित **पुजा निर्माण सेवा प्रा. लि.।**

संचालक अध्यक्ष : मान बहादुर शाहीको नाति, मोत बहादुर शाहीको छोरा, बाँके जिल्ला, रझेना गा.वि.स. वडा नं. ४ भई हाल कोहलपुर न.पा. वडा नं. ११ बस्ने **कमल बहादुर शाही** (ना.प्र. नं. ६६-०१-७०-०००९३, जि.प्र.का. बाँके, जारी मिति २०७०/०१/०४)।

व्यक्तिगत जमानतकर्ता : सन्त बहादुर राना क्षेत्रीको छोरी, मोत बहादुर शाहीको बुहारी कमल बहादुर शाहीको पत्नी, बाँके जिल्ला, टिटिहिरीया गा.वि.स./न.पा. वडा नं. ६ भई हाल कोहलपुर न.पा. वडा नं. ११ बस्ने **लक्ष्मी कुमारी राना क्षेत्री** (ना.प्र.नं. ६६१०४५/८६, जि.प्र.का. बाँके, जारी मिति २०७१/०१/२१)।

लिलाम बिक्री हुने सम्पत्तिको विवरण : यस बैंकको नाममा दर्ता कायम रही ऋणी पुजा निर्माण सेवा प्रा. लि. जनिएको मोडेल नं. Ford India Figo, 2017 इन्जिन नं. HR33735, च्यासिस नं. MAJGXXMTKGHR33735 भएको **सवारी दर्ता नं. बा. १८ च ९७३** को प्राईभेट कार थान १।

ऋणी तथा जमानतकर्ताको विवरण

४. ऋणीको नाम : प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय नेपालगंजमा दर्ता नं. २६२७७/०७३/०७४, मिति २०७३/०९/०८ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय नेपालगंज, पान नं. ६०५८८१८४०, मिति २०७३/१२/१४ भएको बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. २४ **स्थित एच ओ अटो।**

प्रोप्राइटर तथा धितो जमानतकर्ता : विष्णु बहादुर श्रेष्ठको छोरी, शम्भु सिंह श्रेष्ठको बुहारी, गौतम प्रसाद श्रेष्ठ पत्नी, चितवन जिल्ला, रत्ननगर गा.वि.स. वडा नं. १ भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. ८ बस्ने **रीना श्रेष्ठ** (ना.प्र.नं. १८९६, जि.प्र.का. चितवन, जारी मिति २०५२/०१/०३)।

धितो जमानतकर्ता : लाल बहादुर श्रेष्ठको बुहारी, शम्भु सिंह श्रेष्ठको पत्नी, बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. ८ बस्ने **लक्ष्मी कुमारी श्रेष्ठ** (ना.प्र. नं. ११६०१, जि.प्र.का. बाँके, जारी मिति २०३५ /०५/२६)।

व्यक्तिगत जमानतकर्ता : लाल बहादुर श्रेष्ठको नाति, शम्भु सिंह श्रेष्ठको छोरा, बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. ८ बस्ने **गौतम प्रसाद श्रेष्ठ** (ना.प्र.नं. ४८, जि.प्र.का. बाँके, जारी मिति २०५२/०४/१४)।

लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. धितो जमानतकर्ता लक्ष्मी कुमारी श्रेष्ठको नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला, नेपालगंज न.पा वडा नं. ८ स्थित कित्ता नं. ७२, ७३ र ८६ को क्षेत्रफल क्रमशः १७३.६०, १७२.८० र १९९.५० ब.मि. भएको घर जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. धितो जमानतकर्ता रीना श्रेष्ठको नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला, खासकारकादो न.पा/गा.वि.स. वडा नं. २ ख स्थित कित्ता नं. ६११, ६१८ र ६३८ को क्षेत्रफल क्रमशः ३३.८६, १६९.३० र १३५.४४ ब.मि. भएको घर जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. यस बैंकको नाममा दर्ता कायम रही **ऋणी एच ओ अटो** जनिएको मोडेलः Renault, Captur 1.5 RXT Mono Pet & 2018 च्यासिस नं. MEERHA004J5006345 इन्जिन नं. E001626 भएको **सवारी दर्ता नं. बा २० च ६५०१** को भाडा/निजी सवारी साधन थान १।

४. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

शाखा कार्यालयः बुटवल मिलनचोक, रुपन्देही

१. ऋणीको नाम : प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही, सिद्धार्थनगरमा दर्ता नं. १५६५४/०७४/७५ मिति २०७५/०१/२० मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय बुटवल, रुपन्देही पान नं. ६०७७९४२९२ भएको रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं.०१, स्थित **बगनास काली मेटल उद्योग।**

प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ताः रण बहादुर मिधुनको नाति, फत बहादुर मिधुनको छोरा, पाल्पा जिल्ला, बगनासकाली गा.पा. वडा नं.७, भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. २ बस्ने **श्याम बहादुर मिधुन** (ना.प्र.नं.३९-०१-७४-०९३०१ जि.प्र.का. पाल्पा जारी मिति २०७४/१२/२२)।

धितो तथा व्यक्तिगत जमानतकर्ता : फत बहादुर मिधुनको बुहारी, श्याम बहादुर मिधुनको पत्नी, पाल्पा जिल्ला, खानिगाउँ गा.पा. वडा नं.२, भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. २ बस्ने **तुल्सी मिधुन** (ना.प्र.नं.१०२७८७ जि.प्र.का. पाल्पा जारी मिति २०६०/८/३)

लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. **धितो जमानतकर्ता तुल्सी मिधुनको** नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला आनन्दवन गा.वि.स/न.पा वडा नं. ३/घ स्थित कित्ता नं. २३८१ र २३७९ को क्षेत्रफल ०-०-३ र ०-०-२ भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

शाखा कार्यालयः भैरहवा, रुपन्देही

१. ऋणीको नाम : कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १८३९२८/०७४/०७५ मिति २०७४/११/०२ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय बुटवल, पान नं. ६०६७७९६३२ भएको रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १२, स्थित **हिमचुली पार्टी प्यालेस होटल एण्ड रेष्टुरेन्ट प्रा.लि.।**

सञ्चालक तथा व्यक्तिगत जमानतकर्ताहरुः

क. पशुपति पौडेलको नाती, देवी प्रसाद पौडेल (शर्मा) को छोरा, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १४ भई हाल रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १२, तामनगर बस्ने **कृष्ण पौडेल (शर्मा)** (ना.प्र.नं. ४४३४ जि.प्र.का. रुपन्देही जारी मिति २०५४/०७/११)

ख. पशुपति पौडेलको नाती, देवी प्रसाद शर्माको छोरा रुपन्देही जिल्ला बुटवल उपमन.पा. वडा नं. १४ भई हाल रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १२, तामनगर बस्ने **भुपेन्द्र पौडेल** (ना.प्र.नं. २७०८० जि.प्र.का. रुपन्देही जारी मिति २०६१/०७/१८)

व्यक्तिगत जमानतकर्ताहरु :

क) देवी प्रसाद पौडेल (शर्मा) को बुहारी भुपेन्द्र पौडेलको पत्नी, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १२ भई हाल रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १२, तामनगर बस्ने **बिना ढकाल पौडेल** (ना.प्र.नं. ३७२०२७/६५१०८ जि.प्र.का. रुपन्देही जारी मिति २०६७/११/०१)

ख) देवी प्रसाद पौडेल (शर्मा) को बुहारी कृष्ण पौडेल (शर्मा) को पत्नी रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १४ भई हाल रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १२, तामनगर बस्ने **कुसुम अर्याल** (ना.प्र.नं. २९३३६ जि.प्र.का. रुपन्देही जारी मिति २०६१/१२/०९)

लिलाम बिक्री हुने सम्पत्तिको विवरण : यस बैंकको नाममा दर्ता कायम रही **ऋणी हिमचुली पार्टी प्यालेस होटल एण्ड रेष्टुरेन्ट प्रा.लि.** जनिएको मोडेल V-cross (2017) च्यासिस नं. M3GTGS864HB700777 इन्जिन नं. RH9498 भएको सवारी दर्ता नं. **बा १८ च ९८८५** को भाडा/निजी सवारी साधन थान १।

२. ऋणीको नाम : राम सुमेर उपाध्यायको नाति, राजेन्द्र प्रसाद उपाध्यायको छोरा, रुपन्देही जिल्ला सिदार्थनगर नगरपालिका वडा नं ६ बस्ने **गोपाल उपाध्याय** (ना.प्र.नं. २६८७५ जिल्ला कार्यालय रुपन्देही जारी मिति २०६१/०७/२५)।

व्यक्तिगत जमानतकर्ताहरु :

क) श्रीपथ उपाध्यायको नाति, राम सुमेर उपाध्यायको छोरा, रुपन्देही जिल्ला सिदार्थनगर नगरपालिका वडा नं ६ बस्ने **राजेन्द्र प्रसाद उपाध्याय** (ना.प्र.नं. ३१६३६ जि.प्र.का. रुपन्देही जारी मिति २०३५/१२/२७)।

ख) ठाकुर प्रसाद चौबेको छोरी राम सुमेर उपाध्यायको बुहारी राजेन्द्र प्रसाद उपाध्यायको पत्नी रुपन्देही जिल्ला सिदार्थनगर नगरपालिका वडा नं ६ बस्ने **श्रीमती श्यामा देवी उपाध्याय** (ना.प्र.नं. २३५१५ जि.प्र.का. पाल्पा जारी मिति २०४४/०५/०४)

लिलाम बिक्री हुने सम्पत्तिको विवरण : यस बैंकको नाममा दर्ता कायम रही ऋणी **श्री गोपाल उपाध्याय** जनिएको मोडेल नं TATA Tiago, RT XZ (2018) च्यासिस नं. REVTRN 02CRYK19986 , इन्जिन नं. MAT626281JKC22934 भएको **सवारी दर्ता नं. बा.१९ च ८११७** को निजी कार थान १।

नोटः ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो। जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।

पुनश्च : बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाण्डौ स्थित कर्जा असुली विभाग/सम्बन्धित शाखा कार्यालयबाट प्राप्त गर्न सकिनेछ। साथै बोलपत्र फारममा उल्लेखित शर्तबन्देजहरु समेत यसै सूचनाको अभिन्न अंङ्गको रुपमा रहनेछ।

अन्य जानकारीको लागि यस बैंकको प्रधान कार्यालय हात्तिसार स्थित कर्जा असूली विभाग वा सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्न सकिने छ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com



काठमाडौंको जितमा कप्तान करण नायक

लुम्बिनीलाई २२ रनले हराउँदा काठमाडौंका करण केसीले ११ बलमा ३४ रन र एक विकेट लिए

रमेश सुवेदी/नयाँ पत्रिका

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करणअन्तर्गत मंगलबार काठमाडौं गोखोजले दोस्रो जित निकालेको छ। त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा काठमाडौंले लुम्बिनी लायन्सलाई २२ रनले हराएको हो। पहिलो ब्याटिङ गरेको काठमाडौंले २० ओभरमा ८ विकेट गुमाएर १ सय ५७ रनको चुनौतीपूर्ण योगफल खडा गऱ्यो। प्रत्युत्तरमा इनिङ्सको अन्तिम ओभरसम्म जितको आशा राखेको लुम्बिनी १९.१ ओभरमा १ सय ३५ रनमा अलआउट भयो।

चार खेलमा समान दुई जित र हार नतिजा व्यहोरेको काठमाडौं चार अंकका साथ तेस्रो स्थानमा उक्लेको छ। लुम्बिनी तीन खेलमा दुई अंकका साथ चौथो स्थानमै रह्यो। लगातार दुई खेलमा पराजित भएपछि काठमाडौंले चौथो खेलमा दुई अंक बटुलेको हो। लुम्बिनी भने पहिलो खेलपछि लगातार दुई खेलमा पराजित भएको छ। काठमाडौं र लुम्बिनीबिचको प्रतिस्पर्धामा धेरैपटक रोमाञ्चक मोड आएको थियो। तर, काठमाडौंको जितमा र लुम्बिनीको हारमा एक खेलाडीको प्रभाव धेरै रह्यो।



काठमाडौंका कप्तान करण केसी र आदिल अन्सारीले एकै ओभरमा ३१ रन बटुलेपछि खेलको नतिजामै नाटकीय परिवर्तन भयो। करणले ट्रम्पलम्यानविरुद्ध विस्फोटक ब्याटिङ गरेका थिए। ट्रम्पलम्यानको खर्चिलो ओभरअघिसम्म लुम्बिनी खेलमा निकै हाबी थियो। पहिलो ब्याटिङ गरेको काठमाडौं १७.४ ओभरमा ११७-७ को नाजुक अवस्थामा थियो। क्रिजमा करण र मोहमद आदिल थिए।

करणको त्यो ओभर

इनिङ्सको १९औं ओभरमा ट्रम्पलम्यानले बलिङ गर्न आउँदा स्ट्राइकमा करण थिए। यस ओभरमा उनी निकै आक्रामक रूपमा प्रस्तुत हुँदै काठमाडौंको स्कोर १ सय ५० रनमाथि पुऱ्याए। करणले ट्रम्पलम्यानको पहिलो बलमा छक्का प्रहार गरे। दोस्रो बल नो बल हुँदा उनले चौका ठोके। त्यसपछि प्राप्त फ्री हिटमा उनले छक्का प्रहार गरे। करणले तेस्रो बलमा छक्का र चौथो बलमा एक रन लिँदै आदिललाई स्ट्राइक दिए। आदिलले पाँचौं बलमा एक रन बटुल्दै पुनः करणलाई स्ट्राइकमा ल्याए। उनले ट्रम्पलम्यानको अन्तिम बलमा छक्का प्रहार गरी खेलमा रोमाञ्चकता दिलाए। करणले ११ बलमा एक चौका र चार छक्का प्रहार गरी सर्वाधिक ३४ रनको योगदान दिए। उनले लुम्बिनीविरुद्ध ३०९.० ९ को स्ट्राइकमा ब्याटिङ गरेका थिए। काठमाडौंको ब्याटिङमा ओपनर आकाश त्रिपाठीले ३६ बलमा तीन चौकाको सहयोगमा ३२ रन जोडे। सन्तोष यादवले १६ बलमा दुई छक्का प्रहार गरी २६ रन तथा गेहार्ड इरास्मुसले १५ बलमा १७ रन बटुलेका थिए। बलिङमा लुम्बिनीका लागि सेर मल्लले ३३ रन खर्चेर दुई विकेट हात पारेका थिए।

लक्ष्य सहजै पछ्याउन सकिन्थ्यो

● **शेर मल्ल**, खेलाडी, लुम्बिनी



सुरुमा बलिङ गर्दा विकेट खराब लागेको थिएन। हामीले काठमाडौंले दिएको लक्ष्य सहजै पछ्याउनुपर्ने थियो। तर, दुई-तीनवटा अनावश्यक रूपमा विकेट गयो। यसैकारण हामी ब्याटिङको क्रममा कमजोर भयौं। अन्तिम ओभरसम्म जितको आशा थियो। यदि विकेट बाँकी रहँदा काठमाडौंलाई सहजै हराउन सकिन्थ्यो। लुम्बिनीको शीर्ष चारमा कमब्याक गर्ने अवसर छ। अझै धेरै खेल बाँकी नै छ।

लुम्बिनीविरुद्ध गल्ती भएन

● **आकाश त्रिपाठी**, ओपनर, काठमाडौं



अघिल्लो खेलमा ससाना गल्तीले हारेजस्तो लाग्छ। लुम्बिनीसँगको खेलमा त्यस्तो केही गल्ती भएन। आजको खेलमा सबै पक्ष राम्रो भयो। योजना सामान्य थियो। सुरुमै आक्रामक बनेर खेल्ने थियो। पावर प्ले र अन्तिम पाँच ओभरमा ५० रनमाथि जोड्ने योजना थियो। हाम्रो लो अर्डर निकै राम्रो छ। १० नम्बरसम्म ब्याटिङ गर्न सक्छ। फिनिसिङ पनि राम्रो छ।

आजको खेल

विराटनगर किंग्स दिउँसो ४ बजे चितवन राइनोज

लुम्बिनीलाई दिलीप र सेरले दिलाएको आशा

१ सय ५९ रनको लक्ष्य पछ्याउँदा लुम्बिनीले आवश्यक रनरेटभन्दा माथिको ब्याटिङ गरेको थियो। इनिङ्सको ७.५ ओभरसम्म लुम्बिनीले चार विकेट गुमाएर ५८ रन बनाएको थियो। डार्सी सटले ११ बलमा तीन चौका र एक छक्का प्रहार गरी २२ रन बनाए। कप्तान रोहित र गुल्वदिन नैबले समान ११ रन जोडे। दर्सी ओभरसम्म लुम्बिनीले ६ विकेट गुमाएर ७२ रन बनाएको थियो। बाँकी चार विकेटको साथ लुम्बिनीले लक्ष्य पछ्याउनुपर्ने थियो। अभिषेक गौतम र सेर मल्लले नवौं विकेटका लागि २२ रनको साझेदारी गरेका थिए। यी दुवै ब्याट्समान क्रिजमा रहँदा लुम्बिनीले जितको आशा देखेको थियो। सेरले इनिङ्सको १६औं ओभरमा साहब आलमविरुद्ध लगातार तीन छक्का प्रहार गरी लुम्बिनीको पक्षमा खेल ल्याउने प्रयास गरेका थिए। यस ओभरमा सेरले १९ रन बटुलेका थिए। तर, उनी इनिङ्सको १७.१ ओभरमा रनआउट भए। रनआउट हुनुअघि उनले १८ बलमा २७ रनको योगदान दिए। दिलीपले ३३ बलमा समान एक चौका र छक्का प्रहार गरी २५ रन बनाए। काठमाडौंको बलिङमा मिलिन्द कुमार र गेहार्डले समान दुई विकेट हात पारे। कप्तान करणले ३६ रनमा एक विकेट हात पारे।

म्याच प्रिभ्यु

अपराजित विराटनगरसामु चितवन

गत वर्षको नतिजा

विराटनगर किंग्स १८१/५

चितवन राइनोज १३०/६

विराटनगर ५१ रनले विजयी

दोस्रो एनपिएलको १२औं खेलमा बुधबार विराटनगर किंग्स र चितवन राइनोजबिच खेल हुँदै छ। चालू एनपिएलमा विराटनगर र सुदूरपश्चिम अपराजित टोली हुन्। उत्कृष्ट फर्ममा रहेको विराटनगरको लक्ष्य नै चितवनलाई निराश बनाउँदै अंकतालिकाको शीर्ष स्थानमा पुग्ने हो। अर्कोतिर पहिलो खेलमा कर्णाली याक्समाथि सनसनी जित निकालेको चितवन फेरि एकपटक सनसनी जित निकाल्ने तरखरमा छ।

ब्याटिङ र बलिङमा कमजोर प्रदर्शन हुँदा चितवनले दोस्रो खेल गुमाएको थियो। चितवन अंकतालिकाको चौथो स्थानमा उक्लने योजनाका साथ मैदानमा प्रवेश गर्नेछ। पहिलो खेलमा ४ विकेटले विजयी हुँदा चितवन दोस्रो खेल ६ विकेटले पराजित भयो। प्ले-अफको सम्भावना बलियो बनाएको विराटनगरले भने जनकपुर बोल्ट्ससँगको खेल मात्र संघर्ष गरेको थियो।

विराटनगरले जनकपुरलाई अन्तिम ओभरमा मात्र नौ रनले हराएको थियो। यसबाहेक विराटनगरले पोखरालाई ५३ रन तथा काठमाडौं गोर्खाजविरुद्ध पाँच विकेटको जित निकाल्यो। चितवनको तुलनामा विराटनगर ब्याटिङ र बलिङमा बलियो देखिन्छ। अझ विराटनगरका कप्तान सन्दीप लामिछाने उत्कृष्ट फर्ममा छन्। जनकपुरसँगको खेलमा सन्दीपले घातक बलिङ गरेका थिए।

सन्दीपले अहिलेसम्म सात विकेट लिइसकेका छन्। त्रिविको स्पिनर पिचमा उनी निकै प्रभावशाली बनिरहेका छन्। अघिल्लो खेलमा ११ रन खर्चेर चार विकेट हात पारेका सन्दीपले चितवनविरुद्ध यस्तै प्रदर्शनको आशा गरेका छन्। विराटनगरको बलियो बलिङ आक्रामकविरुद्ध चितवनका रवि बोपारा प्रमुख तगारो खेलाडीका रूपमा रहनेछन्। बोपाराले लगातार दुई खेलमा अर्धशतकीय इनिङ्स खेलेका छन्।

सबाहेक दीपक बोहोरा, कुशल मल्ल तथा मालानले पनि चितवनको ब्याटिङ बलियो बनाएको छ। विराटनगरलाई मुख्य डर भनेको चितवनका पाकिस्तानी फास्ट बलर सोहेल तन्भिर हुन्। तन्भिर आफ्नो क्षमताअनुसार बलिङ गर्न सकिरहेका छैनन्। तर, तन्भिर महत्त्वपूर्ण खेलमा फर्ममा आउन सक्छन्।

अन्तर्राष्ट्रिय क्रिकेटमा उनले यस्तै प्रदर्शनको नमुना प्रस्तुत गरेका थिए। एनपिएलको पहिलो संस्करणमा विराटनगरले चितवनलाई ५१ रनले हराएको थियो। पहिलो ब्याटिङ गरेको विराटनगरले पाँच विकेट गुमाएर १८१ रन बनाएको थियो। चितवनले २० ओभरमा ६ विकेटको नोक्सानीमा १३० रन जोडेको थियो। त्रिवि क्रिकेट रंगशालामा चितवन अघिल्लो हारको बदला लिने योजनाका साथ प्रस्तुत हुन सक्छ। विराटनगर भने चितवनमाथि जित निरन्तरता दिने प्रयासमा हुनेछ।

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
सुदूरपश्चिम	३	३	०	६	१.५३
विराटनगर	३	३	०	६	१.४५
काठमाडौं	४	२	२	४	-०.१७
कर्णाली	३	१	२	२	०.१६
चितवन	२	१	१	२	-०.११
लुम्बिनी	३	१	२	२	-१.३०
जनकपुर	२	०	२	०	-०.६०
पोखरा	२	०	२	०	-१.७७



प्लेयर्स टु वाच


दीपक बोहोरा (चितवन)

एनपिएलमा चितवनका ओपनर दीपकको प्रदर्शन सन्तोषजनक मान्नुपर्छ। उनले दुई खेलमा ५२ रन बनाइसकेका छन्। कर्णाली याक्ससँगको पहिलो खेलमा आक्रामक ब्याटिङ गरी उनले ३६ बलमा ६ चौका र एक छक्काको सहयोगमा ४२ रन जोड्दै चितवनलाई विजयी गराएका थिए। दोस्रो खेलमा उनले आफ्नो फर्मलाई निरन्तरता दिन सकेनन्। तर, विपक्षी बलर कमजोर पाउँदा दीपक ठुलो प्रहार गर्न सक्छन्। खेलको अवस्थाअनुसार बिस्तारै रनरेट बढाउने र पार्टनरसँग साझेदारी गर्नमा उनी विश्वास राख्छन्। चितवनले आफ्नो तेस्रो खेलमा अपराजित विराटनगरविरुद्ध प्रतिस्पर्धा गरिरहँदा दीपकबाट आक्रामक ब्याटिङको आशा गर्न सकिन्छ।



सैफ जैव (चितवन)

इंग्ल्यान्डका जैव ब्याटिङ अलराउन्डर हुन्। कुनै पनि अर्डरमा ब्याटिङ गर्न सक्ने क्षमता भएका जैवले पहिलो खेलमा चितवनलाई जित दिलाउन प्रमुख भूमिका निर्वाह गरेका थिए। उनले कर्णालीविरुद्ध ३८ रन बनाउनुका साथै एक विकेट पनि लिएका थिए। दोस्रो खेलमा अनावश्यक सट खेल्दा उनी १५ रनमा आउट भए। मध्यक्रमका ब्याट्समान जैवले कर्णालीसँगको खेलमा केवल १६ बलमा चार छक्का र दुई चौका प्रहार गरेका थिए। स्ट्रोक खेलाडी जैवले इंग्ल्यान्डको पहिलो श्रेणी तथा लिस्ट 'ए' बाट खेलिसकेका छन्। उनले समग्रमा ९८ टी-२० खेलमा आठ अर्धशतकको सहयोगमा एक हजार ६२५ रन बनाएका छन्।



शुभम रान्जाने (विराटनगर)

विराटनगर किंग्सले युएईका शुभमलाई विदेशी कोटाबाट अनुबन्ध गरेको हो। ब्याटिङ र बलिङमा एकैनासको प्रदर्शन गर्नु नै उनको विशेषता हो। उनी धैर्यतापूर्वक ब्याटिङ गर्छन्। क्रिजमा सेट भएपछि ठुलो प्रहारतर्फ शुभम अग्रसर हुन्छन्। विराटनगरले तीनवटै खेल जित्दा उनले जनकपुर बोल्ट्स तथा पोखरा एभेन्जर्सविरुद्ध अलराउन्डर खेल देखाए। उनले जनकपुरविरुद्ध ३७ रन र एक विकेट हात पारेका थिए। यसैगरी, पोखरासँगको प्रतिस्पर्धामा उनले ३९ रनको योगदान मात्र दिएनन्, दुई विकेटसमेत हात पारेका थिए। बलिङ र ब्याटिङमा उच्च योगदान दिन सक्ने खेलाडी भएका कारण उनले चितवनविरुद्ध यस्तै प्रदर्शनको आशा गर्न सकिन्छ।



प्रतिश जिसी (विराटनगर)

प्रतिश विराटनगर किंग्सका अलराउन्डर खेलाडी हुन्। विराटनगर एनपिएलमा अपराजित रहँदा प्रतिशले पहिलो खेलमा पोखराविरुद्ध दुई महत्त्वपूर्ण विकेट लिएका थिए। उनले २९ रन खर्चेर दुई विकेट हात पारेका थिए। त्यसपछि काठमाडौं र जनकपुरसँगको प्रतिस्पर्धामा बलिङ अवसर पाए पनि उनी विकेटविहीन भए। नेपालको यू-१९ टोली हुँदै राष्ट्रिय टोलीसम्म स्थान बनाइसकेका प्रतिश विराटनगरका एक अनुभवी खेलाडी पनि हुन्। उनले नेपालबाट तीन एकदिवसीय खेलमा दुई विकेट तथा १० टी-२० आईमा आठ विकेट हात पारेका छन्। प्रतिशको बलिङ इकोनोमी एकदिवसीयमा ४.२९ र टी-२० आईमा ८.८ रहेको छ।

आजको तस्बिर



दुई विकेट लिए

काठमाडौं गोर्खाजका दुई खेलाडीको विकेट लिएपछि लुम्बिनी लायन्सका गुल्वदिन नैब। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

शतक र अर्धशतक बनाए लुम्बिनीका खेलाडी पुरस्कृत हुने

फ्रेन्चाइज टोली लुम्बिनी लायन्सका खेलाडीले दोस्रो एनपिएलमा शतक वा अर्धशतक प्रहार गरे बोनसस्वरूप थप नगद पुरस्कार प्राप्त गर्ने भएका छन्। लुम्बिनीले प्रतियोतिगामा शतक प्रहार गर्ने खेलाडीलाई एक लाख तथा अर्धशतक प्रहार गर्नेलाई ५० हजार रुपैयाँ पुरस्कारको घोषणा गरेको छ। छन्। लुम्बिनीका अध्यक्ष ईश्वर जिसीले यस्तो पुरस्कारबाट खेलाडीको सम्मानका साथै हौसला वृद्धि हुने बताएका छन्। नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेलको कप्तानीमा रहेको लुम्बिनीले तीन खेलमा एक जित तथा दुई हारको नतिजा निकालेको छ।

अहिलेसम्म तीन खेलेको लुम्बिनीका कुनै पनि खेलाडीले शतक वा अर्धशतकीय इनिङ्स खेल्न सकेका छैनन्। लुम्बिनीको प्रायोजक सेन्चुरी मसलाको उत्पादक दुगर स्पाइसेस एन्ड फुड प्रडक्ट्स प्रालिले खेलाडीले ५० वा सय रन बनाउन प्रोत्साहनस्वरूप नगद पुरस्कार दिनेछ। नेपाली क्रिकेटको विकासका तथा खेलाडीहरूको मनोबल बढाउनका लागि पुरस्कारको व्यवस्था गर्न लागेको दुगर स्पाइसेसका प्रबन्ध निर्देशक आदित्य दुगडले बताएका छन्।



पहिलो खेलमा चितवन राइनोजमाथि ६ विकेटको जित हासिल गरेको लायन्स दोस्रो खेलमा कर्णाली याक्ससँग ९ विकेटले पराजित भएको थियो। काठमाडौं गोर्खाजसँगको तेस्रो खेलमा लुम्बिनी २२ रनले पराजित भएको थियो।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com